नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २९ अंक ३२३ | २९ पुस २०७८ बिहीबार पौष शुक्लपक्ष एकादशी | नेपाल संवत् ११४२ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, January 13, 2022 | पृष्ठ १२+२ | १० रुपैयाँ

१० दिनमा ९ गुणाले बढ्यो संक्रमण

संक्रमण तीव्र गतिमा फैलिए पनि परीक्षणको दायरा उस्तै,
शुल्क महँगो भएकाले कन्ट्याक्ट ट्रेसिङ गर्न हच्किन्छन् सर्वसाधारण



बुनु थारू र अतुल मिश्र (काठमाडौं)

कोरोना संक्रमण तीव्र गतिमा फैलिइरहे पनि सरकारले परीक्षणको दायरा बढाउन सकेको छैन। पछिल्ला १० दिनमा संक्रमण दर करिब ९ गुणाले वृद्धि भए पनि परीक्षणको संख्या र दायरा भने पुरानै अवस्थामा छ। १९ पुसमा देशभर पीसीआर र एन्टिजेन १२ हजार ४ सय ९८ परीक्षण भएकामा २८ पुसमा १३ हजार ३६ नमुनाको मात्र परीक्षण भएको छ। त्यतिबेला ३२६ संक्रमित थिए भने १० दिनपछि संक्रमितको संख्या ३ हजार ७५ पुगेको छ। यस अवधिमा संक्रमण दर २.६० प्रतिशतबाट बढेर २३.५८ प्रतिशत पुगेको छ।

विज्ञहरूले कोरोनाको नयाँ भेरिएन्टका कारण भित्रभित्रै संक्रमण समुदायस्तरमा फैलिसकेकाले परीक्षण संख्या नबढाउने हो भने संक्रमणले विस्फोटक रूप लिने दाबी गरेका छन्। '१० दिनमा दैनिक देखिने संक्रमण दर र संक्रमितको संख्या करिब तीव्र गतिमा बढे पनि परीक्षण उस्ताउस्तै देखिनु सही होइन,' भाइरोलोजिस्ट एवं प्रदेश २ जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. श्रवणकुमार मिश्र भन्छन्, 'तुरुन्त व्यापक रूपमा परीक्षण नबढाउँदा भित्रभित्रै सल्किरहेको संक्रमण एकैचोटि विस्फोट हुने जोखिम छ, त्यतिखेर परिस्थिति काबुबाहिर जान सक्छ।'

तत्कालै गर्न सकिने एन्टिजेन परीक्षण पनि निकै सुस्त छ। पुस १९ मा २ हजार ७९८ नमुनाको एन्टिजेन परीक्षण गरिएकामा पुस २८ मा ३ हजार ९८५ को मात्र परीक्षण गरिएको छ। यस अवधिमा संक्रमण दर १.२२ प्रतिशतबाट बढेर १५.७ प्रतिशत पुगेको छ।

विज्ञहरूका अनुसार ओमिक्रोनका कारण संक्रमण तीव्र फैलिरहेको र त्यसले तेस्रो लहरको रूप लिइसकेको छ। संक्रमणलाई रोक्न प्रभावकारी रणनीति बनाउन ढिलाइ गर्न नहुने डा. मिश्र बताउँछन्। 'समाजमा यो भाइरस घातक स्तरसम्म फैलिसकेपछि यसलाई रोक्ने प्रयास गर्नुले कुनै फाइदा हुने छैन,' उनले भने।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुकी निर्देशक डा. रुना झासमेत ओमिक्रोनका कारण दिनहुँ संक्रमण तीव्र रूपमा बढी रहेको स्वीकार गर्छिन्। डा. झाले संक्रमण उच्चदरले बढे पनि परीक्षण दायरा नबढ्नु चिन्ताजनक भएको बताइन्। उनका अनुसार पछिल्ला दिनमा गरिएका परीक्षणमा ओमिक्रोनको संक्रमण बढी देखिएको छ। 'दिनहुँ संक्रमणको दर बढे पनि परीक्षण गर्ने कम छन्, यो चिन्ताजनक कुरा हो,' डा. झा भनिन्, 'हामी ओमिक्रोनको वास्तविक अवस्था हेर्न हरेक प्रदेशबाट नमुना मगाएर सिक्वेन्सिङ गर्दै छौं।'

परीक्षणको दायरा साँघुरो हुँदा संक्रमणको यथार्थ तस्बिर बाहिर आउन नसकेको विज्ञहरूको भनाइ छ। उनीहरूका अनुसार प्रदेश २ को अवस्था बढी चिन्ताजनक छ। डा.

> भण्डारमा खोप, केन्द्र सीमित हुँदा सर्वसाधारणको पहुँच बढेन

मिश्रका अनुसार तीन दिनयता प्रदेश २ मा संक्रमण दर ३८ प्रतिशतसम्म देखिएको छ। तर, परीक्षण भने अत्यन्त कम छ। बुधवार प्रदेश २ मा ७८ नमुनाको मात्र परीक्षण गरिएको छ। 'संक्रमण दर यति उच्च हुँदाहुँदै पनि परीक्षणमा बेवास्ता गरिएको छ, यसतर्फ सम्बन्धित निकाय गम्भीर बन्न ढिलाइ गर्नु हुँदैन,' डा. मिश्रले भने।

शुल्कका कारण पनि सर्वसाधारणले परीक्षणका लागि चासो नदेखाएको विज्ञको तर्क छ। हाल सरकारी अस्पतालमा पीसीआर परीक्षणका लागि एक हजार रुपैयाँ शुल्क तोकिएको छ भने निजी अस्पताल एवं स्वास्थ्य संस्थाले दुई हजार रुपैयाँसम्म लिने गरेका छन्। स्वास्थ्य सेवा विभाग इपिडिमियोलजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का पूर्वनिर्देशक डा. बाबुराम मरासिनी कोभिड परीक्षणलाई निःशुल्क बनाउनुको विकल्प नभएको बताउँछन्। 'सरकारी अस्पतालमा समेत दुई पटक गरी जम्मा दुई हजार रुपैयाँ तिर्नु आम व्यक्तिका लागि ठूलो रकम हो,' उनले भने, 'विदेशमा सित्तैमा परीक्षण हुन्छ। परीक्षण किटको मूल्य पनि धेरै घटेको छ। कम्तीमा परल मूल्य लिइए पनि परीक्षण गराउनेको संख्यामा वृद्धि हुन्थ्यो।' खोप सुनिश्चित गर्दै परीक्षण र निगरानी नबढाउने हो भने संक्रमणले विस्फोटक रूप लिने र त्यतिबेला सम्हाल्न नसकिने उनले चेतावनी दिए।

दैनिक परीक्षणलाई ३० हजार पुऱ्याउनुपर्ने बताउँछन् ईडीसीडीका अर्का पूर्वनिर्देशक डा. जीडी ठाकुर। 'परीक्षण कम भए संक्रमण कुनै पनि बेला एक्कासि विस्फोट हुन्छ,' उनले भने, 'सीमा नाकामा पनि सरकारले परीक्षण बढाउन जरुरी छ।'

परीक्षणको दायरा नबढाएको सरकारले खोप कभरेजमा पनि बेवास्ता गरेको छ। सरकारले पुस मसान्तसम्म १८ वर्षका दुई तिहाइ जनसंख्यालाई खोपको पूरा मात्रा दिने लक्ष्य लिएको छ। वाग्मती र गण्डकी प्रदेशले मात्र यो लक्ष्य हासिल गरेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखाको तथ्यांकअनुसार १८ वर्षमाथिका लक्षित जनसंख्यामा सबैभन्दा बढी गण्डकीमा खोप लगाइएको छ। ८३ प्रतिशतले एक डोज लगाएका छन् भने ७९ प्रतिशतले पूर्ण खोप लगाएका छन्। वाग्मतीमा ७८ प्रतिशतले पहिलो र ७५ प्रतिशतले पूर्ण खोप लगाइसकेका छन्। प्रदेश १ मा ७२ प्रतिशतले पहिलो र ५० प्रतिशतले पूर्ण खोप पाएका छन् भने प्रदेश २ मा पहिलो डोज ५२ प्रतिशत र ४२ प्रतिशतले पूर्ण डोज लगाएका छन्। लुम्बिनीमा पहिलो डोज लगाउनेको संख्या ७२ प्रतिशत र पूर्ण खोप लगाउनेको संख्या ५२ प्रतिशत छ। **बाँकी पृष्ठ १३**

सरकारका ६ महिना

देउवाजस्तै सरकार

छोटो र महत्त्वपूर्ण जिम्मेवारीसहित प्रधानमन्त्री भएका देउवा तीन महिना मन्त्रिपरिषद् विस्तार र तीन महिना पार्टी महाधिवेशनमा सीमित भए

कलेन्द्र सेजुवाल (काठमाडौं)

पहिलो पटक २०५२ मा प्रधानमन्त्री हुँदा ५२ सदस्यीय जम्बो मन्त्रिपरिषद् बनाएर आलोचित भएका शेरबहादुर देउवाले २०७४ मा चौथो पटक प्रधानमन्त्री हुँदा आफ्नै रेकर्ड ब्रेक गर्दै ५४ सदस्यीय मन्त्रिपरिषद् बनाए। पाँचौं कार्यकालमा भने उनले समयमै मन्त्रिपरिषद् विस्तार गर्न नसकेकोदेखि सरकारका कामकारबाही गतिशील बनाउन नसकेकोसम्मका आरोप खेपिरहेका छन्। देउवाले आफ्नो पुरानो छवि बदल्ने सुन्दर मौका यसपालि पनि गुमाएका छन्। खासमा यसपालिको सरकार पनि उनै देउवाको जस्तै भएको छ।

देउवाले ६ महिनामा देखिने र सम्झनलायक कुनै काम गर्न नसकेको बताउँछन् राजनीतिक विश्लेषक भाष्कर गौतम। 'पटक-पटक अवसर पाए तर यस पटक कामको समीक्षा गर्ने अवसर नै दिएनन्,' भन्छन्, 'समीक्षा गर्नलाई त कुनै काम गरेको हुनुपर्‍यो, यसबाट उनी चुकेका छन्।' असार २९ मा प्रधानमन्त्री बनेका देउवालाई मन्त्रिपरिषद् विस्तार गर्नै तीन महिना लाग्यो। उनले ८८ दिनपछि असोज २२ मा मन्त्रिपरिषद् विस्तार गरे तर त्यही कारण न्यायपालिकामा विवादको बीउ रोपियो। प्रधानन्यायाधीश चोलेन्द्रशमेशर जबराको सिफारिसमा उनका ज्वाइँ गजेन्द्र हमाललाई मन्त्री बनाएपछि न्यायाधीशदेखि कानुन व्यवसायीसमेत आन्दोलनमा उत्रिए। सरकारमा भाग खोजेको भन्दै जबरा विवादमा तानिनुमा देउवा कारक बने।

'जनतालाई न्याय दिने ठाउँ (सर्वोच्च अदालत) लथालिंग अवस्थामा छ, शक्तिपृथकीकरण भन्दैमा न्यायालयभित्रको विवादमा सरकार चुप लागेर बस्न मिल्दैन,' कांग्रेस नेता शेखर कोइराला भन्छन्, 'सरकार त जसोतसो चलेको छ, कामको के समीक्षा गर्नु र ?' सरकार गठन भएदेखि नै संसद् अवरुद्ध हुनु र त्यसलाई खुलाउन नसक्नुमा सरकारको भूमिकाको कमी रहेको उनको भनाइ छ। संसद् अवरुद्ध हुँदा कानुन निर्माण प्रक्रिया प्रभावित हुनुका साथै जनसरोकारका मुद्दामाथि हुने बहसमा बन्देज लागेको र लोकतन्त्रको गति नै प्रभावित भएको उनको भनाइ छ। देउवाले शनिबार एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेटेका छन् तर संसद् खुल्ने छाँट देखिएको छैन। 'न्यायालयको अस्तव्यस्तता र निरन्तरको संसद् अवरोध निकै संवेदनशील मुद्दा हुन्, यसलाई सुल्झाउन कार्यपालिका प्रमुखको भूमिका रहन्छ,' कोइरालाले भने। **बाँकी पृष्ठ १२**

कहाँ चुक्यो सरकार ?

- खोप अभियान सुस्त, महामारी नियन्त्रणमा उदासीन
- संसद् ठप्प, न्यायालय लथालिंग, स्थानीय तहको निर्वाचन समयमै हुनेमा शंका
- प्रतिपक्षसँगको सम्बन्ध चिसो, सत्तापक्षको नीति-कार्यक्रम अलपत्र
- उत्तर र दक्षिणको सम्बन्धमा कुनै 'ब्रेक थ्रु' भएन, एमसीसीमा अनिर्णीत
- सचिवालयसमेत बनाउन सकेनन्

प्रिन्स दाहाल विश्व नम्बर एक

ओलम्पिक मान्यता प्राप्त खेलमा नेपाली खेलाडी पहिलोपल्ट विश्व वरीयताको शीर्ष स्थानमा

कुशल तिमल्सिना (काठमाडौं)

नेपाली ब्याडमिन्टन स्टार प्रिन्स दाहालले जुनियर विश्व ब्याडमिन्टन वरीयताको शीर्ष स्थानमा पुग्दै इतिहास रचेका छन्। विश्व ब्याडमिन्टन फेडेरेसनले जारी गर्ने वार्षिक वरीयतामा सिंगल्सतर्फ उनी पहिलो नम्बरमा परेका हुन्। ओलम्पिक मान्यता प्राप्त खेलमा नेपाली खेलाडी विश्व वरीयताको शीर्ष स्थानमा पुगेको यो पहिलो हो।

ब्याडमिन्टन संघका अध्यक्ष पूर्वराष्ट्रिय च्याम्पियन रामजीबहादुर श्रेष्ठले प्रिन्सको यो सफलताले नेपालीलाई गौरवान्वित बनाएको बताए। 'ब्याडमिन्टनमा मात्र होइन, यस्तो सफलता अहिलेसम्म कुनै नेपाली खेलाडीले पाएकै थिएनन्, यो हामी सबैका लागि गर्वको क्षण हो,' उनले भने, 'चीन, इन्डोनेसिया, भारत, दक्षिण कोरियाजस्ता ब्याडमिन्टनका महारथी देशका खेलाडीलाई पछि पार्न सक्नु चानेचुने सफलता होइन।'

फाइल तस्बिर

मान्यता प्राप्त प्रतियोगिताहरूको प्रदर्शनका आधारमा फेडेरेसनले हरेक साता जारी गर्ने विश्व वरीयता यसपल्ट एक वर्षपछि सार्वजनिक गरेको हो। कोरोना महामारीका कारण अन्तर्राष्ट्रिय प्रतियोगिता नभएकाले नियमित वरीयता सार्वजनिक गर्न ढिला भएको थियो। अघिल्लो वर्ष प्रिन्स तेस्रो स्थानमा थिए। अगाडिका दुई खेलाडी उमेर हदका कारण वरीयताबाट बाहिरिएपछि उनी शीर्ष स्थानमा पुगेका हुन्। **बाँकी पृष्ठ १२**

नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.
बाग्मती प्रदेश, ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १३, कुसुन्ती

निर्वाचन सहितको नवौं वार्षिक साधारण सभा पूर्ण रूपमा स्थगित गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना !

यस संघद्वारा मिति २०७८/०९/२९ गते तोकिएको संघको **"निर्वाचन सहितको नवौं वार्षिक साधारण सभा"** स्थगित गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना मिति २०७८/०९/२४ गते शनिबार कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा सदस्य संघ/संस्थाहरूलाई अवगत गराउँदै उक्त सूचना प्रकाशित गरेपश्चात् यस संघका सचिव श्री माधव प्रसाद तिमल्सिनाद्वारा मिति २०७८/०९/२६ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा यस संघका अध्यक्षले साधारण सभा सार्ने धम्की दिएको, उपस्थिती पुस्तिका च्यातेको भनी कपोल कल्पित आरोप लगाई मिति २०७८/०९/२४ गते पोखरामा रहेका सञ्चालक श्री सुरेन्द्रमणी पौडेल, नेपालगञ्ज बाँकेमा रहेका सञ्चालक श्री भुपेन्द्र अधिकारीको समेत हस्ताक्षर देखाई बैठक सञ्चालन सम्बन्धी सहकारी ऐन, नियमावली र संघको विनियममा भएको व्यवस्था विपरित किर्ते माइन्युट तयार गरी पूर्व निर्धारित मिति २०७८/०९/२९ गतेकै दिन संघको निर्वाचन सहितको नवौं वार्षिक साधारण सभा सम्पन्न गर्ने निर्णय गरेको सम्बन्धी सूचना प्रकाशित गरी पुनः त्यसको भोलि पल्ट मिति २०७८/०९/२७ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा **'संघको निर्वाचन सहितको नवौं वार्षिक साधारण सभाको स्थान ललितपुर जिल्लाको पुल्चोकमा रहेको राष्ट्रिय सहकारी विकास बोर्डको सभाहलमा हुने'** भनी सूचना प्रकाशित गरेको र मिति २०७८/०९/२७ गते संघको कर्मचारी व्यवस्थापनमा असर पर्ने गरी 'साधारण सभाको कार्य सम्पादन गर्ने तथा जिम्मेवारी बाँडफाड सहितको उपस्थिति सम्बन्धमा' अनधिकृत पत्र तयार गरेको, यस संघको नाममा अनधिकृत किर्ते फेसबुक पेज सञ्चालन गरी उक्त पेज मार्फत सदस्य संघ/संस्थाहरूलाई नक्कली ईमेल **nemcccu@gmail.com** मा प्रतिनिधीको विवरण पठाउनको लागि सूचना जारी गरेको जस्ता साइबर अपराध अन्तर्गतको आपराधिक कार्य गरी भ्रामक सूचना सम्प्रेशन गर्ने गरेको पाइएको हुँदा, उक्त अनधिकृत पेजबाट पोस्ट गरिएका कुनै पनि सूचना आधिकारिक नहुने भएकोले सम्पूर्ण सदस्य संघ/संस्थालाई भ्रममा नपर्न अनुरोध गर्दछौं।

हाल देशमा कोभिड-१९ को नयाँ ओमिक्रोन भेरियान्टको संक्रमणको जोखिम बिरुद्ध कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएम्सीसी) ले गरेको निर्णयहरू मिति २०७८/०९/२५ गते गृह मन्त्रालयलाई सिफारिस गरेको र उक्त सिफारिस पश्चात् गृह मन्त्रालयको मिति २०७८/०९/२६ गते जारी गरेको सूचना र मिति २०७८/०९/२७ गते काठमाडौं, ललितपुर र भक्तपुरको प्रमुख जिल्ला अधिकारीहरूले जारी गरेको सूचना बमोजिम, सार्वजनिक स्थलहरूमा २५ जनाभन्दा बढी मानिसहरूको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला तथा महोत्सवहरू एवं सामाजिक लगायतका कार्यहरू नगर्नको लागि सूचना जारी गरेको हुँदा, सहज परिस्थिति पश्चात् संघको **'निर्वाचन सहितको नवौं वार्षिक साधारण सभा'**को मिति तय गरी सम्पूर्ण सदस्य संघ/संस्थाहरूलाई सूचना गरिने व्यहोरा जानकारी गराउने सम्बन्धी सूचना **मिति २०७८/०९/२८ गते बुधबार कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकाको तेश्रो पृष्ठ**मा प्रकाशित गरिएको व्यहोरा अवगत गराउँदछौं।

उक्त अवैधानिक साधारण सभा रोकी पाऊँ भनी मिति २०७८/०९/२७ गते ललितपुर जिल्ला अदालतमा संघको तर्फबाट रिट दर्ता गरिएकोमा सम्मानित अदालतबाट मिति २०७८/०९/२९ गते राष्ट्रिय सहकारी विकास बोर्डको सभाहलमा हुने भनिएको साधारण सभा नगर्न नगराउन संघको **उपाध्यक्ष श्री नारायणभक्त श्रेष्ठ, सचिव श्री माधव प्रसाद तिमल्सिना, सदस्य श्री तुलसी प्रसाद सापकोटा, सदस्य श्री पार्वती थापा, सदस्य श्री मनोजकुमार थापा, सदस्य श्री बलराम खनाल** आदि सञ्चालकहरूको नाममा अन्तरिम आदेश जारी भएपश्चात् सहकारी विभागबाट उक्त सञ्चालकहरूलाई सम्मानित अदालतको निर्णय कार्यान्वयन गर्नको लागि मिति २०७८/०९/२८ च.नं. ६६० को पत्र मार्फत जानकारी समेत गराइएको व्यहोरा सम्पूर्ण सदस्य संघ/संस्थाहरूलाई जानकारी गराउँदछौं। अदालतमा विचाराधीन मुद्दाको अन्तिम किनारा नलागेसम्म संघको नवौं वार्षिक साधारण सभा पूर्ण रूपमा स्थगित गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं।

मितिः २०७८/०९/२९ गते, बिहीबार

सुरेन्द्र भण्डारी
अध्यक्ष
सञ्चालक समिति

यस संघको आधिकारिक पेजको लिङ्क यस QR Code स्क्यान गरी सोझै हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

Nepal Multipurpose central Co-operative union limited.
nemccu@gmail.com
www.nemccu.com.np

महाधिवेशन सकिए, नागरिकका मुद्दामा बहस कहिले ?

संविधान जारी भएको ६ वर्षपछि एकैपटक चार दलले महाधिवेशन आयोजना गरे, तर संविधानले मौलिक हकका रूपमा प्रत्याभूत गरेका शिक्षा, स्वास्थ्य, खाद्यान्न, रोजगारीलगायतका नागरिक अधिकार तथा अर्थतन्त्रको मेरुदण्ड कृषि, वैदेशिक रोजगार, पर्यटन र पूर्वाधार विकासका विषयमा कुनै पनि दलले छलफल गरेनन्

जयसिंह महरा (काठमाडौं)

प्रमुख दलहरूले मंसिर र पुसमा आआफ्नो महाधिवेशन गर्दै पाँच वर्षका लागि नेतृत्व र राजनीतिक कार्यदिशा तय गर्दा सर्वसाधारणका दैनिक जीवनसँग गाँसिएका जल्दाबल्दा मुद्दालाई भने बेवास्ता गरेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संघर्ष गरेका दलहरूले आफैंले लेखेको संविधानको मौलिक हकका रूपमा रहेका नागरिक अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषयलाई छलफलको एजेन्डा नै बनाएनन् ।

एमालेले मंसिर दोस्रो साता, कांग्रेसले अन्तिम साता र माओवादी केन्द्रले पुस दोस्रो साता महाधिवेशन गरेका थिए । फरक राजनीतिक एजेन्डा बोकेको राप्रपाको पनि यही बीचमा महाधिवेशन भयो । असोजमा छुट्टै विधान महाधिवेशन गरिसकेको एमाले र पछि विधान महाधिवेशन गर्ने भन्दै कांग्रेसले राष्ट्रिय महाधिवेशनलाई नेतृत्व चयनमा सीमित गराए । अन्य दलले पनि महाधिवेशनमा जनताका आधारभूत मुद्दामा प्रस्ट नीति तय गर्न सकेनन् । महाधिवेशनका उम्मेदवारहरूले पनि जनजीविकाका विषयलाई प्रतिबद्धताका रूपमा अघि सारेनन् ।

शिक्षा, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास, महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, सामाजिक न्याय, सामाजिक सुरक्षा, उपभोक्ता, छुवाछूत तथा भेदभावविरुद्ध, न्यायसम्बन्धी, धार्मिक स्वतन्त्रता, सूचना, शोषणविरुद्ध, स्वच्छ वातावरणलगायत विषयलाई संविधानले मौलिक हकमा सुरक्षित गरेको छ । तर कार्यान्वयन प्रभावकारी नहुँदा यी अधिकारबाट आम नागरिक वञ्चित छन् । यसप्रति मुख्य दलहरूकै चासो नरहेको महाधिवेशनहरूले थप प्रस्टयाएका छन् ।

विश्लेषकहरू पनि राजनीतिक दलहरूको महाधिवेशन जनताका आवश्यकताका विषयभन्दा पार्टीमा नेतृत्व हत्याउने, सत्तामा पुग्ने र विचारका नाममा 'ठूल्ठुला' विषयमाथि बहस गर्नेमा मात्र केन्द्रित भएको बताउँछन् । 'कांग्रेसको महाधिवेशनमा नीतिगत कुरा भएन । एमालेको विधान महाधिवेशनले विधानको कुरा मात्रै गऱ्यो, शासन व्यवस्थाबारे खासै चर्चा भएन । माओवादीको महाधिवेशनमा सामान्य चर्चा भयो,' संघीयतासम्बन्धी विज्ञ तथा राष्ट्रिय सभाका सांसद खिमलाल देवकोटाले भने ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्षसमेत रहेका कांग्रेस केन्द्रीय सदस्य गोविन्द पोखरेल महाधिवेशनमा विचारको बहस र नीतिअनुसार नेतृत्व तय नहुनु निराशाजनक भएको बताउँछन् । 'पार्टीभित्र पनि विभिन्न तह र तप्कामा उम्मेदवार हुँदै गर्दा कसैको प्रतिबद्धता आएन,' उनले भने, 'नेतृत्व लिन तम्सिने व्यक्तिले कोरा राजनीति गर्ने र ताली बजाउने मात्रै होइन, केही भिजन दिन सक्नुपर्छ ।' संविधानले समाजवादको खाका कोरिदिएको उल्लेख गर्दै उनले त्यो प्राप्तिका लागि साधन, प्रक्रिया र योजना प्रस्तुत नगरी जनता वा कार्यकर्तामा मत माग्नु कोरा राजनीति मात्रै हुने बताए ।

लेखक युग पाठक पनि राजनीतिक दलका महाधिवेशनमा मुलुकको शिक्षा, स्वास्थ्य नीति कस्तो हुने, रोजगारीको हक कसरी सुनिश्चित गर्ने, संविधानमा व्यवस्था गरिएको राज्यको उत्तरदायित्व कसरी सम्पन्न गर्ने भन्नेमा बहस हुन नसकेको बताउँछन् । 'दलहरूमा ठ्याक्कै जनजीविका र हाम्रो व्यवस्था वा संविधानमा भएका कुरामा खासै बहस भएको थाहा पाइएन । दस्तावेजमा कहींकहीं उल्लेख छ । जस्तो गगन (थापा) र विश्वप्रकाश (शर्मा) को डकुमेन्टमा संविधान ठीक छ र बाँकी मिलाउँदै जानुपर्छ भन्ने छ । सामाजिक न्यायका सन्दर्भमा द्रुत न्यायको कुरा उठाउन खोजेको देखिन्छ तर ती डकुमेन्ट छलफलमा नै आएनन्,' उनले भने, 'माओवादीको डकुमेन्टमा मोटामोटा कुरा धेरै छन् । त्यसले जनजीविकाको सवालमा कसरी काम गर्न सकिन्छ भन्ने बताउँदैन ।' महाधिवेशनमा पार्टी किन कमजोर भयो र कसरी बलियो भई राज्य सत्तामा जाने भन्नेमा चर्चा केन्द्रित भएको तर कस्ता कुरा उठाएर त्यो उपलब्धि हासिल गर्ने र त्यहाँ पुगेपछि के गर्ने भन्ने कुरामा छलफल हुन नसकेको उनको भनाइ छ ।

महाधिवेशनमा प्रस्तुत पार्टी दस्तावेजमा अधिकांश हिस्सा विगतको समीक्षाले ओगटेको छ । २००७ सालयता के भए भन्नेमा कांग्रेस नेताहरूले संघर्षका गाथा कोरेका छन् भने कम्युनिस्ट पार्टीका नेताले लेखेका दस्तावेजमा मार्क्स, लेनिन र माओका पालादेखिका कम्युनिस्ट आन्दोलनबारे व्याख्या छन् ।

एमाले : दीर्घकालीन योजना छैन

एमालेले असोज १५-१७ मा ललितपुरको गोदावरीमा विधान महाधिवेशन गरेर राजनीतिक कार्यदिशा र विधानलाई अन्तिम रूप दिएको थियो । नेतृत्व र विचार निर्माणका लागि अलग-अलग महाधिवेशन गर्ने भनेर एमालेले विधान महाधिवेशन गरेको थियो । पार्टी विभाजनको धडधडी रहेकै बेला गरिएको विधान महाधिवेशनमा एमालेको मूल नारा 'समृद्ध नेपाल, सुखी नेपाली' सँग मेल खाने ठोस कार्यक्रमसमेत आएनन् ।

देशभरिबाट ६ हजार नेता-कार्यकर्ता भेला गरी शक्तिप्रदर्शन गरेको विधान महाधिवेशनमा प्रस्तुत दस्तावेजमा अध्यक्ष केपी शर्मा ओलीले सत्तामा ३ वर्ष रहँदा गरेका कामको फेहरिस्त र केही महिना पहिलेसम्म सहकार्य गरेका नेताहरू पुष्पकमल दाहाल र माधवकुमार नेपालप्रति आक्रोश छ । विधान महाधिवेशनले पारित गरेको ओलीको राजनीतिक प्रतिवेदनमा समृद्धिबारे एक अनुच्छेद उल्लेख छ । 'हाम्रो कामको केन्द्रबिन्दु सामाजिक-आर्थिक रूपान्तरण र समृद्धि नै हो । जनवादी व्यवस्था सुदृढ गर्ने, राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र समाजवादको आधार निर्माण गर्नेजस्ता विषय अमूर्त, बुद्धिविलास र मार्क्सवादका शास्त्रीय रचनाहरूको पुनरोक्ति या उद्धरणका विषय होइनन्,' प्रतिवेदनमा भनिएको छ, 'हामीले प्रतिवर्ष कति नागरिकलाई गरिबीबाट माथि उठाउन सक्यौं, शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत सुविधामा जनताको पहुँचलाई कति विस्तार गर्न सक्यौं, कति नागरिकलाई रोजगारी-स्वरोजगारीमा जोड्न र उनीहरूको आर्थिक क्षमतालाई सुदृढ गर्न सक्यौं र मुलुकलाई परनिर्भरताबाट मुक्त गर्न सक्यौं भन्ने कुरा नै मार्क्स र समाजवादप्रतिको निष्ठा र बुझाइलाई प्रमाणित गर्ने विषय हुन् ।' पार्टीको आगामी नीति के हुने भन्नेबारेमा विधान महाधिवेशनमा कार्यकर्ताबीच सघन छलफल भएन । बरु आगामी निर्वाचनलाई केन्द्रित गरी नारा तय गरियो । अधिकांश स्थानीय तहमा रहेका नेता प्रतिनिधि बनेका, पार्टीबाट निर्वाचित सबैजसो प्रदेशसभा सदस्य आएको विधान महाधिवेशनमा जनताको काम सहज बनाउनेबारे नीति नै बनेन । ओलीले विधान महाधिवेशनमा सरकार, संसद्देखि अदालतसम्म काम नलाग्ने भएको निष्कर्ष सुनाएका थिए । जनता अहिलेजस्तो अवस्थामा छन्, विकासका जेजस्ता सूचकांक तयार भएका छन् र जेजस्ता पूर्वाधार निर्माणका काम भएका छन् ती सबै आफ्नो नेतृत्वको सरकारले मात्रै गरेको दावी गरेका ओलीले गाउँबाट आएका नेतालाई बोल्ने अवसर भने दिएनन् ।

ओलीले प्रतिवेदनमा एमालेको आगामी कार्यदिशा रूपमा 'राष्ट्रिय पुँजी निर्माण, प्रगतिशील उत्पादक शक्तिको विकास, स्वतन्त्र र आत्मनिर्भर अर्थतन्त्रको स्थापना, जनताको बहुदलीय जनवादको कार्यान्वयन तथा समाजवादका आधार निर्माणको कार्यदिशा, संसारभरका श्रमजीवी तथा शान्तिप्रेमी जनताको आन्दोलनप्रतिको ऐक्यबद्धता एवं विश्व मानवतावादको पक्षधरता, दक्षिणपन्थी र उग्रवामपन्थी आवरणमा देखा पर्ने अवसरवादविरुद्धको सतत् वैचारिक संघर्ष, अनुभवको निरन्तर विश्लेषण र संश्लेषणका माध्यमबाट नेपाली क्रान्तिका सिद्धान्तको विकास प्रयोग गर्दै अघि बढ्ने' उल्लेख गरे । उनले समृद्धि र सुशासनका लागि सरकारी ढड्डामा देखिने अंक नभई त्यसको भुइँमा कार्यान्वयन कत्तिको भयो भन्ने मूल कुरा रहेको उल्लेख गरेका थिए । उनको राजनीतिक कार्यदिशामा सर्वसाधारणका आधारभूत आवश्यकता (शिक्षा, स्वास्थ्य, रोजगारजस्ता) बारे कार्यक्रम आएनन् ।

विधान महाधिवेशनमा नेता घनश्याम भुसालले फरक मत राख्दै आफ्नो प्रतिवेदनमा राष्ट्रिय पुँजी कसरी निर्माण गर्नेदेखि स्वास्थ्य, शिक्षा, रोजगारीलगायतका विषयमा पार्टीको धारणा के हुने भन्ने उल्लेख गरेका थिए । 'अर्थतन्त्रमा कृषिको योगदान घट्नु तर उद्योगको योगदान नबढ्नु, निर्यात घट्दै जानु र आयात बढ्दै जानु अर्थात् व्यापार घाटा बढ्नु, रोजगारी नबढ्नु, बरु वैदेशिक रोजगारीका लागि युवा श्रमको पलायन भइरहनुजस्ता प्रवृत्तिले हाम्रो अर्थतन्त्रमा अनुत्पादक वा दलाल पुँजीको वर्चस्व रहेको कुरा स्पष्ट पार्छन्,' उनले फरक मतमा लेखेका थिए, 'कृषिमा आधारित जनसंख्यालाई उपयुक्त रोजगारी उपलब्ध गराउँदा कृषिको आधुनिकीकरण भइसक्नेछ । त्यसको अर्थ हो- कृषि उत्पादन बढ्नेछ र सबै नेपालीलाई पर्याप्त, पोषणयुक्त र गुणस्तरीय खाद्यको ग्यारेन्टी हुनेछ । साथै, कृषिमा आधारित उद्योगहरू ठूलो संख्यामा खुल्नेछन् । त्यसका लागि हामीलाई पर्याप्त ऊर्जा आवश्यक हुनेछ र हामी त्यसको उत्पादन गर्नेछौं । सँगसँगै पर्यटन र सेवाका अरू क्षेत्र विकसित हुनेछन् । त्यस्तो आर्थिक उत्पादनका लागि आवश्यक यातायात र अन्य पूर्वाधार तयार गरिनेछन् ।'

भुसालको प्रतिवेदनमा छ, 'सबै नेपालीलाई न्यूनतम गुणस्तरीय शिक्षा हुनेछ अर्थात् निजी र सार्वजनिक शिक्षाको विभेद अन्त्य गरिनेछ । सबै नेपालीलाई जीवनोपयोगी ज्ञान र सीप उपलब्ध गराउने लक्ष्यअनुरूप शिक्षाको विकास गरिनेछ । निजी शिक्षालाई प्रतिबन्ध गरिने छैन तर राज्यले गुणस्तरीय सार्वजनिक शिक्षाको जिम्मा लिनेछ ।' एमालेले मंसिर १० बाट चितवनमा दसौं महाधिवेशन गरेको थियो ।

एमाले उपमहासचिव तथा गण्डकीका पूर्व मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पार्टीलाई संविधानको व्यवस्थाअनुकूल संघीय प्रणालीमा लानु विधान महाधिवेशनको उपलब्धि भएको दावी गरे । 'हामीले राज्य संघीयताअनुसारको ढाँचामा जानुपर्छ भनेर समावेशिताको प्रबन्ध गऱ्यौं । दलित, जनजाति, महिलालगायतका संवैधानिक संरचना बनायौं,' उनले भने, 'पार्टीमा समाजको प्रतिविम्ब स्थापित गऱ्यौं ।' गुरुङले पार्टीले विसं. २१०० सम्म मुलुक कस्तो बनाउने भन्ने योजना अगाडि सारिएको दावी गरे । 'समाजवादको आधार तयार गर्छौं भनेर लागेका छौं । सांस्कृतिक, राजनीतिक, कृषि, आर्थिक क्षेत्रमा परिवर्तन नगरी समाजवाद स्थापना हुन्न भनेका छौं । अहिलेको शिक्षा, स्वास्थ्य, विकास निर्माण, विदेश नीति यो हो भनेका छौं र त्यसका लागि हामीलाई एकल सरकार चाहियो भनेका छौं । एकल सरकार आयो भने कसैले डिस्टर्ब गर्न पाउँदैन,' उनले भने ।

कांग्रेस : जनताका मुद्दा प्रवेश नै भएन

कांग्रेसको महाधिवेशन मंसिर २४ बाट काठमाडौंको भृकुटीमण्डपमा भएको थियो । विधान महाधिवेशन छुट्टै गर्ने भनिएकाले उक्त महाधिवेशन नेतृत्व चयनमा केन्द्रित भयो । देशभरिबाट सहभागी कार्यकर्तालाई कहाँ के आवश्यक छ भनेर सोधिएन । प्रधानमन्त्रीसमेत रहेका सभापति शेरबहादुर देउवाले नेतृत्वमा दोहोरिन उम्मेदवार बन्दै गर्दा लिखित प्रतिबद्धता पनि जनाउन आवश्यक ठानेनन् । उनले महाधिवेशनमा राजनीतिक प्रतिवेदन पनि प्रस्तुत गरेनन् ।

सभापतिका उम्मेदवार शेखर कोइरालाले भने 'एक पटक, यसै पटक' भन्दै अवधारणापत्र सार्वजनिक गरेका थिए । उक्त अवधारणापत्र कांग्रेसमा कसरी विधि स्थापना गर्ने भन्नेमै केन्द्रित थियो । 'नेपालको सुखद भविष्य युवा नेपालीको पौरख र मिहिनेतबाट मात्र सम्भव छ । त्यस्तै कांग्रेस पार्टीको भविष्य पनि युवाको लोकतन्त्रप्रतिको निष्ठा र देश विकासप्रतिको समर्पण भाववाट मात्र सम्भव छ भन्ने विश्वासका साथ युवालाई रोजगारी र सम्मानजनक अवस्था देशभित्रै सिर्जना गर्न कांग्रेसमार्फत पहल गरिनेछ,' उनको अवधारणापत्रमा उल्लेख थियो, 'नेपालको कृषि क्षेत्रमा रहेका लाखौं किसानले प्रत्येक वर्ष बीउबिजन, मलखाद, उत्पादनको न्यूनतम मूल्य, भण्डारण, माटोको परीक्षणलगायत कृषिसँग जोडिएका सबै पक्षलाई कांग्रेस पार्टीले महत्त्वका साथ सरकारसमक्ष आवाज उठाउनेछ । यस कार्यमा कृषि बिमा, पशु बिमा र किसान बिमा कार्यक्रमलाई अगाडि ल्याउन कांग्रेस पार्टीले सशक्त आवाज उठाउनेछ ।' उनको अवधारणापत्रमा 'भ्रष्टाचारजन्य क्रियाकलापमा आरोपित व्यक्तिहरूलाई पार्टीमा निषेध गरिने' उल्लेख थियो । न्याय क्षेत्रमा देखिएको विकृति, संसद्को कमजोर गरिमा र भूमिकाबारे पनि उनले उल्लेख गरेका थिए ।

कांग्रेस महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्माले पनि महाधिवेशनअगाडि अवधारणापत्र सार्वजनिक गरेका थिए । थापाले प्रज्ञा प्रतिष्ठानको हलमा आफ्ना कुरा राख्न भेला आयोजना गरे भने शर्मा झापाको बिर्तामोड र चितवनमा फरक-फरक अवधारणापत्र सार्वजनिक गरेका थिए । उनीहरूका अवधारणामा पार्टीभित्रका नेता-कार्यकर्ताबीच छलफल गर्ने वातावरण भने बनेन । थापाले 'समुन्नत नेपाल, सम्मानित नेपाली' को अवधारणा अगाडि सारेका थापाले २०७८ देखि ०८२ को समयका लागि पार्टीको कार्ययोजना अगाडि सारेका थिए ।

माओवादी : उत्पादनमा जोड तर आधार छैन

माओवादीको महाधिवेशन राजधानीमा पुस ११ देखि भयो । माओवादीले राष्ट्रिय सम्मेलनलाई रातारात महाधिवेशनमा रूपान्तरण गरेको थियो । प्रज्ञा प्रतिष्ठानमा भएको नेता-कार्यकर्ताको भेलामा अध्यक्ष पुष्पकमल दाहालले राजनीतिक दस्तावेज पेस गरेका थिए । प्रतिवेदनमा उनले जलवायु परिवर्तनदेखि विगतमा गरिएका आफ्नै गल्तीलाई लिएर गम्भीर आत्मआलोचनासम्मे समेट्न भ्याए । त्यसमाथि प्रतिनिधिको समूह विभाजन गरेर तीन दिनसम्म छलफल चलाइयो ।

दाहालले प्रतिवेदनमा निर्वाचन प्रणाली, शासकीय स्वरूप, उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको पहिचान र अधिकारसहित संघीयतालाई जनअपेक्षा र इतिहासको आवश्यकताअनुसार संस्थागत गर्न नसकेको स्विकारेका थिए । 'राष्ट्रिय पुँजीको विकास गर्ने, सामाजिक न्याय स्थापना गर्ने, सामन्ती अवशेष र दलाल-नोकरशाही पुँजीवादलाई परास्त गर्ने, वैदेशिक दबाब हस्तक्षेपविरुद्ध राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्ने, संविधानको कार्यान्वयन गर्ने' लगायत विषय उनको प्रतिवेदनमा उल्लेख थियो ।

अध्यक्ष दाहालले कृषि, शिक्षा स्वास्थ्य, भौतिक पूर्वाधार, पर्यावरणलगायत सामाजिक र मानवीय जीवनका सबै पक्षमा विज्ञान प्रविधिको प्रयोगका लागि दक्ष जनशक्ति विकास गर्ने तथा परिचालन गर्ने कामलाई विशेष प्राथमिकता दिनपर्नेमा जोड दिएका थिए । 'राज्यको गलत नीतिका कारण लाखौं युवा रोजगारीका लागि विदेशमा रगत, पसिना बगाउने र जीवन नै गुमाउने अवस्था र रेमिट्यान्सबाट देश चलाउने विडम्बना अन्त्यका निम्ति हामीले उत्पादन र विकास-निर्माणको अभियान चलाएर विदेशमा रहेका ती लाखौं युवाको श्रम र क्षमतालाई स्वदेशमै सदुपयोग गर्ने वातावरण सिर्जना गरिनुपर्छ,' उनको प्रतिवेदनमा उल्लेख थियो, 'यसमा हाम्रो पार्टीले विशेष जोड लगाउनु अनिवार्य छ । देशभित्र र बाहिर रहेको युवा श्रमशक्तिलाई राष्ट्रिय विकासको अभियानमा नजोडेसम्म अपेक्षित परिणाम ल्याउन असम्भव छ ।'

संविधानमा उल्लेख गरिएका शिक्षा, स्वास्थ्यलगायतका मौलिक हकबारे पनि दाहालको प्रतिवेदनमा उल्लेख थियो । 'शिक्षा, स्वास्थ्य र रोजगारी प्राप्तिको अधिकारलाई हाम्रो संविधानले मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । तर, ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । हाम्रो पार्टीले यसमा विशेष पहल लिन जरुरी छ,' प्रतिवेदनमा भनिएको थियो । प्रतिवेदनमा वैज्ञानिक राष्ट्रिय शिक्षा नीतिको विकासमा जोड दिइएको थियो । 'शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणको प्रक्रियालाई नियमन गर्दै र सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउने र प्रोत्साहन गर्ने नीति लिंदै अन्ततः शिक्षालाई सम्पूर्ण रूपले राज्यको दायित्वभित्र पुऱ्याउनुपर्छ । तत्काल पुरानो पाठ्यक्रमको स्थानमा संविधानले निर्देशित गरेअनुसार समाजवाद उन्मुख वैज्ञानिक पाठ्यक्रम विकासमा जोड गर्नुपर्छ,' प्रतिवेदनमा उल्लेख थियो ।

दाहालको उक्त प्रतिवेदनमाथि छलफलका क्रममा प्रतिनिधिहरूले भने पार्टी कसरी बिग्रियो भन्नेमा नै समय खर्चिए । राम कार्की र लेखनाथ न्यौपानेले राखेको पूरक र फरक मतमा पनि प्रतिनिधिले छलफल गरेका थिए ।

राप्रपा : धार्मिक मुद्दा प्रधान

राप्रपाले मंसिर १५-१७ मा राजधानीमै महाधिवेशन गरेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थासग नागरिक असन्तुष्ट बनेकाले राजतन्त्र र हिन्दुराष्ट्र ल्याउने उपयुक्त वातावरण सिर्जना भएको राप्रपा महाधिवेशनको निष्कर्ष थियो । तर उसले महाधिवेशनमा नीति तय गर्नेभन्दा नेतृत्वमा चयनमा जोड दियो । पार्टी नेतृत्व लिन तम्सिंदै गर्दा राजेन्द्र लिङ्देनले आगामी दिनमा मुलुकको गरिबी निवारण, वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता अन्त्य, शिक्षा र स्वास्थ्य क्षेत्रमा भएको बेहालीको अन्त्य कसरी गर्ने भन्ने अवधारणासम्म प्रस्तुत गरेनन् । उनले अहिलेको व्यवस्था पक्षधर राजनीतिक दलहरू बदनाम भएपछि राजतन्त्र फर्किने र त्यसैले सबै समस्या समाधान गर्ने भन्दै आएका छन् । नागरिकका मौलिक हक कार्यान्वयनमा भन्दा पार्टीको मुद्दा जीवित राख्न र स्थापित गर्न राप्रपाबाहिर रहेका समान विचारधारा राख्ने व्यक्ति, समूह, संगठन, पार्टी र धार्मिक संस्थालाई समेट्ने उनको घोषणा छ । 'जबसम्म समान विचारधाराका मानिसलाई जुटाएर लैजान सक्दैनौं तबसम्म राजसंस्था र हिन्दुराष्ट्र पुनःस्थापनाको कुरा होस् कि राप्रपालाई पहिलो पार्टी बनाउने कुरा कोरा कल्पना मात्रै हुन्छ,' उनले भनेका थिए ।

राप्रपाले राजतन्त्र र हिन्दु राष्ट्रलाई मात्रै देश विकास, नागरिकको सुख र समृद्धिको अचूक अस्त्र देखेको छ । निर्वाचन आयोगमा पठाइएको विधानको उद्देश्यमा भने यस्तो लेखिएको छ, 'जनतामा निहित सार्वभौमसत्ता, राजकीय सत्ता, बहुदलीय प्रजातन्त्र तथा प्रचलित संविधानप्रति प्रतिबद्ध रही, उदार, प्रजातान्त्रिक एवं शोषणरहित समाजको स्थापना गर्नु, सबै क्षेत्र, जाति, जनजाति र वर्गको सर्वाङ्गीण र सन्तुलित विकासद्वारा नेपाललाई समुन्नत, सुदृढ र समृद्ध तुल्याउनु, नेपालको राष्ट्रिय हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै प्रजातान्त्रिक संरचनाभित्र राष्ट्रियताका आधारलाई व्यापक तथा सुदृढ तुल्याउनु ।'

'योजनाबद्ध रूपमै छलफल गरेनन्'

खगेन्द्र प्रसाईं

राजनीतिक दलहरूले महाधिवेशनहरूमा संविधानमा उल्लेख गरिएका जनताका मौलिक अधिकार, संविधान कार्यान्वयन, राज्यका संरचना बलियो बनाउने र जनताको दैनिक जीवनका विषयमाथि समयले नभ्याएर वा अन्य कारणले छलफल नगरेका होइनन्, योजनाबद्ध रूपमै ती विषय छलफलमा ल्याइएन । त्यो किन ल्याइएन भन्ने महत्त्वपूर्ण कुरा हो ।

दलहरूले भन्नका लागि जनवादी, समाजवादी भने पनि पुँजीवादलाई आधारभूत सिद्धान्तका रूपमा लिइसकेका छन् । उनीहरूले पुँजीवादलाई भित्रैदेखि सिद्धान्त र व्यवहारमा आत्मसात् गरिसकेका छन् । मौलिक हक प्राप्त गर्ने पुँजीवादी र समाजवादी बाटो हुन्छ । पुँजीवादले व्यक्ति स्वयम् मौलिक हक प्राप्त गर्न जिम्मेवार हुन्छ भन्ने ठान्छ । पुँजीवादीले मेरो स्वास्थ्य, शिक्षा, रोजगारी प्राप्त गर्ने जिम्मेवारी मेरै हो, मैले नै पैसा कमाउनुपर्छ र मेरो परिवार-छोराछोरी पाल्नुपर्छ भन्ने ठान्छ । पुँजीवादी भइसकेपछि त राज्यले यी कुरा गर्नुपर्छ भन्न आवश्यक नै भएन ।

अहिलेको संविधान कार्यान्वयन गर्नु भनेको समाजवादउन्मुख हुनु हो । यो वाम संविधान हो । समाजवादउन्मुख संविधानले मान्छेका जनजीविका, स्वास्थ्य, शिक्षा, रोजगारीमा राज्यको भूमिका हुनुपर्छ भन्ने आशय राखेको छ । यो कार्यान्वयन गर्नुपर्ने भएपछि पो राजनीतिक दलभित्र सिद्धान्त र संविधान कार्यान्वयनको विषय महत्त्वपूर्ण हुन्थ्यो । नेपालका राजनीतिक दलहरूले वाम संविधान कार्यान्वयन गर्छन् भन्ने लाग्छ ? उनीहरूले संविधानमा रहेका सानासाना पुँजीवादका छिद्र समातेर त्यसलाई कार्यान्वयन गरिरहेका छन् । संविधान आएपछिका सबै सरकारले यस्तै गरिरहेका छन् । पुँजीवादी बाटामा हिँडेपछि प्रजातन्त्र पनि चाहिँदैन ।

सिद्धान्तको बहस सकियो भनेर पुँजीवादीहरूले सन् १९९० तिर घोषणा गरेका थिए । इतिहासको अन्त्य भयो भनेको सिद्धान्तको अन्त्य भयो र पुँजीवाद मात्रै संसारमा रहने भयो भन्ने हो । अर्को कुनै वाद हुने छैन भन्ने त प्रस्ट लेखिएको छ । उदाहरणका लागि भारतका भाजपा, कंग्रेस आई जस्ता पार्टीका कन्फेरेन्समा पनि सिद्धान्तको कुरा हुँदैन । उनीहरू पुँजीवादमा गइसकेपछि छलफल गर्न के विषय बाँकी रह्यो र ? अहिलेका राजनीतिक दलहरू किन अलोकतान्त्रिक हुँदै छन्, किन भ्रष्ट हुँदै छन्, किन संविधानको भावनाअनुकूल जाँदैनन् भन्नुको मूल कारण यिनीहरू संसारको पुँजीवाद स्विकारेर त्यसैभित्र आफ्नो अस्तित्व खोज्दै छन् र त्यसको विकल्प खडा गर्ने कुनै प्रयत्न हुँदैन । हरेक राजनीतिक पार्टीले आफ्नो भविष्य अर्को राजनीतिक पार्टीको अन्योलता र कमजोरीमा देख्ने परम्परा छ । आफैं कुनै मुद्दा, सिद्धान्त, कार्यक्रमका आधारमा शक्ति सञ्चिति गरिरहेका छैनन् । त्यसैले तुलनात्मक फाइदाफाइदा प्राप्त गर्नका लागि अर्को दलभित्र अराजकता र अकर्मण्यता सिर्जना गरिन्छ । आफू अल्पमतमा हुँदा बहुमतमा र बहुमतमा हुँदा अल्पमतमा गञ्जागोल सिर्जना गर्ने प्रयास हुन्छ । आफ्नो सिद्धान्त, कार्यक्रम र योजनाको सामर्थ्यमा पार्टी विस्तार गर्ने क्षमता कुनै पनि दलमा छैन ।

जनताका दैनिक जीवनका कुरा हेर्ने दुई दृष्टिकोण हुन्छन्- पुँजीवादी र समाजवादी । यसको साझा दृष्टिकोण छैन र हुन आवश्यक पनि छैन । बहुदलीय प्रतिस्पर्धा भनेको दृष्टिकोणको प्रतिस्पर्धा हो । अहिलेका राजनीतिक दलहरू पुँजीवादी दृष्टिकोणमा स्पष्ट छन् । अहिले राज्यव्यवस्थामा बेथिति छ भन्छौं । त्यो कसका लागि छ त ? तपाईंका लागि छ कि बतासका लागि ? अथवा यति, ओम्नी वा ठूलो व्यापारिक घराना, कसका लागि बेथिति छ ? उनीहरूका लागि त संसारको सबैभन्दा उत्तम व्यवस्था हो । उनीहरूको वर्ग दृष्टिकोणबाट त यो सुशासन हो । उनीहरूले खोजेकै यही हो । नियम, कानुन, कर प्रणाली कडा भयो भने त उनीहरूलाई गाह्रो पर्छ । तपाईंको सुशासन सुरु भए उनीहरूको कुशासन सुरु हुन्छ । अहिलेको सुशासन र कुशासनलाई वर्ग दृष्टिकोणबाट हेर्नुपर्छ । तटस्थ आँखा हुँदैन । कर्मचारी, ठेकेदारले गर्ने भ्रष्टाचारले सर्वसाधारणलाई अप्ठ्यारो पाऱ्यो । पक्की पुल बनेन, धारा बनेन, सडक बनेन, मेलम्ची ३० वर्षसम्म आएन । त्यसको असर सर्वसाधारणलाई पऱ्यो । तर त्यसैमा रमाउने मस्ती गर्ने अर्को वर्ग छ । अहिलेका शासनको नियम-कानुन सबै एकका लागि बेथिति हो अर्काका लागि स्वर्ग हो ।

राजनीतिक दलहरूभित्रको अन्तरविरोधलाई पनि पुँजीवादी भर्सेस समाजवादी दृष्टिकोणबाट हेर्नुपर्छ । एउटा पार्टी पुँजीवादी हुन्छ । त्यसका बहुसंख्यक नेता, कार्यकर्ता र मतदाता पुँजीवादी भइसकेपछि सिद्धान्तको छलफल किन आवश्यक हुन्छ ? तिमी एउटा कुरा ल्याऊ, म अर्को ल्याउँछु र छलफल गरेर नयाँ सिद्धान्त बनाऔं भन्ने नै छैन । पार्टीको सत्तापक्षले पुँजीवाद अंगीकार गरिसकेपछि तिनलाई सपोर्ट गर्ने ठूला पुँजीपतिहरू लोकतन्त्र नै चाहँदैनन् । बहुदलमा ठूल्ठूला निर्णय गर्दा प्रधानमन्त्रीले दलमा छलफल गर्नुपर्छ । पार्टीमा भ्रष्टाचारका ठूल्ठूला घरानाका बेइमानीका प्रश्न उठाउन थाल्नुभयो भने अब के हुन्छ ? त्यो कुरा नै उठाउन दिँदैनन् ती घरानाले । त्यसैले लोकतन्त्रलाई पुँजीवादले आफूअनुकूल उपयोग गर्न खोज्छ । अनि सिद्धान्तमा छलफल नगरी भएको चुनावको के अर्थ हुन्छ ? राज्यको भूमिका जनताका लागि बढी हुनुपर्छ वा कम हुनुपर्छ भनेर पार्टीभित्र मत भिन्नता छ भने शासनमा भिन्नता ल्याउने हो । त्यो छैन भने के अर्थ हुन्छ ? यो व्यवस्था र दलहरूले अपनाएको बाटो पुँजीवादी हो । पुँजीवादीहरूसँग तागत-बल हुन्जेल, पैसा कमाइन्जेल पार्टी, अदालतलगायत संस्थालाई खल्तीमा राखेका हुन्छन् । तत्काल यी पार्टीहरूबाट तत्काल आस गरिहाल्नुपर्ने अवस्था छैन । सबै पुँजीवादीको कब्जामा छन् ।

(सहप्राध्यापक प्रसाईंसँग गरिएको कुराकानीमा आधारित)

वर्गीकृत डिस्प्ले

Career Opportunity
We are Hiring!
1. Manager (Male/ Female)
Salary: 35,000 - 45,000
2. Front Desk Officer (Female)
Salary: 15,000 - 25,000
(Priority is given to the candidate with experience and license holder Freshers are encouraged to apply.)
Contact No: 061-590703
Email: snnetwork44@gmail.com
Jarebar Lakeside, Pokhara

फ्रि होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
वाँयापोतो डण्डीफोर वाउरीपना हटाउन STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटापना घटाउन-बढाउन SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

HOTEL TRAINING AT HOTEL KHUMJUNG
100% Job Guarenteed.
-Cook -Housekeeping
-Waiter -Coffee Making
-Bakery -Laundry
विदेश गई हाल्नु पर्नेको लागि पनि Speical Short कोर्सको व्यव

नेपाल–भारत सम्बन्धमा विश्वासकै संकट

भारतीय रक्षामन्त्री सिंहले 'नेपालसँगको सम्बन्धलाई कुनै हालतमा बिग्रन दिनेछैनौं' भनेर विश्वास दिलाएलगत्तै प्रधानमन्त्री मोदीले नेपाली भूमिमा बनेको सडकको प्रवर्द्धन गरेर नेपाली राष्ट्रियतालाई फेरि झस्काइदिएका छन्

जगदीश्वर पाण्डे (काठमाडौं)

भारतको उत्तराखण्ड राज्यको देहरादूनमा मंसिर २९ मा आयोजित एक कार्यक्रममा मोदी सरकारका वरिष्ठ मन्त्री राजनाथ सिंहले 'चाहे जेसुकै होस्, हामीलाई शिर झुकाएर बस्न किन नपरोस्, नेपालसँगको सम्बन्धलाई कुनै पनि हालतमा टुट्न र बिग्रिन दिने छैनौं' भने। सिंहको भनाइपछि भारतले नेपालसँगको सम्बन्धलाई महत्त्व दिएको र दुई मुलुकबीच सीमालगायत तमाम समस्यालाई समाधान गर्दै अघि बढ्न खोजेको आकलन गरियो।

नेपालको भूभाग समेटेर २०७६ कात्तिकमा भारतले नयाँ नक्सा जारी गरेपछि सिर्जित समस्या समाधानका लागि भारतले अग्रसरता देखाउने संकेतका रूपमा रक्षामन्त्री सिंहको भनाइलाई लिइएको थियो। उनले थप भनेका थिए, 'केही यस्ता शक्ति छन्, जसले भारत र नेपालबीचको सम्बन्धलाई खराब गर्न चाहेका छन् तर म भारत सरकारको प्रतिनिधिका नाताले भन्न चाहन्छु, त्यो कुनै पनि हालतमा हामी हुन दिने छैनौं।'

सिंहले मात्र होइन, अर्का मन्त्री जी किसन रेड्डीले पनि पुस ८ मा नेपाल र भारतको सम्बन्धलाई मजबुत बनाउन भारत तल्लीन रहेको थप प्रस्ट पार्न खोजे। उनले भनेका थिए, 'केही शक्तिले भारत र नेपालबीचको सम्बन्ध तोड्ने प्रयास गरे पनि त्यसमा उसले सफलता प्राप्त गर्न सक्दैन। यो आजभोलिको सम्बन्ध होइन, सीता नेपालको र राम भारतका थिए, गौतम बुद्ध नेपालमा जन्मिए, ज्ञान भारतमा आर्जन गरे। यस्तो सम्बन्धलाई कसैले तोड्न वा त्यसमा ग्याप ल्याउन सफल हुने छैन।'

केही समयदेखि नेपाल र भारतबीच विभिन्न समयमा उच्चस्तरीय भेटवार्ता भएका छन्। संयुक्त राष्ट्रसंघको ७६ औं महासभाको दौरान न्युयोर्कमा नेपालका परराष्ट्रमन्त्री नारायण खड्का र भारतीय विदेशमन्त्री एस. जयशंकरबीच तथा त्यसपछि प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच स्कटल्यान्डको ग्लास्गोमा भएको द्विपक्षीय भेटवार्तालगायत गतिविधिले दुई मुलुकबीचको सम्बन्ध ट्राकमा आउन लागेको र सीमाजस्तो संवेदनशील विषयमा वार्ता गरेर अघि बढ्न सक्ने संकेत दिन खोजेको देखिन्थ्यो।

दुई मुलुकबीच भएका यी तमाम सद्भावपूर्ण गृहकार्य तथा आफ्नै सरकारका मन्त्रीहरू सिंह र रेड्डीले दिएको वचनविपरीत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पुस १५ मा उत्तराखण्डमै पुगेर नेपाली भूभागमा भारतले निर्माण गरिरहेको सडक (जसलाई नेपालले दुई वर्षअघि नै कूटनीतिक नोट पठाएर रोक्न भनेको थियो तर भारतले जवाफ दिनसमेत आवश्यक ठानेको छैन) लाई सबै मौसममा चल्ने गरी बनाइने प्रस्ट पारे। मोदीले भारतको धार्चुलाबाट नेपालको दार्चुला जिल्लाको कालापानी हुँदै चीनसँगको सीमाक्षेत्र लिपुलेकसम्म पुग्ने गरी उक्त सडक निर्माण भइरहेको बताए। उनको उक्त अभिव्यक्ति आएसँगै भारतले नेपालसँग सुमधुर सम्बन्धलाई अघि बढाउन नचाहेको देखियो।

नेपाली भूभागमा निर्माणाधीन सडकलाई निरन्तरता दिइरहेको मोदीको भनाइले भारत बोलीमा एउटा र व्यवहारमा अर्को काम गरिरहेको प्रस्ट हुन्छ। भारतले नेपालको १९ किलोमिटर लामो क्षेत्रमा सडक निर्माण गरेको छ। नेपालका लागि सबैभन्दा संवेदनशील विषयमा नेपालकै सीमा क्षेत्रमा आएर मोदीले यस्तो अभिव्यक्ति दिएपछि भारत सीमा समाधान गर्न गम्भीर नभएको देखिन्छ। यसले मोदी सरकारले भन्दै आएको 'छिमेकी प्रथम नीति' लाई फेरि गलत साबित गरिदिएको छ।

कूटनीतिज्ञ दिनेश भट्टराई भारतको परराष्ट्र नीतिको 'कोहेरेन्स' कताकता नमिलेजस्तो देखिएको बताए। 'राजनाथ सिंहले जेसुकै भने पनि फाइनल बोली त प्रधानमन्त्री मोदीकै हो तर उनको बोली विश्वास गर्न पनि गाह्रो छ,' भट्टराईले भने, 'किनकि सन् २०१४



टिप्पणी

मा जब मोदी नेपाल आउनुभयो, त्यसबेला भारतका बारेमा धेरै गलत सूचना थिए। ती सबै कुरालाई मोदीले प्रस्ट पार्नुभयो। नेपालमा मोदीले सबैको मन जितेर जानुभयो तर केही समयपछि नेपालमा संविधान जारी भएसँगै भारतीय पक्षबाट नराम्रो घटना (नाकाबन्दी) भयो।' भट्टराईले भारतले छिमेकी प्रथम नीतिमा छिमेकीको सम्बन्धलाई सुमधुर राख्नुपर्नेमा त्यो नभएको प्रस्ट पारे।

भट्टराई नेपाल र भारतबीचको समस्या समाधान गर्न भारतले पहल गर्नुपर्ने बताउँछन्। सन् २०१४ मा भारतकै पहलमा भारत र बंगलादेशबीच लामो समयदेखि चल्दै आएको सीमा विवादको समाधान भएको थियो। 'ती तमाम समस्यालाई समाधान गर्न भारतले नेतृत्व लिनुपर्छ, ठूलो राष्ट्र भएकाले भारतले नै पहल गर्नुपर्ने हो, भारतले पहल गर्दा नेपाल वार्ताका लागि सधैं तयार भएर बसिरहेको छ,' उनले भने, 'भारत र नेपालबीच धेरै समस्या छन्। ठूलो दिल, ठूलो राष्ट्र, विश्वगुरु हुन आँटेको राष्ट्रले छिमेकीसँग अलिकति सद्भावपूर्ण व्यवहार गर्दा राम्रो हुन्छ।'

२०७६ सालको चैतमा भारतले उक्त क्षेत्रमा सार्वजनिक रूपमै सडक निर्माण गरिरहेको जानकारी दिएको थियो। त्यसयता नेपालले भारतलाई त्यही विषयमा पटक-पटक कूटनीतिक नोट पठाइरहेको छ। वार्ताका लागि भारतलाई आग्रह गरेको छ तर भारतले कुनै पहल गरेको देखिन्न। पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ नेपाल र नेपाली जनता कहिल्यै पनि भारत र भारतीय जनताविरोधी हुन नसक्ने मान्छन्। 'त्यो सम्भव नै छैन तर भारतले जति हदसम्म नेपालको सार्वभौमिकता, भौगालिक अखण्डतामाथि अतिक्रमण गरेको छ, त्यसले हाम्रो हितलाई कुण्ठित गरेको छ। हामी चाहन्छौं- नेपाल र भारतको सम्बन्ध राम्रो होस्,' श्रेष्ठले भने, 'हाम्रो छिमेकीले नेपाललाई हेप्ने काम बन्द गरेर र अतिक्रमित भूभाग फर्काएर सम्बन्ध राम्रो बनाउन भूमिका खेले हुन्थ्यो।'

सीमा विषयलाई लिएर भारतले वार्ता गर्न नमानेपछि नेपालले पनि आफ्नो भूभाग लिम्पियाधुरासहित समेटेर २०७७ जेठ ७ मा नयाँ नक्सा जारी गरेको थियो। भारतले भने नेपालको नयाँ नक्सा स्वीकार गर्ने भन्यो। त्यसपछि भारतीय खुफिया एजेन्सी रअका प्रमुख सामन्त गोयल २०७७ कात्तिक ५ मा नेपाल आएर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्ता गरे। त्यसपछि दुई मुलुकका विभिन्न संयन्त्र र तहका पदाधिकारीबीचमा भेटवार्ता भयो तर बलियो रूपमा नेपालले सीमाको विषय राख्न सकेन। शेरबहादुर देउवाको नेतृत्वमा असार २९ मा गठित गठबन्धन सरकार पनि लियो रूपमा प्रस्तुत हुन सकेको छैन।

अर्का पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डे अहिले नेपालको कूटनीति निष्क्रिय देखिएको टिप्पणी गर्छन्। 'भारतका रक्षामन्त्रीले नेपालको चित्त दुखाउँदिनँ भनेर सार्वजनिक बयान दिए, नेपाल सरकारले सुन्यो? सुनेको भए त्यसलाई आधिकारिकता दिन नेपालले भारतसँग के कस्तो कूटनीतिक पहल गऱ्यो?' उनले भने, 'भारत र नेपालबीचको सीमा विवादबारे संवादहीनताको अवस्था छ। तोकिएका अधिकारीहरूबीचको संयन्त्रलाई सुल्झाएर सक्रिय तुल्याउन नेपालले के पहल गऱ्यो? यी प्रश्न नाजवाफ छन्।'

नेपाल र भारतबीच सीमा विवाद भएका मुख्य स्थान कालापानी र सुस्ता क्षेत्रलाई कूटनीतिक वार्तामार्फत टुंगो लगाउने भन्दै सन् २०१४ मा परराष्ट्र सचिवस्तरीय संयन्त्रलाई जिम्मेवारी दिइएको थियो तर उक्त संयन्त्रको बैठक बस्नै सकेको छैन। परराष्ट्र मन्त्रालयका एक अधिकारीका अनुसार नेपालले भारतलाई पटक-पटक आग्रह गरे पनि हालसम्म उक्त संयन्त्रको बैठक हुन सकेको छैन। 'भारतले उक्त संयन्त्रको बैठक गर्न चाहे नेपाल सधैं तयार हुन्छ तर भारत तयार छैन,' ती अधिकारीले भने।

नेपाल-भारत परराष्ट्र सचिवस्तरीय वार्ता काठमाडौंमा २०७७ मंसिर २६ र २७ मा भएको थियो। भारतका विदेशसचिव हर्षवर्धन श्रृंगला र परराष्ट्र सचिव भरतराज पौड्यालबीच भएको सचिवस्तरीय वार्तामा सीमा समस्या विषय नै बनेन। त्यसपछि सोही वर्ष माघ पहिलो साता नयाँदिल्लीमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली र विदेशमन्त्री एस. जयशंकरबीच नेपाल-भारत परराष्ट्रमन्त्री स्तरीय संयुक्त आयोगको बैठक भयो। त्यसमा पनि सीमा विवाद छलफलको विषयसूचीमै परेन।

जलनपीडितको उपचारार्थ वार्षिक ६० लाख

काठमाडौं (कास)- एसिडलगायत जलनबाट पीडितको उपचारका लागि निजी क्षेत्रबाट वार्षिक ६० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने सम्झौता भएको छ।

काठमाडौंको साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा १८ वर्षमुनिका जलनपीडितको निःशुल्क उपचार गर्ने गरी पाल्पा सिमेन्ट प्रालिले ६० लाख रुपैयाँ सहयोग गर्ने सम्झौता भएको हो। 'यो सहयोग मानवीय संवेदनासँग जोडिएको छ, यसले पीडितका नाममा पैसा उठाएर दुरुपयोग हुने जोखिम पनि घटाउँछ,' सम्झौतामा हस्ताक्षरपछि पीडितका हितमा क्रियाशील उज्वलविक्रम थापाले भने।

नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.

बागमती प्रदेश, ललितपुर जिल्ला ललितपुर महानगरपलिका वडा न. १३, कुसुन्ती

नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि, को निर्वाचन सहितको नवौं वार्षिक साधारण सभा स्थगन सम्बन्धि जरुरी सुचना।

नेपाल बहुउद्देश्यीय केन्द्रिय सहकारी संघ लि, को संचालक समितिको मिति २०७८/८/१३ गतेको निर्णय अनुसार संघको नवौं वार्षिक साधारण सभा मिति २०७८ पौष २९ गते निर्धारण गरिएको र पौष मसान्त भित्र अनिवार्य गरी सक्नुपर्ने सहकारी ऐन, २०७४ र नियमावलि, २०७५ मा व्यवस्था गरिए बमोजिम साधारण सभा तोकि सकेको अवस्थामा, सहकारी विभागको मिति २०७८/९/२३ गतेको निर्देशन, सहकारीको मुल्य मान्यता र सिद्धान्त एवं बहुमत संचालकको निर्णय विपरित अध्यक्ष सुरेन्द्र भण्डारीले सदस्य संघसंस्थाहरुको साधारणसभा एवं निर्वाचनमा भाग लिने पाउने आफ्नो प्रजातान्त्रीक अधिकारलाई बन्चीत गरी साधारण सभालाई रोक्नको लागि सम्मानित ललितपुर जिल्ला अदालतमा निषेधाज्ञा मुद्धा दर्ता गरेकोमा सम्मानित अदालतबाट **"पछिल्लो समयमा कोभिड १९ तिव्र गतिमा फैलिएको अवस्थालाई मध्य नजर गरि मिति २०७८/९/२९ गतेको साधारण सभा नगर्नु नगराउनु"** भनि अन्तरिम आदेश जारी भएको हुँदा सम्मानित अदालतको आदेशको सम्मान गर्दै पूर्व निर्धारित निर्वाचन सहितको साधारणसभा अर्को सूचना जारी नभएसम्मको लागी स्थगित गरिएको सम्पूर्ण सदस्यहरुमा सहर्ष जानकारी गराउँदछौं।

यस सूचनाबाट संघसंस्था र प्रतिनिधिहरुमा पर्न गएको असुविधा प्रति संचालक समिति क्षमा प्राथी छौं। साथै सुरेन्द्र भण्डारीबाट आफ्नै अध्यक्षतामा साधारण सभा गर्ने भनि निर्णय गरी, सोहि अनुरुप सम्पूर्ण सदस्य सहकारी संघ संस्थालाई सूचना जारी भई, सदस्य संघसंस्थाबाट प्रतिनिधि समेत पठाई सकेको र सहकारी विभागले पनि मिति २०७८/८/१३ सम्मको सदस्यता कायम गरि समयमै साधारण सभा गर्नु भनि निर्देशन भई साधारण सभा एवं निर्वाचनको सम्पूर्ण प्रक्रिया पुरा भई सकेको अवस्थामा बहुमत सदस्य सहकारी एवं संचालक समितिको निर्णय एवं भावना विपरित पुष मसान्त भित्रै साधारण सभा गर्नुपर्ने सहकारीको ऐन, नियम र संघको विनियम विपरित अध्यक्ष सुरेन्द्र भण्डारीबाट साधारण सभा रोक्नको लागी गरिएको कार्यको घोर भर्त्सना गर्दछौं। साथै सहकारी अभियान मै नकरात्मक असर पर्ने गरि भएको उक्त कार्य विरुद्धमा एकजुट हुन समेत सम्पूर्ण सहकारीकमीहरुमा हार्दिक अपिल गर्दछौं।

मिती २०७८-०९-२९ गते बिहीवार

.....
आज्ञाले
माधव प्रसाद तिमिल्सना
सचिव
संचालक समिती

Purbanchal University announces
ADMISSION OPEN
For Engineering and Science & Technology Programs

BE Civil | BIT
BE Computer | BBA
BE Biomedical | PGDCA
BE Electrical | B.Tech Biotechnology
B. Architecture | BCA

Acme Engineering College
Sitapaila Chowk, Ring Road, Kathmandu
Phone: 01-5670925, 01-5380445, 01-5382962, 01-5670924
E-Mail: acme@acme.edu.np, Web: www.acme.edu.np

Aryan School of Engineering and Management
Devkota Sadak, Mid-Baneshwor, Kathmandu
Phone: 014585146, 014582217, 9860302426
E-Mail: info@thearyanschool.edu.np, Web: www.thearyanschool.edu.np

College of Biomedical Engineering and Applied Sciences (CBEAS)
854 Dhanaganesh, Handigaun, Kathmandu
Phone: 014541467, 014537822
E-Mail: info@biomedical.edu.np, Web: www.biomedical.edu.np

Himalayan Institute of Science and Technology
HIST-Engineering College
New Baneshwor, Kathmandu
Phone: 014794951, 4794954
Email: info@hist.edu.np, Web: www.hist.edu.np

Hillside College of Engineering
Koteshwor, Kathmandu
Phone: 9851244964, 9801127974, 01-5147207, 01-5147010
E-Mail: info@hillside.edu.np, Web: www.hillside.edu.np

Kantipur City College SINCE 2000
Putalisadak, Kathmandu
Phone: 014530239, 9860352875
E-Mail: admin@kcc.edu.np, Web: www.kcc.edu.np

Kantipur International College
Gwarko , Lalitpur
Tel: 01- 5201824,01 - 4790564,01-4793904, 9823465400
Email: kic.admin@kantipurinternational.edu.np, kicexam@gmail.com
Web:www.kantipurinternational.edu.np/engineering

Himalayan WhiteHouse International College
Affiliated to Purbanchal University
College of Management & Technology
RamsahPath, Putalisadak, Kathmandu
Phone: 014226284, 014222538, 9843207064
E-Mail: info@whitehousegsm.edu.np, Web: www.whitehousecmt.edu.np

Form Deadline :
Single Fee: 5th Magh 2078
Double Fee: 9th Magh 2078

Globally Recognized Grading System
Recently Updated Syllabus

For Online Entrance application : entrance.puexam.edu.np

सत्ता र प्रतिपक्ष विवादले प्रदेशसभा ठप्प

प्रदेश सरकारको एकल र साझा अधिकार सूचीको कानुन निर्माण प्रक्रिया अघि बढेन

सुवास विडारी (मकवानपुर)

सत्तापक्ष र प्रतिपक्षको विवादका कारण चेपुवामा परेको प्रदेशसभा बैठक सञ्चालन गर्न वाग्मती प्रदेश सरकार अनिच्छुक देखिएको छ। विशेष गरी प्रदेशसभाको हिउँदे अधिवेशनलाई कानुन बनाउने समयको रूपमा चित्रण गरिन्छ। तर, यस अधिवेशन सुरु भएको करिब चार महिनाभन्दा बढी समय बित्दासमेत नयाँ विधेयक सदनमा दर्ता गराउन सरकारले सकेको छैन।

पछिल्लो समय प्रदेशसभाको बैठक लामो समयदेखि प्रदेशसभा सरकार परिवर्तनका लागि मात्र केन्द्रित भइरहेको छ। असोज २४ गतेबाट सुरु भएको हिउँदे अधिवेशन अहिलेसम्म आइपुग्दा नीति निर्माण गर्नेभन्दा पनि विश्वासको मत लिने, राजीनामा दिने र सत्ता-प्रतिपक्ष जुहारी खेल्ने स्थानको रूपमा परिणत भएको छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सरकारले गरेको गलत काम औंल्याउँदै त्यसको जवाफ दिन अनुरोध गरी प्रदेशसभामा अवरोध सिर्जना गरिरहेको छ। विपक्षीको अवरोधसँगै पुस ८ गतेबाट स्थगित भएको प्रदेशसभाको बैठक सञ्चालन गर्न सरकारले विपक्षी दलसँग कुनै औपचारिक तथा अनौपचारिक संवाद गरेको छैन।

एमालेले प्रदेशसभामा रहेका विपक्षी दलहरू विवेकशील साझा, नेपाल मजदुर किसान पार्टी

र राप्रपासँग मिलेर मन्त्रालय विभाजन, मन्त्री तथा राज्यमन्त्री थप र मुख्यमन्त्रीले धादिङमा नेकपा (एस) का कमिटी गठन नभएको स्थानमा बजेट नदिने भनेर दिएको विवादास्पद अभिव्यक्तिको विषयमा चित्तबुझ्दो जवाफ माग्दै सदनमा अवरुद्ध गरिरहेको छ। प्रदेश सरकारले पुस १० गतेबाट प्रदेशसभाको बैठक बोलाउने विषयमा सभामुख सानुकुमार श्रेष्ठसँग परामर्श गरिरहेको छ। मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकमा प्रदेशसभा सदन सञ्चालन गर्ने विषयमा छलफल भए पनि कुनै निचोडमा सत्तापक्ष पुग्न सकेन। 'प्रदेशसभाको बैठक आह्वान गर्न सभामुखलाई भनिसकेका छौं। केही दिनमा बैठक आह्वान हुन्छ,' एक मन्त्रीले भने। उनका अनुसार प्रदेशसभामा बढीमा मुस्किलले दुई दिनलाई पुग्ने बिजनेस रहेको छ। नयाँ सरकार गठन भएको दुई महिनाको समय बित्दासमेत नयाँ विधेयक सदनमा दर्ता भएको छैन। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले मुख्यमन्त्री पाण्डेले आफ्नो अभिव्यक्ति फिर्ता लिएर माफी नमागेसम्म सदन सञ्चालन गर्न नदिने सार्वजनिक रूपमा बताइरहेको छ। एमाले वाग्मती प्रदेश मुख्य सचेतक दीपक निरौलाले मुख्यमन्त्री पाण्डेले धादिङमा आफ्नो पार्टी नेकपा (एकीकृत समाजवादी) को कमिटी नभएको स्थानमा बजेट नदिने भनेर बोलेको विषयमा स्पष्ट पारेर माफी नमागेसम्म सदन सञ्चालन गर्न नदिने बताए। 'सदनको बैठक सञ्चालन गर्ने विषयमा सत्तापक्ष गम्भीर रूपमा प्रस्तुत भएको छैन। हामीसँग कुरा गर्ने भनेर मुख्यमन्त्रीले तीनपटक फोन गर्नुभए पनि भेटघाट भएको छैन,' उनले भने। उनले सरकार असंवैधानिक क्रियाकलाप गर्दै अगाडि बढिरहेको आरोपसमेत लगाए। 'सरकार जथाभावी रूपमा काम गरेर मनपरी बोल्दै हिँडिरहेको छ। पार्टीको कमिटी बनाएर बजेट निकासा गर्ने व्यवस्था कहाँ छ?' निरौलाले भने।

मुख्यमन्त्री राजेन्द्र पाण्डेले नेकपा एमालेले संसदीय मूल्यमान्यता र अभ्यासलाई नै सिध्याउन खोजेको आरोप लगाए। सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद खनालले सरकारले चारवटा विधेयक सदनमा लैजाने तयारी गरिरहेको जनाए। 'हामी विपक्षीलाई समेटर अगाडि बढ्छौं। यो हाम्रो दायित्व पनि हो। विपक्षीले उठाएको सवालको हामी जवाफ दिनेछौं,' उनले भने। उनले सदनलाई आवश्यक बिजनेस उपलब्ध गराउन सरकार तयार रहेको बताए।

सदन नियमित रूपमा सञ्चालन नहुँदा प्रदेश सरकारको एकल र साझा अधिकार सूचीमा रहेको कानुन निर्माण गर्न सकेको छैन। सरकारले दुई वर्षभित्रमा आवश्यक ९९ वटा कानुन निर्माण गर्ने घोषणा गरे पनि ६१ वटा मात्र नाएको छ।

घर भत्काए, अनुदान पाउने टुंगो छैन

टीकाप्रसाद भट्ट (रामेछाप)

रामेछापमा पुनर्निर्माण हुन बाँकी घरअगाडि लाभग्राही। *तस्विर : कान्तिपुर*

पुनर्निर्माणबापत ३ लाख रुपैयाँ अनुदान पाउने आसमा बसोबास गर्दै आएको घर भत्काएका भूकम्पपीडितहरू तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले समयमै निर्णय नगरिदिँदा अनुदानबाट वञ्चित भएका छन्। मर्मतको लाभग्राही सूचीमा परेका भूकम्पपीडितलाई पुनर्निर्माण गर्न पूरा अनुदान दिने प्रतिबद्धता प्राधिकरणले गरेको थियो। सोही आधारमा घर भत्काएका पीडितले मर्मतबापतको १ लाख रुपैयाँसमेत गुमाउनुपर्ने अवस्था देखिएको छ।

मर्मतको लाभग्राही सूचीमा परेका पीडितले १ लाख र पुनर्निर्माणको सूचीमा परेकाले ३ लाख रुपैयाँ अनुदान पाउने व्यवस्था थियो। मर्मतको सूचीबाट पुनर्निर्माणको सूचीमा जान चाहेमा बसोबास गर्दै आएको घर भत्काएर नयाँ निर्माणको कबोल गर्नुपर्ने प्राधिकरणको निर्देशनपछि जिल्लाका झन्डै ७ सय जनाले बसोबास गर्दै आएको पुरानो घर भत्काएका थिए।

घर भत्काउने पीडितहरू अहिले अर्को घरमा बसिरहेका छन्, केही छाप्रामा छन्। छाप्रामा हुने करिब ३ सय परिवारले घर बनाउन अनुदान पाउने टुंगो छैन। घर भत्काएकामध्ये केहीले अनुदानको निर्णय नआउँदै नयाँ घर बनाएर सरेका छन्। 'घर बनाइसके तर लाभग्राही सूची परिवर्तन भएर आएन,' मन्थली-११ का वडाध्यक्ष भीमबहादुर मगरले भने, 'पीडितहरू झन् पीडित बने।' वडाका जनप्रतिनिधिहरूलाई समेत स्थानीयले दिनहुँ त्यसबारे गुनासो गर्दै आएको उनले सुनाए।

लाभग्राही परिवर्तन गर्ने निकाय पुनर्निर्माण प्राधिकरण सरकारले खारेज गरिसकेको छ। गत पुस ९ मा प्राधिकरण खारेज भएपछि लाभग्राही परिवर्तनबारेको निर्णय कुन निकायले गर्ने भन्ने अन्योल छ। नाम संशोधन र लाभग्राही परिवर्तनको निर्णय गर्ने अधिकार जिल्लामा रहेको इकाइलाई छैन। निजी आवास पुनर्निर्माणसम्बन्धी कार्य गर्दै आएको जिल्ला आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास) रामेछापको तथ्यांकमा जिल्लाबाट ५ हजार ८ सय २६ भूकम्पपीडितले पूर्ण अनुदान माग गर्दै सूची परिवर्तन गर्न आवेदन दिएका थिए। त्यसमध्ये ५ हजार ५ सय १७ जनाको मात्र लाभग्राही सूची परिवर्तन भएर आएको छ।

इकाइका इन्जिनियर प्रदीप कुँवरका अनुसार लाभग्राही सूची परिवर्तन नहुँदा वडामा पुग्ने प्राविधिकले पीडितको हप्की खानुपरेको छ। 'निर्णय गर्ने अधिकारी छैनन्, हामीले नागरिकको गुनासो समाधान गर्न सक्ने अवस्था छैन,' उनले भने, 'अझै पनि कतिपय वडाबाट लाभग्राही परिवर्तनका लागि फाइल लिइदिन आग्रह आउने गरेको छ।'

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

प्रकाशित मितिः २०७८/०९/२९

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिलः

सम्बन्धित कार्यालय : शाखा, वाह्रवीसे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
०१	चक्रबहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	२०१५/३३०३९ २०४२/१२/२९	शेर बहादुर	जितबहादुर	कुखुरा पालन	२४५,३८६.७३	१४४,९३१.५९	३९०,३१८.३२	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शेर बहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	७४६/१६९	२०४४/११/१० सि.पा.	जित बहादुर तामाङ	जुद्धवीर तामाङ

२	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	राजु कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	१६४५६/१००६४२ २०५७/०४/३०	जय बहादूर कार्की	टेक बहादूर कार्की	सरल कृषिकर्जा	७०००००	२५४५२१.२७	९५४५२१.२७	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जय बहादुर कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	५०९/१७९	२०४०/०६/०४ सि.पा.	टेक बहादुर कार्की	कटक बहादुर कार्की

३	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	संख बहादूर तामाङ	राम्चे ३, सिन्धुपाल्चोक	४१५/४३०६ २०३७/११/०५	तिरी तामाङ	मंगल सिं तामाङ	कुखुरा पालन	४८७,८००.००	४७८,३७२.२३	९६६,१७२.२३	

४	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	शिव प्रसाद तिम्सिना	राम्चे ८, सिन्धुपाल्चोक	३१५३/४/६५८९ २०४४/१२/२२	भूमिनन्द तिम्सिना	छविलाल	सरल कृषिकर्जा	२९७१५६.७६	१९१४९६.४३	४८८६५३.१९	

५	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	हर्कमान तामाङ	मानेश्वांरा ८, सिन्धुपाल्चोक	२५४०/५९१ २०४४/११/१२	गोपीलाल	गरुले	घरायसी	२१७,०००.०	१०३,२७७.३२	३२०,२७७.३२	

६	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	डिल बहादुर थापा	मांखा ९, सिन्धुपाल्चोक	७३७/५२१ २०४६/०३/१९	जित बहादुर	कूल बहादुर	व्यापार	६००,०००.	२५०,०७२.७०	८५०,०७२.७०	

७	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	पत्रे ढुङ्गा खानी उधोग	तातोपानी २, सिन्धुपाल्चोक	१०६९७२/०६९/०७०-३०३८६१६८८	कम्पनी रजिष्ट्रारको कार्यालय	२०६९/०७/१५	उद्योग	८९८,८६८.	७५५,५१४.०७	१,६५४,३८२.०७	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो.यूक्तबहादूर पौडेल	तातोपानी २, सिन्धुपाल्चोक	९३/९३५५८	२०६१/०२/२४ सिन्धूपाल्चोक	रामबहादूर	मित्रलाल

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
चित्र बहादुर माझी	फुल्पिङकोट-४, सिन्धुपाल्चोक	८७७६२	२०५४/१०/०८ सि.पा.	रत्न बहादूर माझी	जूल बहादूर

८	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	न्यू सिन्धू खाद्य स्टोर	मांखा १, सिन्धुपाल्चोक	१३३१/०७०/०७१ ३०४९८००३१ २०७०/०९/१४२०६८/०४/०५	१३३१/०७०/०७१-३०४९८००३१	बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा.का.सि.पा	२०७०/९/१४	१,३९७,५१५.३९	१,९५४,१११.८०	३,३५१,६२७.१९	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो. रोशन कुमार श्रेष्ठ	मांखा १, सिन्धुपाल्चोक	८१/६६०२५	२०५१/०२/२२ सिन्धूपाल्चोक	सिताराम श्रेष्ठ	मान बहादूर श्रेष्ठ

सम्बन्धीत कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२८ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
१	श्री सुनौला खिम्ती कन्सट्रक्सन प्रा.लि.	का.म.न.पा.-२९, ठमेल	२११४/०४२- ३०००५५६४९	कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डा	२०४२/०५/०४	बैक जमानत दावी कर्जा	रु.१,४६,६५,९३५/-	३८,४०,४२४.९०/-	रु.१,८५,०६,३५९.९०/-	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
१.श्री रामहरी थापा	घम्थाङ-७, सिन्धुपाल्चोक	७७३८१	सिन्धुपाल्चोक, २०५२/१२/२६	खड्ग विक्रम थापा	हरि बहादुर थापा
२.श्री भुवन श्रेष्ठ	बैरेनी-९, धादिङ्ग	२६१८२८-०४९/५०	धादिङ्ग, २०४९/१२/१५	अष्टलाल श्रेष्ठ	कृणलाल श्रेष्ठ
३. श्री धर्मराज भण्डारी	पेट्कु-९, सिन्धुपाल्चोक	३८००	सिन्धुपाल्चोक, २०४६/१२/१४	पहलमान भण्डारी	मकरध्वज भण्डारी
४.श्री नविन राउत	मर्मिङ्ग-९, सिन्धुपाल्चोक	१८००/७९०५४	सिन्धुपाल्चोक, २०५३/०४/१५	मिन बहादुर राउत	-
धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु /पति	बाजे
१.शान्ती थापा	छम्पी-५, ललितपुर	५/७६४	ललितपुर, २०४६/०२/०५	पहलमान सिं भण्डारी/रामहरी थापा क्षेत्री	मकरध्वज भण्डारी

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं।

साढे ९ वर्ष जेल बसेपछि मुद्दा झुटो ठहर

ठगी आरोपमा समातिएकाविरूद्ध लागूऔषधसहित पक्राउ परेको भन्दै मुद्दा दर्ता भएकामा जिल्ला अदालतले पनि प्रहरी प्रतिवेदनकै आधारमा फैसला गरेको थियो

तुफान न्यौपाने (काठमाडौं)

जिल्ला प्रहरी कार्यालय कास्कीमा तत्कालीन प्रहरी निरीक्षक रवीन्द्रनाथ पौडेल, प्रहरी सहायक निरीक्षक यामबहादुर नेपाली र प्रहरी जवान कपिल जोशीले २०६९ वैशाख २२ मा एउटा संयुक्त प्रतिवेदन पेस गरे। प्रतिवेदनमा पोखरा-९ चिप्लेढुंगाबाट दुई भारतीय नागरिक रमेश साह र प्रकाश पटेललाई २८ ग्राम लागूऔषध ब्राउनसुगरसहित पक्राउ गरी दाखिल गरेको उल्लेख थियो। बरामदमध्ये तीन ग्राम ब्राउनसुगर परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला पठाएको तथा थप तीन/तीन ग्राम जिल्ला अदालत र प्रहरी कार्यालयका लागि नमुना राखेर बाँकी नष्ट गरेको जनाइएको थियो। त्यही प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले उनीहरूविरुद्ध लागूऔषध (नियन्त्रण) ऐन, २०३३ अनुसार जिल्ला अदालतमा १५ वर्षसम्म कैद र ७५ हजार रुपैयाँसम्म जरिवाना माग गर्दै मुद्दा चलायो।

कास्की जिल्ला अदालतले १० वर्ष कैद र ७५ हजार रुपैयाँ जरिवानाको फैसला सुनायो। तत्कालीन पुनरावेदन अदालत पोखराले पनि जिल्ला अदालतको फैसलालाई सदर गर्‍यो। उनीहरू ९ वर्ष ५ महिना १६ दिन जेल बसेपछि प्रहरीले हुँदै नभएको घटना सिर्जना गरी फर्जी कागजात तयार पारेर मुद्दा चलाउन सिफारिस गरेको खुलेको छ। सर्वोच्च अदालतले गत कात्तिक ४ मा गरेको फैसलाको यसै साता सार्वजनिक पूर्णपाठमा बदनियतपूर्ण अनुसन्धान र अभियोजन गरिएको यस घटनालाई 'समग्र राज्य व्यवस्थाकै लागि अत्यन्त लज्जास्पद घटना' भनिएको छ।

'भारतीय मूलका मानिसले पोखराको चिप्लेढुंगामा झोलामा अवैध सामान राखी बिक्रीवितरण गर्छन्' भन्ने सूचना पाएपछि प्रहरी टोली खोजतलास गर्न गएको थियो। त्यसपछि तत्कालीन प्रहरी निरीक्षक पौडेल, प्रहरी सहायक निरीक्षक नेपाली र प्रहरी जवान जोशीले २०६९ वैशाख २२ गते दिउँसो साढे २ बजे साह र पटेललाई लागूऔषधसहित पक्राउ गरी दाखिला गरेको विवरण पेस गरेका थिए। तर साह र पटेल तीन दिन अगावै अर्थात् २०६९ वैशाख १९ गतेदेखि नै जिल्ला प्रहरी कार्यालयको हिरासतमा थिए। भारतबाट सुनका गहना टल्काउने काम गर्न भन्दै पोखरा पुगेका उनीहरूलाई ठगी गरेको आरोपमा उनीहरूलाई पक्राउ गरेर प्रहरीले थुनामा राखेको थियो।

स्थानीय पार्वती श्रेष्ठ (लिगल) ले वैशाख १९ गते दिउँसो सफा गरी टल्काउने बहानामा एक तोलाको सुनको औंठी र एक तोला ५० लालको सिक्री ठगी गरेको भन्दै प्रहरीलाई खबर गरेकी थिइन्। भाग्दै गरेका साहलाई पोखरा-४, रामकृष्ण टोलस्थित वसन्त लिगल (पार्वतीका काका) को घरमा छिरेको अवस्थामा स्थानीयले नियन्त्रण गरी प्रहरीलाई बुझाएका थिए। पटेल त्यसको दुई घण्टापछि आफ्नै डेराबाट पक्राउ परेका थिए। वैशाख १९ गते नै सुनका गहना ठगी गरेको उजुरी पोखरा-१७, घाँटीकुवाकी विष्णुकुमारी गुरुङले पनि दिएकी थिइन्। यी दुवै ठगी मुद्दामा प्रहरीले नै तयार पारेको कागजातमा यस्ता विवरण देखिन्छन्। पार्वती श्रेष्ठले अदालत नै पुगेर यही विवरणको बयान गरेका आधारमा जिल्ला न्यायाधीश रामप्रसाद ओलीले २०७० चैत १० मा साह र पटेल दुवै जनालाई सुनका गहना ठगी गरेको अभियोगमा दोषी ठहर गर्दै दुई वर्ष कैद र १ लाख ३९ हजार जरिवाना हुने फैसला गरेका थिए। तर उनै न्यायाधीश ओलीले सोही दिन नै साह र पटेललाई वैशाख २२ गते लागूऔषधसहित पक्राउ परेको भनिएको घटनामा पनि दोषी देखाउँदै १० वर्ष कैद र ७५ हजार जरिवाना हुने फैसला गरे।

जिल्ला सरकारी वकिलको कार्यालयले ठगीका दुई र लागूऔषध गरी तीन वटै मुद्दा २०६९ साउन १२ मा दर्ता गरेको थियो। तीन दिन पहिलादेखि प्रहरी हिरासतमा रहेका साह र पटेल कसरी ब्राउनसुगरसहित पक्राउ पर्न सक्छन् भन्ने सामान्य हेक्कासमेत सरकारी वकिलको कार्यालय र अदालतले राखेको देखिँदैन। साह र पटेललाई लागूऔषधसहित पक्राउ गरेको प्रतिवेदन तयार गर्ने तीन प्रहरीमध्ये प्रहरी जवान जोशीले मात्रै अदालत पुगेर बकपत्र गरेका थिए। आफूहरूले तयार पारेको प्रतिवेदन सही हो भन्न अदालतसमेत नजाने प्रहरीको प्रतिवेदनका आधारमा जिल्ला अदालतले साह र पटेललाई लागूऔषधजस्तो गम्भीर अपराधमा दोषी ठहर गर्दै चर्को सजाय गरेको थियो।

'बरामदी मुचुल्का' तयार पार्दासमेत प्रहरीले कानुन उल्लंघन गरेको थियो। सरकारी मुद्दासम्बन्धी ऐनले कुनै अपराधको अनुसन्धानका लागि मुचुल्का तयार पार्दा दुई जना स्थानीय बासिन्दाका अतिरिक्त एक जना गाविस/नगरपालिकाका सदस्यलाई रोहबरमा राख्नुपर्ने, त्यस्तो सदस्य उपलब्ध नभए एक जना सरकारी कर्मचारीलाई राख्नुपर्ने व्यवस्था गरेको छ। तर ब्राउनसुगर बरामदको मुचुल्का तयार पार्दा प्रहरीले स्थानीय निकायका जनप्रतिनिधि वा सरकारी कर्मचारीलाई रोहबरमा राखेको थिएन। मुचुल्कामा रोहबरमा बस्ने व्यक्तिहरूको नाम लेख्ने 'कोलम' खाली छाडिएको थियो। खानतलासी तथा बरामदी मुचुल्का तयार गर्ने प्रहरी कर्मचारीले बाध्यात्मक रूपमा अवलम्बन गर्नुपर्ने कानुनी कार्यविधि पालना नगरी तयारी पारिएको कागजातलाई अदालतले प्रमाण मानेर फैसला गरेको थियो।

आफूहरू ठगी मुद्दामा अनुसन्धानका क्रममा थुनामा रहेको समयमा लागूऔषधसहित पक्राउ गरेको भनेर तयार पारेको मिसिलबाट नै आफूहरू निर्दोष रहेको प्रमाणित हुने भन्दै साह र पटेलले २०७१ असार १८ मा तत्कालीन पुनरावेदन अदालतमा पुनरावेदन गरे। त्यसै वर्षको फागुन २८ मा न्यायाधीशद्वय सुष्मालता माथेमा (हाल सर्वोच्च अदालतको न्यायाधीश) र ऋषिराम दवाडीले जिल्लाकै फैसला सदर गरे। २०७२ पुसमा आफू निर्दोष रहेको उस्तै दाबीसहित साह सर्वोच्च अदालतको शरणमा आए। सर्वोच्चले समयमै मुद्दाको सुनुवाइ र फैसला गरेको भए साह र पटेलले गर्दै नगरेको लागूऔषध कारोबारको अपराधमा थप जेल बस्नु पर्दैनथ्यो।

सर्वोच्चले २०७५ असार १९ गतेबाट बल्ल मुद्दाको सुनुवाइ थाल्यो। १५ औं पटकको पेसीमा गत कात्तिक ४ मा न्यायाधीशद्वय अनिलकुमार सिन्हा र नहकुल सुवेदीको इजलासले साह र पटेललाई काल्पनिक घटना खडा गरी झूटा अभियोग लगाइएको ठहर गर्‍यो। 'कुनै पनि व्यक्तिका विरुद्ध राज्यका निकायले काल्पनिक वारदात खडा गरी झूटा मुद्दामा अभियोग लगाउने कार्य सभ्य समाजमा कल्पनासम्म गर्न नसकिने विषय हो। यो प्रहरीलाई प्राप्त अनुसन्धान गर्ने अधिकार तथा महान्यायाधिवक्ता वा सरकारी वकिललाई प्राप्त अभियोजन गर्न पाउने अधिकारको गम्भीर दुरुपयोग हो,' फैसलामा भनिएको छ, 'यस्तो दुराशयपूर्ण अभियोजनबाट व्यक्तिका वैयक्तिक स्वतन्त्रताको अपहरण, मानवअधिकारको गम्भीर उल्लंघन तथा कानुनी राज्यको अवधारणाको उपहास हुन जान्छ। राज्यका जिम्मेवार निकाय वा अधिकारीबाट सर्वसाधारण व्यक्तिलाई काल्पनिक वारदात खडा गरी झूटा मुद्दा लगाउनु सम्बन्धित निकाय एवं समग्र राज्य व्यवस्थाका लागि नै एक अत्यन्त लज्जास्पद अवस्था हो।'

सर्वोच्च अदालतले यो समग्र प्रकरणमा अनुसन्धान गर्ने प्रहरी, अभियोजन गर्ने सरकारी वकिल र फैसला गर्ने न्यायाधीशसम्मले न्यायिक मन प्रयोग गर्न नसकेको उल्लेख गरेको छ। सर्वोच्च अदालतले सरकारी वकिलले दुराशययुक्त अभियोजन रोक्न आवश्यक सजगता र संवेदनशीलता नदेखाएको जनाएको छ। 'अभियोजनसँगै व्यक्तिले अनपेक्षित शारीरिक तथा मानसिक पीडा भोग्नुपर्ने भएकाले अभियुक्तउपर लगाइएको आरोप पुष्टि हुन सक्ने यथेष्ट प्रमाण छ वा छैन भन्नेतर्फ समेत अनुसन्धान अधिकारी तथा अभियोजनकर्ताहरूले प्रारम्भिक चरणमा नै विचार गर्नुपर्ने हुन्छ,' सर्वोच्चले फैसलामा भनेको छ, 'झूटा र काल्पनिक वारदात खडा गरी दुराशययुक्त अभियोजनको परिणामस्वरूप ९ वर्षभन्दा लामो अवधिसम्म आफू संलग्न नै नभएको कसुरमा थुनामा बस्नुपर्ने अवस्थाको सिर्जना हुनु उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हक र व्यक्तिगत स्वतन्त्रताको गम्भीर उल्लंघन हो। यसबाट प्रतिवादीहरूलाई अपूरणीय शारीरिक एवं मानसिक पीडा पुगेको र सामाजिक इज्जत प्रतिष्ठामा गम्भीर क्षति पुगेको तथ्यमा विवाद छैन।'

सर्वोच्चले झूटा अभियोजनबाट पीडित भएका व्यक्तिलाई क्षतिपूर्ति दिने प्रक्रिया सुरु गर्न महान्यायाधिवक्ता कार्यालयलाई निर्देशन दिएको छ। यस्तै झूटा प्रमाण संकलन गरी मुद्दा चलाउने प्रहरीहरूलाई विभागीय कारबाही गर्न प्रहरी महानिरीक्षकलाई लेखेर पठाउन पनि भनेको छ। 'लागूऔषध बरामद भए नष्ट गर्नुपर्ने कानुनी व्यवस्था भएकामा प्रस्तुत मुद्दामा बरामद भएको देखाउन प्रयोग भएको लागूऔषध प्रहरीको साथमा कहाँबाट के कसरी प्राप्त भएको हो, सोसमेत छानबिन गरी यस प्रकृतिबाट झूटा दशी प्रमाण सिर्जना गर्ने कार्यलाई प्रवृत्तिका रूपमा दोहोरिन नदिन प्रहरी महानिरीक्षकलाई आवश्यक निर्देशन दिन महान्यायाधिवक्तालाई लेखी पठाउनू,' सर्वोच्चले फैसलामा भनेको छ।

महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जीवराज रेग्मीले यस घटनामा प्रहरीहरूको मात्र नभएर सरकारी वकिलको पनि बदनियत देखिएको उल्लेख गर्दै आफूहरूले त्यसमा छानबिन गरेर उपयुक्त कदम चाल्ने बताए। 'बदनियतपूर्वक गरेको काममा कसैको पनि बचाउ र संरक्षण हुन सक्दैन,' उनले भने, 'प्रहरीको झूटो अनुसन्धानमा आधारित भएर मुद्दा चलाउने सरकारी वकिललाई पनि जवाफदेही बनाउनुपर्छ। हामी त्यसका लागि काम गर्छौं।' नेपाल प्रहरीको डीआईजीबाट सेवा निवृत्त हेमन्त मल्ल प्रहरीले नै नक्कली मुद्दा खडा गरेको यस्तो घटनाले सिंगो संगठनको विश्वसनीयतामा प्रश्न उठ्ने बताउँछन्। उनले भने, 'यस घटनामा सिधा दुर्नियत देखियो। यसले संगठनकै गरिमामा आँच पुर्‍याएको छ। भोलिका दिनमा यस्ता घटना हुन नदिन संलग्नलाई तत्कालै कारबाही गरिहाल्नुपर्छ।'

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक मुकुन्दराज आचार्य यस घटनाले प्रहरीको अनुसन्धान, निष्ठा र इमानदारी सबैमा एकैसाथ प्रश्न उठाएको बताए। 'यस घटनामा संलग्नमाथि त अदालतको आदेशबाटै कारबाही प्रक्रिया अगाडि बढिहाल्छ तर हाम्रो ध्यान आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन के गर्ने भन्नेमा जानेछ,' उनले भने। राम्रोसँग नेपाली भाषासमेत बुझ्न नसक्ने साह र पटेलका तर्फबाट सर्वोच्च अदालतमा मुद्दाको पुनरावेदन गरेका अधिवक्ता ईश्वरीप्रसाद भट्टराईले 'कुनै अपराधमा संलग्न भएको शंका लागे थुनामा राखिहाल्ने' प्रहरीको मनोवृत्तिका कारण यस्ता घटना भइरहेको बताउँछन्। नेपाल बार एसोसिएसनको उपाध्यक्षसमेत रहेका भट्टराईले कान्तिपुरसँग भने, 'प्रहरीले आरोपित व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई पटक्कै वास्ता गर्दैन। काम देखाउन मुद्दा चलाइहाल्ने प्रवृत्ति छ।'

अपांगता भएकाहरू प्रमुख दलबाटै उपेक्षित

राजनीतिक दलले संविधानबमोजिम समानुपातिक समावेशीकरण सिद्धान्तलाई बाध्यकारी नठान्दा नेतृत्व तहमा अपांगता भएका व्यक्ति थोरै

विद्या राई (काठमाडौं)

एमालेको १० औं महाधिवेशन उद्घाटन समारोहमा नेताहरूको मन्तव्य श्रवणशक्ति कमजोर भएकाले पनि बुझ्न सकुन् भनेर अनुवाद गर्न सांकेतिक भाषा जान्ने दोभासे राखिएको थियो। एमालेकै सिको गर्दै कांग्रेसले पनि आफ्नो १४ औं महाधिवेशनमा दोभासेको व्यवस्था गर्‍यो। दुई ठूला दलको महाधिवेशनका यी दृश्यले उनीहरू अपांगता भएका व्यक्तिप्रति संवेदनशील भएको भान दिन्छ तर वास्तविकता भिन्न छ।

विधानअनुसार एमालेमा अध्यक्षसहित ३४५ जनाको केन्द्रीय कमिटी छ। मंसिरमा चितवनमा आयोजित महाधिवेशनबाट ३०१ जना निर्वाचित भए। ४४ जनालाई केन्द्रीय कमिटीले मनोनयन गर्‍यो। तर अपांगता भएका व्यक्ति एकजना पनि समेटिएनन्।

एमालेले २०६५ सालमा भ्रातृ संगठन विस्तार गरेर अपांगता भएका व्यक्तिलाई संगठित गर्दै आएको छ। ५० हजारभन्दा बढी अपांगता भएका व्यक्ति संगठित रहेको अपांग संगठनको दाबी छ। १० औं महाधिवेशनमा एमाले भ्रातृसंस्था लोकतान्त्रिक राष्ट्रिय अपांग संगठनबाट पाँचसहित १८ जना अपांगता भएका व्यक्ति प्रतिनिधि थिए तर केन्द्रीय कमिटीमा कोही नपरेको महासचिव जगदीश अधिकारीले बताए। 'केन्द्रीय कमिटीमा समेट्न जोडदार माग गर्‍यौं तर मनोनयनमा पनि परेनौं,' उनले भने।

अपांगता भएकाहरूले गोदावरीमा भएको विधान महाधिवेशनमा सांगठनिक संरचनामा स्पष्ट रूपमा प्रतिनिधित्व हुने गरी कोटा छुट्याउन माग गरेका थिए। तर 'केन्द्रीय कमिटीको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिने' अस्पष्ट प्रावधान राखियो। 'केन्द्रीय कमिटीमा दलित, जनजाति र मुस्लिमका लागि जसरी क्लस्टर छुट्याइएको छ, अपांगता भएका व्यक्तिका लागि त्यसरी नतोकिएकाले समेट्न सकिएन भन्ने सजिलो उत्तर नेताहरूले दिन पाएका छन्,' महासचिव अधिकारीले भने। जिल्ला र प्रदेश कमिटीमा पनि अपांगता भएकाले उचित स्थान पाउने सम्भावना कम छ।

●●●

पुसमा काठमाडौंमा सम्पन्न माओवादी केन्द्रको महाधिवेशनबाट निर्वाचित २३७ सदस्यीय केन्द्रीय समितिमा अपांगता भएका व्यक्ति एक जनामात्रै समेटिए। माओवादीको केन्द्रीय समिति ३४३ सदस्यीय छ, जसमा २९९ निर्वाचित हुन्छन् भने ४४ जना मनोनीत हुन्छन्। यसअनुसार ६२ जना निर्वाचित र ४४ जना मनोनीत हुन बाँकी छन्। अपांगता कोटाबाट केन्द्रीय सदस्य बनाइएका चूडामणि खड्का प्रतिनिधिसभा सदस्यसमेत हुन्। द्वन्द्वकालमा उनको खुट्टामा चोट लागेको थियो।

विधानमा अपांगता भएका व्यक्तिहरूलाई समेट्नुपर्ने बाध्यकारी व्यवस्था नहुँदा नेतृत्वमा यथोचित स्थान नपाएको अपांगता संगठन नेपालका केन्द्रीय उपाध्यक्ष रमेश पोखेलले बताए। माओवादीको विधानमा 'पार्टी समितिहरूमा स्थानीय विशेषताअनुरूप गरिबीको रेखामुनि रहेको वर्ग, महिला, दलित, मुस्लिम, मधेसी, आदिवासी जनजाति, थारू र अपांगता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधित्व हुने' उल्लेख छ। उपाध्यक्ष रमेश पोखरेलका अनुसार संगठनमा १० हजारभन्दा बढी क्रियाशील कार्यकर्ता छन् तर महाधिवेशनमा औपचारिक रूपमा प्रतिनिधित्व नगराइएको उनले गुनासो गरे। 'प्राकृतिक अपांगता भएका १० जनालाई महाधिवेशन प्रतिनिधि बनाउने आश्वासन प्रचण्डले दिएका थिए तर अधिवेशनमा बोलाइएन, कतिपय आफ्नो इच्छाले गए तर त्यसको हिसाबकिताब भएन,' उनले भने, 'निकै लबिइङ गर्‍यौं, आफू र आफन्तबाट बाहिर निस्कन सकेनन्। उधै गति, उधै मति भएको छ, गरिब परिवारका नै अपांग छन्, द्वन्द्व प्रभावित पनि छन्। पार्टीले केही गरिदेला भन्ने आशा थियो, अहिले छैन।'

●●●

राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय कार्यसमिति १९९ सदस्यीय छ, जसमा १४९ जना निर्वाचित र ५० जना अध्यक्षबाट मनोनीत हुन्छन्। महिला, अल्पसंख्यक र अपांगता भएकालाई प्राथमिकता दिने विधानमा व्यवस्था छ। अपांगता भएका व्यक्तिलाई केन्द्रीय कार्यसमितिमा प्रतिस्पर्धा गर्न कोटा छैन। मनोनयनबाट चयन हुने या नहुने टुंगो नहुने भएकाले सबैले खुला प्रतिस्पर्धा गर्नुपर्छ। 'कति भनिराख्नु सधैं, अब त भएन भनेर खुलाबाट एक महिला र एक पुरुषले प्रतिस्पर्धा गर्‍यौं,' खुला महिलाबाट केन्द्रीय सदस्य निर्वाचित देवकला पराजुलीले भनिन्। खुला महिलामा ३७ पदका लागि ११२ जनाले प्रतिस्पर्धा गरेका थिए। खुला पुरुषबाट प्रतिस्पर्धामा उठेका चितवनका भरतमणिले भने जितेनन्। उनी राप्रपानिकट अपांगता भएका व्यक्तिहरू संगठित भ्रातृ संगठन राष्ट्रिय प्रजातान्त्रिक अपांग संगठनको अध्यक्ष छन्।

राप्रपाको विधानमा यो व्यवस्था २०७० मा राखिएको थियो। मंसिरमा सम्पन्न महाधिवेशनमा अपांगता भएका ४२ जना प्रतिनिधि थिए। अध्यक्षबाट मनोनयन हुने ५० जनामध्ये हालसम्म ३१ जनाको मनोनयन भइसकेको छ, जसमा दुई महिला र बाँकी सबै पुरुष छन्। '१९ जना मनोनयन गर्न बाँकी छ, यसमा अपांगता भएकालाई पनि राख्न 'लबिइङ' भइरहेको छ,' केन्द्रीय सदस्य पराजुलीले भनिन्।

●●●

अपांगताको समावेशीकरणमा कांग्रेस केही उदार देखिएको छ। कांग्रेसका वडा कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म कम्तीमा एक/एक जनाको प्रतिनिधित्व छ। विधानमै कम्तीमा एक/एक जनालाई कोटाको व्यवस्था छ। कांग्रेसनिकट अपांगता भएका व्यक्तिको भ्रातृ संगठन राष्ट्रिय लोकतान्त्रिक अपांग संघ २०६६ मा बनेको थियो। १३० जनाभन्दा बढी महाधिवेशन प्रतिनिधि हुन पाएका थिए।

महाधिवेशनबाट सभापतिसहित १६८ जनाको केन्द्रीय कार्यसमिति निर्वाचित भएकामा एक जना अपांगता भएका व्यक्ति छन्। उनी भक्तपुरको मध्यपुर ठिमी नगरपालिकाका मेयर मदनकृष्ण श्रेष्ठ हुन्। उक्त पदमा अपांगता भएका १२ जनाले प्रतिस्पर्धा गरेका थिए। केन्द्रीय कार्यसमितिमा ३३ जनामध्ये १३ जना मनोनीत भइसकेका छन्। बाँकी २० जनामा अपांगता भएका एक जना पार्न 'लबिइङ' गरिरहेको राष्ट्रिय लोकतान्त्रिक अपांग संघका अध्यक्ष तथा महाधिवेशन महासमिति सदस्य भोजराज श्रेष्ठले बताए। उनका अनुसार कांग्रेसको वडादेखि केन्द्रीय कार्यसमितिसम्म ८ हजार ८७ जना अपांगता भएका व्यक्तिको प्रतिनिधित्व छ। जनसंख्याका आधारमा यो प्रतिनिधित्व पनि न्यून हो। 'यत्तिको आउनु अरूको तुलनामा राम्रो छ तर पर्याप्त छैन, जसले अपांगताको सवाल बुझेको छ, उसले आउन पाएको छैन, यसले गर्दा अपांगताका मुद्दा दलभित्र कति उठ्छन् भन्ने चुनौती नै छ,' उनले भने।

●●●

एमालेबाट विभाजित भएर गठन भएको एकीकृत समाजवादीको ३३५ सदस्यीय केन्द्रीय कमिटीमा अपांगता भएका वीरेन्द्रराज पोखरेलमात्र छन्। ललितपुरका पोखरेल पूर्ण दृष्टिविहीन हुन्। एकीकृत समाजवादीले अपांगता भएका व्यक्तिलाई समेट्न समाजवादी अपांगता संगठन नेपाल गठन गरेको छ। सातै प्रदेशमा ५१ सदस्यीय संगठन बनाइएको अध्यक्ष रामप्रसाद ढुंगानाले बताए। 'प्रत्येक विभागमा एक/एक जनाको प्रतिनिधित्व गराउन माग गरिरहेका छौं, नयाँ दल भएकाले सम्बोधन हुने अपेक्षा छ,' उनले भने। समाजवादीले पनि अन्तरिम विधान २०७८ मा अपांगता भएका व्यक्तिहरूको प्रतिनिधित्वलाई बाध्यकारी भने ठानेको छैन। समाजवादीको विधानमा पनि माओवादीको जस्तै 'पार्टी कमिटीहरूमा स्थानीय विशेषताअनुरूप श्रमिक, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अल्पसंख्यक समुदाय र अपांगता भएका व्यक्तिहरूको यथासम्भव समावेशी प्रतिनिधित्व हुने' उल्लेख छ।

जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टीका अन्तरिम विधानमा केन्द्रीय सांगठानिक संरचनामा अपांगतालाई समेट्ने स्पष्ट व्यवस्था गरिएको छैन। राष्ट्रिय अपांग महासंघ नेपालका महासचिव राजु बस्नेत भन्छन्, 'भोट चाहिने तर प्रतिनिधित्व छैन।'

महासंघमा राजनीतिक दलले अपांगता भएका व्यक्तिलाई पर्याप्त नेतृत्व नदिएकाले समानुपातिक समावेशी सिद्धान्त लागू गराउन दलहरूसँग वकालत गरिदिन माग राख्दै आउने गर्छन्। 'कोसिस गरेको हो, दलहरूले हुन्न भन्दैनन्,' बस्नेतले भने, 'केहीले जसोतसो एक-दुई जनालाई नेतृत्वमा समेटेका छन्, त्यसमा पनि 'मुभमेन्ट' मा भएको पुग्न पाएनन्, जो पुगे दलको वरिपरिका मात्रै पुगे, उनीहरूले समग्र अपांगता भएको व्यक्तिका मुद्दा नउठाउने भए।'

अपांगता भएका व्यक्तिहरूको सवालमा राजनीतिक वृत्तमा मुख्य दुई धार देखिँदै आएको छ- द्वन्द्व प्रभावित अपांगता भएका व्यक्ति र प्राकृतिक तथा विपत्तिमा परेर भएका अपांगता भएका व्यक्ति। माओवादीभित्र यसको समस्या जटिल छ। द्वन्द्वबाट प्रभावित भएर आएकाले दलभित्रको योगदान तथा योग्यतालाई सवाल बनाउँदै आएका छन्। प्राकृतिक तथा विपत्तिमा परेर भएका अपांगता भएकाले अपांगताको मुद्दा र अभियानलाई जोड दिने गरेका छन्। यसको प्रत्यक्ष असर नीति बनाउने थलोमा देखिने गरेको राष्ट्रिय सभाका सांसद प्रकाश पन्थको अनुभव छ। 'जनयुद्धमा घाइते भएर राजनीतिक एजेन्डा बोकेर आएका साथीहरू संविधान र लोकतन्त्रका लागि लड्यौं भन्नुहुन्छ, उहाँहरूले अपांगताको समस्यालाई महसुस गर्नुहुन्न। महसुस हुनेले मात्रै बोल्दा कम सुनिन्छ। अपांगताको सवाल जति उठ्नुपर्ने हो, उठ्दैन,' उनले भने।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ (संशोधन २०७५) ले कुनै पनि दलको विधानबमोजिम संगठनात्मक संरचना नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनुपर्ने तोकेको छ तर दलहरूले विधानमा त्यस सम्बन्धमा स्पष्ट व्यवस्था नगर्दा अपांगतालगायत सीमान्तकृत समुदाय नेतृत्वमा आउन नसकेको अधिकारकर्मीहरूको भनाइ छ। 'समानुपातिक समावेशी सिद्धान्त भनेको जसको जति जनसंख्या छ, त्यति नै प्रतिनिधित्व हुनुपर्छ भन्ने हो, समावेशीतालाई सोलोडोलोमा राखेर चुनौती थपिएको छ,' अधिकारकर्मी रीता साहले भनिन्, 'राजनीति गर्ने भनेको नीति निर्माण गर्ने ठाउँ हो। संविधानले यस्तो समुदायलाई विशेष व्यवस्था गर्ने भनेको छ, खोइ त विशेष?'

राजनीतिमा नेतृत्वदायी भूमिका नपाउँदा राज्यका निकायमा दलमार्फत जानुपर्ने प्रक्रियामा समेत प्रत्यक्ष असर गर्ने र यसले नीति बनाउने थलो, कार्यान्वयन तथा अनुगमनमा अपांगता भएका व्यक्तिहरू स्वयंको उपस्थिति न्यून हुने र सुनुवाइसमेत नहुने अपांगताका अधिकारकर्मी निर्मला धितालले बताइन्। निर्वाचन आयोगका अनुसार स्थानीय तहमा ०.०१ प्रतिशत, प्रदेशसभामा ०.५४ प्रतिशत र संघीय संसद्मा १.७९ मात्र उनीहरूको प्रतिनिधित्व छ। जुन संविधान समानुपातिक समावेशी सिद्धान्तअनुरूप पुग्दैन। ०६८ सालको जनगणनाअनुसार कुनै एक वा बढी प्रकारको अपांगता भएका व्यक्तिको संख्या ५ लाख १३ हजार ९ सय ९३ अर्थात् कुल जनसंख्याको १.९४ प्रतिशत छ।

संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प राखेको भए पनि अपांगता भएकालाई नेतृत्व दिन राजनीतिक दलले प्राथमिकतामा राखेका छैनन्। निर्वाचन आयोगका सहायक प्रवक्ता कोमलप्रसाद धमलाले दलका सांगठनिक संरचनाको समावेशिता हेर्ने छुट्टै नीतिगत व्यवस्था नरहेको बताए। 'विधानअनुसार दलले काम गर्छ भन्ने हो, समावेशी सिद्धान्त कसरी लागू गरेका छन्, आयोगमा १०५ दल दर्ता छन्, देशभरिका प्रत्येक संगठनभित्र कसको हेर्न जाने,' उनले भने, 'अनुगमन गरेर हेर्न त सकिन्छ, यसका लागि आयोगले छुट्टै नीति, मापदण्ड बनाउनुपर्ने हुन्छ। तत्कालका लागि हेर्ने भनेको उनीहरूले बुझाएका दस्तावेजमा मात्रै हो।'

साना दल 'असमावेशी'

मधु शाही (काठमाडौं)

राप्रपाको महाधिवेशन सुरु भएकै दिन पूर्वसांसद एवं राप्रपाका केन्द्रीय नेता ऋषिबाबु परियारले पत्रकार सम्मेलन गरी दल समावेशी नभएको प्रश्न उठाए। उनको माग थियो, 'पार्टीमा दलित सहभागिता संख्या बढाउनुपर्छ।' राप्रपामा लामो समयदेखि उनीसहित तीन जना मात्रै दलितको सहभागिता थियो। विधान संशोधन गरेर कम्तीमा ६ जना दलित केन्द्रीय सदस्य राख्नुपर्ने उनको माग थियो।

विधान संशोधन गर्ने बेला समावेशिताको मुद्दा उठाउँदै आएको राप्रपा नेतृत्व र विधान संशोधन समितिका संयोजक निरञ्जन थापाले परियारलाई सकारात्मक आश्वासन दिएका पनि थिए। संशोधित विधान छापिएर आउँदा भने दलित समुदायको समावेशीको संख्या राखिएन। 'तीन जना मात्रै लेखियो, प्रिन्ट मिस्टेक भएछ भन्दै नेताले टार्नुभयो,' उनले भने, 'यसले समावेशीप्रति संवेदनशीलता देखिएन भनेर बुझेको छु।'

संविधानमा समावेशिताबारे प्रस्ट पारिए पनि राजनीतिक दलले सहजै अवलम्बन गरेका छैनन्। महाधिवेशनपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले ३२ जना केन्द्रीय सदस्य मनोनयन गरे। त्यसमा पनि सीमान्तकृत समुदायका कोही परेनन्। १ सय ९९ सदस्यीय केन्द्रीय समितिमा अध्यक्षले ५० जना सदस्य मनोनयन गर्ने व्यवस्था छ। लिङ्देनले आफू संविधानको समावेशी सिद्धान्तविरोधी नभएको दाबी गरे। 'दोस्रो चरणको मनोनयनमा समावेशी भएर आउँछ,' उनले भने।

त्यस्तै, समानतामूलक समाजवादको सिद्धान्त बोकेको पार्टी जनता समाजवादी (जसपा) पनि संविधानले तोकेबमोजिम समावेशी छैन। संविधानअनुरूप एक तिहाइ महिला संख्या पुर्‍याउन निर्वाचन आयोगले पटक-पटक जसपालाई ताकेता गरेको छ। जसपामाा सीमान्तकृत समुदायको संख्या झन् न्यून छ। जसपा नेता प्रकाश अधिकारीले महिलाको संख्या १४ प्रतिशतजति मात्र रहेको बताए। 'समावेशी गराउनुको अर्थ मान्छे मात्रै थुपार्नु होइन,' उनले भने, 'योग्य मान्छे ल्याउन समय लाग्छ।'

जसपा केन्द्रीय कार्यकारिणी सदस्य दुर्गा सोवले समावेशीको पक्षमा दक्षताको कुरा गर्नु विभेदकारी दृष्टिकोण भएको बताइन्। अरू पार्टीमा भन्दा जसपामा दलित समुदायको संख्या बढी छ। उनका अनुसार ५ सय १४ सदस्यीय कमिटीमा ३० जनाभन्दा बढी दलित समुदाय छन्। जनसंख्याका आधारमा थप अधिकारसहितको समावेशी हुनुपर्ने भए पनि त्यो नीति पार्टी विधानमा मात्रै सीमित रहेको उनले बताइन्।

लोकतान्त्रिक समाजवादी पार्टीमा ३१ सदस्यीय केन्द्रीय समिति छ। गत भदौमा पार्टी दर्ता गर्दा ३३ प्रतिशत महिला संख्या पुर्‍याए पनि दलित, मुस्लिम, जनजाति, थारू, खस आर्यलगायत अरू सीमान्तकृत समुदायको सहभागिता न्यून छ। लोसपा नेता लक्ष्मण कर्णले समावेशी बनाउन कमिटीलाई ५१ सदस्यीय बनाउने पार्टीको योजना रहेको बताए। उनले त्यतिबेला कमिटी समावेशी बन्ने दाबी गरे।

निर्वाचन आयोगको राजनीतिक दल व्यवस्थापन समिति, राजनीतिक शाखा प्रमुख गुरु वाग्लेका अनुसार संविधानको मर्मअनुसार अरू ठूला पार्टीले पनि समावेशी सिद्धान्तबमोजिम क्लस्टर पुर्‍याउन कठिन हुने गरेको बताए। यद्यपि निर्वाचन आयोगले समावेशी नहुँदासम्म पार्टी दर्ता प्रक्रियामा कडाइ गर्ने र महाधिवेशनपछि विवरण अद्यावधिक गर्दा सोधपुछ गर्ने गरेको छ।

पार्टी दर्ता गर्दा महिलाको संख्या कम्तीमा एक तिहाइ हुनुपर्छ। निर्वाचन आयोगले तोकेअनुसार समावेशी दल नभए दर्ता गर्दा कडाइ गर्ने भए पनि समावेशी नभए के गर्ने? कुनै नियम छैन। 'नियमनका आधार नहुँदा आयोगले भन्छ, पार्टीहरूले हुन्छ भन्छन्, गर्दैनन्,' वाग्लेले भने, 'नेताहरूले स्वविवेक प्रयोग गर्नुपर्ने हो। महिला समावेशीबाहेक अरू समुदायगत समावेशीमा दल तथा पार्टी खासै संवेदनशील भएको देखिँदैन।'

लोसपामा ३१ जना केन्द्रीय समितिमा महिला आरक्षणको मात्रै कोटा पुगेको छ। ३१ जनामा ११ जना महिला सहभागिता छ भने अरू समुदायको प्रतिनिधित्व पर्याप्त छैन। दलितमा ३ जना, आदिवासी ६ जना, मुस्लिम २ जना र खस आर्य २ जना मात्रै छन्। राप्रपा र जसपाको केन्द्रीय समितिकै आरक्षण कोटा कति छ भन्नेमा अन्योल छ। जसपा विभाजनपछि विधानमा ८ सय १ जनाको केन्द्रीय समिति टुक्रिए। अहिले जसपामा ४ सय ९९ जनाको केन्द्रीय कमिटी छ। यसमा कुन समुदाय कति छन्? न लिंग छुट्याइएको छ न त समुदाय। आफ्नै कमिटीमा कुन समुदाय कति छन् भनेर अहिलेसम्म तथ्यांक छुट्याउन नसक्दा भद्रगोल स्थिति देखिएको पार्टीका प्रचार विभाग प्रमुख डम्बर खतिवडाले स्विकारे। 'पार्टी फुटेपछि कस्तो अवस्था छ, कोटा छुट्याउनै भ्याएका छैनौं,' उनले भने, 'तर आरक्षणका विरोधी होइनौं।'

सम्पादकीय

इन्टरनेट गतिमा भैरहेको ठगी रोक

इन्टरनेट प्रयोगकर्ताहरूको संख्या जति बढ्दो छ, यसका सेवाप्रदायकहरू पनि त्यही रूपमा थपिइरहेका छन् । उनीहरूका बीचमा तीव्र प्रतिस्पर्धा त छ, तर बजार सिद्धान्तबमोजिमको यसको समुचित लाभ ग्राहकहरूले पाइरहेका छैनन् । आफूले चलाइरहेको इन्टरनेट सेवासित पूर्ण सन्तुष्ट ग्राहक भेट्न मुस्किलजस्तै छ । सेवाप्रदायकसँगको सम्झौताअनुरूप इन्टरनेट नपाउनु घर-घरको समस्या बनेको छ । बेलाबेलामा सेवा नै अवरुद्ध हुने गडबडी पनि त्यत्तिकै छ । तुलनात्मक रूपमा गुनासोको मात्रामा घटीबढी होला, तर अधिकांशले इन्टरनेट सेवामा आफू ठगिएको महसुस गरिरहेका छन् । जारी विश्वव्याधिमाझ अनलाइन शिक्षा र घरबाटै कामजस्ता इन्टरनेटमा आधारित गतिविधि बाध्यात्मक बन्दै जाँदा यो सेवामा सुधारको खाँचो अझ टड्कारो बन्दै गएको छ ।

व्यापार बढाउन कम्पनीहरूले उच्च गतिको इन्टरनेट प्याकेज सस्तोमै बेच्ने उद्घोष गर्दै आएका छन्, जुन ग्राहकका लागि बहार बन्नुपर्ने हो, तर प्याकेजमा घोषणा गरिएअनुरूप सेवा पाउन नसकेको ग्राहकको गुनासो छ; पैसा तिरिसकेपछि दाबी गरिएजति एमबीपीएस उपलब्ध नहुने धेरैको समान भोगाइ छ । आफूले चलाइरहेको इन्टरनेटको गतिमा समस्या आएपछि यसको स्तरवृद्धि गरेकाहरूले पनि पुनः उही समस्याको सामना गरिरहेका छन् । थोरै गति र धेरै गतिको इन्टरनेट चलाउनुमा उनीहरूले तात्त्विक अन्तर पाइरहेका छैनन् । यसबाट ग्राहकहरू एकसाथ चकित र प्रताडित छन् । जतिसुकै उच्च गतिको इन्टरनेट लिए पनि ससानो फाइल डाउनलोड गर्न पनि निकै बेर कुर्नुपरेको धेरैको अनुभव छ । एउटै समस्याका निम्ति सेवाप्रदायकसित घरीघरी गुनासो गरिरहनुपर्दा उनीहरू हैरान छन् ।

इन्टरनेटको गुणस्तरबारे ग्राहकहरूको यस्ता गुनासोप्रति सेवाप्रदायकहरू गम्भीर हुनैपर्छ । किफायती मूल्यमा उच्च गतिको सेवा दिने घोषणाको प्रतिस्पर्धा गरिरहँदा उनीहरूले प्रतिबद्धताअनुरूपको गुणस्तर दिन सक्ने/नसक्नेमा यथोचित विचार पुऱ्याउनुपर्छ । जानकारहरूका अनुसार कतिपय सेवाप्रदायकले आफ्नो क्षमताले भ्याउनै नसक्ने गरी प्रस्ताव गरिरहेका छन्, जुन सरासर ठगी हो; यो त ग्राहकप्रति जानाजान गरिएको धोकाधडी हो । प्राविधिक गडबडीका कारण सेवाको गुणस्तरमा तलमाथि हुनु बेग्लै कुरा, सेवाप्रदायकहरूले ग्राहकमाथि जानाजान अन्याय गर्न भने मिल्दैन । उनीहरूले आफ्नो व्यापारिक प्याकेजमा त्यति मात्र प्रस्ताव गर्नुपर्छ, जति उनीहरूको क्षमताले धान्छ । र, ग्राहकहरूले मूल्यअनुसारको सेवा पाए/नपाएकोबारे नियामक निकाय दूरसञ्चार प्राधिकरणको पनि ध्यान जानुपर्छ, उसले इन्टरनेट-बजार अनुगमन गरी जानाजान ग्राहक ठग्नेहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

कबोलअनुसारको इन्टरनेट नआउनुमा कहिलेकाहीँ अरू पक्ष पनि जिम्मेवार हुन्छन्; राउटर, इन्टरनेट चलाउने डिभाइस आदिका कारणले पनि यस्तो समस्या आउने गर्छ । यसबारे सबै ग्राहक प्राविधिक रूपमा उत्तिकै सचेत हुन्छन् भन्ने हुँदैन, त्यसैले यस्ता समस्याको समाधान गर्न पनि सेवाप्रदायकको भूमिका आवश्यक पर्छ । उनीहरूले ग्राहकको गुनासोको उचित सुनुवाइ गर्ने हो भने यो दोहोरिरहने समस्या होइन । त्यसैले मूल प्रश्न फेरि पनि सेवाप्रदायकको व्यावसायिक इमानदारीकै हो । सेवा बिक्री गरिसकेपछि गुनासो आएमा समस्याको उचित समाधान खोज्नुपर्ने दायित्व सम्बन्धित कम्पनीहरूको हो । तर कतिपय यस्ता सेवाप्रदायकहरूले गुनासो सुन्ने संयन्त्रकै पनि राम्रो प्रबन्ध गरेका हुँदैनन्, दिइएको नम्बरमा फोनसम्म नउठेर ग्राहकहरू हैरान छन् ।

यस क्रममा स्वीकृतिबिनै गति बढाउने होडबाजी पनि चलेको देखिन्छ, जसबारे प्राधिकरण सतर्क रहनुपर्छ । प्राधिकरणले पुस २ मा सूचना जारी गर्दै इन्टरनेट सेवाप्रदायकलाई दूरसञ्चार सेवाको शुल्क/महसुल दर प्राधिकरणबाट स्वीकृत गराउन ध्यानाकर्षण गराएको पनि छ, यो निर्देशन कार्यान्वयनमा उसले कडीकडाउ गर्नु जरुरी छ । अचम्म त, प्राधिकरणकै अनुसार कुनै पनि सेवाप्रदायकले १०० एमबीपीएसभन्दा बढी स्पिडका लागि स्वीकृति पाएका छैनन्, तर उनीहरूले ६०० एमबीपीएस गतिसम्मको इन्टरनेट उपलब्ध गराउने भनेर आकर्षक विज्ञापन गरिरहेका छन् । न्यून गतिको इन्टरनेटका लागि इजाजत लिएर उच्च गतिको विज्ञापन गरी ग्राहकहरूलाई त्यहीअनुरूप शुल्क लिई बेच्ने अनधिकृत कार्यलाई पनि प्राधिकरणले रोक्नुपर्छ । समग्रमा, सेवाप्रदायकहरूबीच तीव्र प्रतिस्पर्धा हुनु राम्रो कुरा हो, तर अनधिकृत बिक्रीवितरण र गुणस्तरमा ठगी हुनु हुन्न । यसका निम्ति सम्बन्धित सेवाप्रदायकहरू व्यावसायिक मर्यादामा रहनु जति जरुरी छ, त्यति नै आवश्यक छ प्राधिकरणको अनुगमनको पनि ।

पानीका मुहान सुक्नुको रहस्य

वसुधा

उत्तमबाबु श्रेष्ठ

पुस ७ गते यसै दैनिकमा 'जथाभावी सडक निर्माणले सुक्दै पानीका मुहान' शीर्षकमा एउटा समाचार छापियो । उक्त समाचारको आधार नेपाल पानी सदुपयोग फाउन्डेसन र अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले नेपालका पहाडी र हिमाली भेगका ३०० पालिकाहरूमा गरेको सर्वेक्षणमा आधारित अनुसन्धान प्रतिवेदन थियो । उक्त अनुसन्धानले अध्ययन गरिएका करिब ७४ प्रतिशत पालिकामा पानीका मूल सुक्ने र ५८ प्रतिशतमा मूल सर्ने घटना पाइएको देखाएको छ । क्षेत्रगत रूपमा भन्दा, चुरे क्षेत्रका पालिकाहरूमा मुहान सुक्ने समस्या सबैभन्दा बढी छ । अध्ययनमा पालिकामा मूलको अवस्था, मूलधार क्षेत्रमा मानवीय र प्राकृतिक परिवर्तनको अवस्था, मूल सुक्दै गएको सन्दर्भमा स्थानीय बासिन्दाहरूले अपनाएका पानी आपूर्तिका उपाय र मूलधार जोगाउन गरिएका संरक्षणका प्रयासका साथै पानीको आपूर्ति बन्द हुँदा परेका असरहरूका बारेमा चर्चा गरिएको छ । तर पानीका मुहानहरूको प्रत्यक्ष अवलोकन, नक्सांकन र समयक्रमसँगै मूलमा भएको पानी आपूर्तिको परिमाणको फेरबदल, मूलवरपर भएका प्राकृतिक र मानवीय परिवर्तनको मूल्यांकनभन्दा पनि पालिकाप्रमुख वा उपप्रमुख वा प्रशासकीय अधिकृतसँग फोन अन्तर्वार्तामार्फत उक्त प्रतिवेदन तयार गरिएको हो । त्यसैले उक्त अध्ययनले मोटामोटी अवस्थाको जानकारीसम्म दिन सक्छ तर पानीको मुहानबारेको सूक्ष्म परिस्थिति र मुहान सुक्नुको वास्तविक कारण बताउँदैन ।

तथापि यसअघि गरिएका अन्य अध्ययनले नेपालमा केही दशकयता पानीका मूलहरू सुक्दै गइरहेको देखाएका छन् । जस्तै– त्रिभुवन विश्वविद्यालय अन्तर्गतको भूगोल केन्द्रीय विभागका अध्येताहरूले मध्यपहाडको मेलम्ची क्षेत्रमा गरिएका अध्ययन र युथ एलाइन्स फर इन्भाइरोमेन्टका अध्येताहरूले खोटाङ, नुवाकोट, सुर्खेत, डडेलधुरा जिल्लामा गरेका अध्ययनहरूले त्यहाँ पानीका मूल सुक्ने क्रममा तीव्रता आएको देखाएका छन् । तनहुँमा गरिएको अध्ययनले पनि ६३ प्रतिशत मूलमा पानीको मात्रा कम भएको देखाएको थियो । छरिएका सीमित अध्ययन भए पनि सबैको निष्कर्ष छ– केही दशकयता पूर्वदेखि पश्चिम नेपालसम्मका भूभागमा पानीका मुहान सुक्दै गएको देखिएको छ । र, सुक्ने क्रमको सूचना गोरखा भूकम्पपछि तीव्र भएको देखिन्छ । एक प्रतिवेदन अनुसार, २०७२ सालको गोरखा भूकम्पका कारण देशभरका करिब ५००० मुहान र इनारहरू सुकेका थिए । त्यसो त उक्त भूकम्पपछि कतिपय ठाउँमा नयाँ मुहान पनि देखिए र कतिपय मूलमा पानीको परिमाण झन् बढी देखियो । काठमाडौं उपत्यकाका केही ढुंगेधारामा भूकम्पपछि पानीको मात्रा बढेको थियो ।

समग्र हिमालय क्षेत्रकै समस्या

पानीको मुहान सुक्ने क्रम नेपालमा मात्रै होइन, केही दशकयता समग्र हिमालय क्षेत्रमा पनि बढिरहेको छ । भुटान, भारत र पाकिस्तानमा भएका अध्ययनहरूले उत्तरपूर्वी भारतका सिक्किम र मेघालयदेखि पश्चिमको उत्तराखण्ड र पाकिस्तानसम्म फैलिएको हिमालय पर्वत शृंखलाका सबै भूभागमा रहेका पानीका मूलहरू सुकेको वा सुक्ने क्रममा रहेको उल्लेख गरेका छन् । सन् २०१८ मा भारतको नीति आयोगले प्रकाशित गरेको प्रतिवेदनमा भारतका हिमाली क्षेत्रका करिब ६० प्रतिशत मूलहरूमा पानीको परिमाण कम भएको देखाएको थियो । उक्त प्रतिवेदन अनुसार, भारतको अल्मोडामा १५० वर्षपहिले ३६० वटा मूल भएकामा हाल उक्त संख्या घटेर ६० मै सीमित भएको छ । त्यसै गरी भुटानको कृषि मन्त्रालयले गरेको अध्ययनले पनि त्यहाँ ३५ प्रतिशत पानीका मुहानहरू सुक्ने क्रममा रहेको र २ प्रतिशत मूल सुकिसकेको देखाएको छ ।

पानीका मूलहरू यसरी सुक्दै जानुले यस भेगको जनजीवन र जीविकामा प्रत्यक्ष नकारात्मक असर पुऱ्याएको छ । किनभने हिमालयको पहाडी शृंखलामा मान्छेलाई पिउन अनि कृषिकर्म र अन्य जीविका चलाउनका लागि आवश्यक पानीको आपूर्तिको मुख्य स्रोत यहाँका मूलहरू नै हुन् । पानीका यी मूलहरूले यो क्षेत्रको मानवीय आवश्यकता मात्रै पूरा गरेका छैनन्, अन्य थुप्रै वातावरणीय सेवासुविधा पनि दिएका छन् । जस्तै– यस्ता मूलहरूले हिउँमा आश्रित नभएका नदी र खोलामा पानीको आपूर्तिको सुनिश्चितता गर्ने, जैविक विविधतालाई सहयोग गर्ने मात्रै होइन, कतिपय स्थानमा मूलहरू धार्मिक-सांस्कृतिक आस्थाका धरोहर पनि बन्न पुगेका छन् ।

त्यस कारण यस्ता पानीका मूलहरू सुक्दै जाँदा दैनिक मानवीय जीवन र जीविकामा मात्रै होइन, जैविक विविधता र पर्यावरणमा पनि नकारात्मक असर पुगेको छ । जस्तै– सिमसारमा पानीको मूल सुक्दा त्यसमा आश्रित चराचुरुंगी लगायतको जैविक विविधता हराएर जान्छ । जीवजन्तुले पिउने पानीको अभाव झेल्छन् । यतिखेर पानी अभावकै कारण कतिपय ठाउँमा मानवबस्तीहरू उजाडिएका छन् त कतिपय स्थानमा मानिसहरूले विकल्पका रूपमा अन्य स्थानबाट पानी लिफ्ट गरेर ल्याउने, टाढाको मुहानबाट पानी ल्याएर आपूर्ति गर्ने गरेका छन् । पानी अभावको सबैभन्दा बढी बोझ ग्रामीण भेगका महिलाहरू, गरिब तथा विपन्न घरलाई परेको छ । मूल सुकेका कारण टाढाटाढाबाट घण्टौं लगाएर पानी बोकेर ल्याउनुपरेको छ ।

> नेपालका सन्दर्भमा पछिल्लो समय पहाडी भेगमा सामुदायिक वन वा अन्यत्र हुर्काइएका सल्लाका वनहरूको भूमिका पानीको मुहान सुक्नमा कति छ भनेर वैज्ञानिक मूल्यांकन गर्न जरुरी छ ।

मूल सुक्नुका कारण

सामान्यतया वर्षातमा परेको पानी जमिनको सतहबाट जमिनमुनि छिर्छ । पानी कति भित्र छिर्ने भन्ने कुरा जमिनको बनोट र माटोको किसिममा भर पर्छ । सतहनजिकको माटोको तह पूरै भिजेपछि पानी अझै भित्र जान्छ र त्यसरी भित्र पसेको पानी जमिनभित्र धाँजा फाटेको, चिरिएको ठाउँ (एक्विफायर वा जलभरा) मा सञ्चित भएर बस्छ । जमिनमुनि रहेका त्यस्ता जलभराहरू जब पानीले भरिन्छन्, पानी माटोको कमजोर सतहबाट वा पृथ्वीको गुरुत्वाकर्षणका कारण तल्ला क्षेत्रहरूबाट निस्कन थाल्छ, जसलाई हामी मूल भन्छौं । त्यसकारण मूल बन्न र नासिन वर्षातको मात्रा, जमिनको बनोट, माटोको प्रकार र सतहमाथिको भूउपयोगले मुख्य भूमिका खेल्छ । साथै मूलमा पानीको मात्रा पनि मूलाधारको चरित्र, जलभरा र वर्षातले निर्धारण गर्छ ।

नेपाल पानी सदुपयोग फाउन्डेसन र इसिमोडको प्रतिवेदनले पानीको मूल सुक्नुमा मूलधार क्षेत्रको विनाश हुनु; परम्परागत पोखरीहरू मासिनु; सिमसार क्षेत्रहरू मासिनु; जथाभावी सडक तथा भौतिक संरचना बनाउनु; जलविद्युत् आयोजनाका सुरुङ, इनार, डिप बोरिङ खन्नुजस्ता मानवीय र बाढीपहिरो, खडेरी, भूकम्पजस्ता प्राकृतिक कारकहरूको भूमिका रहेको उल्लेख गरेको छ । अर्थात्, ती गतिविधिका कारण मूल बन्ने संरचना (जस्तै– जलभरा, मूलाधारको चरित्र) मा हानि पुग्यो र मूल सुक्यो । साथै जलवायु परिवर्तनका कारण फेरिएको वर्षातको समय, परिमाण र आवृत्ति एवं तापमान वृद्धिका कारण पनि पानीका मूलहरू सुकेका हुन् भन्ने अध्ययनहरूको दाबी छ । तर अधिकांश अध्ययनका यस्ता निष्कर्षहरू स्थानीय बासिन्दाका अनुभवमा आधारित हुन्, मूलाधार वा जलाधारमै गरिएका वैज्ञानिक परीक्षणका नतिजा होइनन् ।

कतिपय ठाउँमा जनसंख्या वृद्धि, पानीको अत्यधिक खपत गर्ने पछिल्लो जीवनशैलीका कारण पनि पानीको अभाव महसुस भएको हुन सक्छ । बढ्दो खपतले भएको कमीलाई मानिसहरूले पानीको प्राकृतिक आपूर्ति नै घटेको हिसाबमा लिएका पनि हुन सक्छन् । नेपालसहित हिमालय क्षेत्रका पानीका मूलहरूको बनोट जटिल र भिन्न भएकाले मूल सुक्दै जानुको कारण खोतल्न स्थानीय जलवायु, सतहमा भूउपयोगको अवस्था, भौगर्भिक बनोट, मानवीय गतिविधिको सूक्ष्म र लामो अवलोकन एवं अध्ययन चाहिन्छ जुन अहिलेसम्म भएको छैन ।

वनको भूमिकामा प्रश्न

नेपालमा पानी र वनको सम्बन्धलाई सधैं सकारात्मक र सीधा हिसाबले हेरिँदै आएको पाइन्छ । धेरै वन हुँदा पानी पनि धेरै हुन्छ भन्ने मान्यता आम रूपमा गढेको छ । तर उक्त 'आम बुझाइ' माथि पछिल्ला अध्ययनहरूले प्रश्न उठाएका छन् । सन् २००८ मा विश्व वन तथा कृषि संगठन (एफएओ) ले प्रकाशित गरेको 'टुवार्डस् ए न्यु अन्डरस्ट्यान्डिङ अफ फरेस्ट एन्ड वाटर' प्रतिवेदन अनुसार, उपल्लो तटीय क्षेत्रमा वन जोगाउँदा पानीको गुणस्तरमा उल्लेख्य सुधार आए पनि माथिल्लो भूभागमा वन जोगाउँदा तल्लो भूभागमा पानी आपूर्तिको परिमाण बढ्छ नै भन्ने छैन । अर्थात्, वन र पानीको सम्बन्ध सोचेजस्तो सपाट, सरल र सीधा छैन । मुख्यतः कम पानी पर्ने पूर्ण वा केही सुक्खा स्थानहरूमा तल्लो भूभागमा पानीको मात्रा बढाउन वनको अवस्थिति सहयोगी नहुन पनि सक्छ ।

वन पानी अत्यधिक दोहन गर्ने पारिस्थितिकीय प्रणाली हो । एउटा रूखले प्रतिदिन १.७५ लिटरदेखि ३७२ लिटरसम्म पानी उत्स्वेदन (ट्रान्सिपेरेसन) गरेर हावामा फाल्छ । त्यसकारण पानी प्रयोगको हिसाबले भन्दा रूख 'पम्प' जस्तै हो, जसले जराबाट जमिनमा भएको पानी तानेर पातबाट वायुमण्डलमा फाल्छ । तर सँगै रूखको अर्को भूमिका पनि हुन्छ । त्यसले विशेष गरी वर्षातको समयमा पानीलाई जमिनमा अड्याउने गर्छ जसले गर्दा पानी जमिनमा सोसिन सहयोग पुग्छ । अर्थात्, रूख पानी फाल्ने 'पम्प' र सोस्ने 'स्पन्ज' दुवै हो । थप, पानीको उपलब्धतामा वनको भूमिका सबै ठाउँमा एकै हुँदैन; वनको किसिम र घनत्व, ल्यान्डस्केपको प्रकृतिले फरक पार्छ । अस्ट्रेलियामा गरिएको अनुसन्धान अनुसार, वार्षिक ८५० देखि १५०० मिलिमिटर वर्षात हुने क्षेत्रमा रोपिएका सल्लाका रूखहरूले त्यहाँको जलाधारमा पानीको मात्रा उल्लेख्य रूपमा घटाउँछन् । नेपालका सन्दर्भमा पछिल्लो समय पहाडी भेगमा सामुदायिक वन वा अन्यत्र हुर्काइएका सल्लाका वनहरूको भूमिका पानीको मुहान सुक्नमा कति छ भनेर वैज्ञानिक मूल्यांकन गर्न जरुरी छ ।

विशेषतः पछिल्ला बहुअध्ययनको संश्लेषण (मेटा एनालाइसिस) ले क्षेत्रीय रूपमा वनले जलचक्रमा सकारात्मक र अपरिहार्य प्रभाव पारे पनि सानो आकारको जलाधार क्षेत्रको जलविज्ञानमा त्यसले सुक्खा बढाउन सक्ने संकेत गरेको छ । यद्यपि जल र जंगलका सम्बन्धमा वैज्ञानिक बुझाइमा अझै अन्योल कायमै छ । त्यसैले, वनका अनेकौं फाइदा हुँदाहुँदै पनि जलाधारविशेषमा हुर्काइएको वनको प्रकार, त्यसको प्रजातिगत र अन्य विविधतायुक्त (वनभित्रका ससाना झाडी-बुट्यान) संरचनामा ध्यान नदिने हो भने त्यो अहिले आम सोचाइमा भएको जस्तो 'वन बढ्दा पानी पनि बढ्छ' भन्ने मान्यतामा सहयोगी नहुन सक्छ ।

अन्त्यमा, अहिले भइरहेको र भविष्यमा झनै बढ्ने तापमान वृद्धि र वर्षातको फेरबदलले जल र जंगलको सन्तुलनलाई दुई तरिकाले प्रभावित गर्न सक्छ । पहिलो, तापमान वृद्धिसँगै हुने सुक्खा र गर्मीमा रूखले गर्ने उत्स्वेदन दर बढ्छ । दोस्रो, वर्षातको समय, अवधि र आवृत्तिमा परिवर्तन हुँदा जलभरामा पानीको मात्रा कम हुन सक्छ । त्यस्तो अवस्थामा एकातिर जमिनमुनि पानीको सञ्चिति वर्षातको फेरबदलका कारण घट्ने र घटेको पानीको सञ्चितिलाई रूखले उत्स्वेदनमार्फत सकिदिने गर्दा पानीका लागि मानव र वनबीच प्रतिस्पर्धा हुने अवस्था आउन सक्छ । त्यसकारण पानीको मूल मासिनुका विविध रहस्यको उत्खनन अत्यन्त जरुरी छ ।

सम्पादकलाई चिठी

आरोपित जोगाउन सरकारै सक्रिय

बालुवाटारस्थित ललिता निवास परिसरको जग्गा अब फिर्ता नहुने निश्चित देखिएको छ । यस प्रकरणको तीन वर्ष लगाएर प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अध्ययन गरेर बनाएको फाइल सरकारी वकिलको कार्यालयले अस्वीकार गरेको समाचार बाहिरिएको छ । सीआईबीले तीन सयभन्दा बढी व्यक्तिलाई मुद्दा चलाउनु पर्ने प्रतिवेदनमा उल्लेख गरेको छ । तर, सरकारी वकिलको कार्यालयले उक्त फाइल अपुरो भन्दै फिर्ता गरेबाट सीआईबीको मनोबल कमजोर भएको छ । यस प्रकरणमा सामेल भएकाहरूले उन्मुक्ति पाउनु हुन्न । तर, यस्ता गतिविधिले सरकार कानुनी कारबाही गर्न असफल भइरहेको देखाउँछ । वर्षौंदेखिको यो माफिया चक्र यसपटक तोडिने र सरकारी जमिन सरकारकै नियन्त्रणमा आउने थोरै विश्वास आमनागरिकमा थियो । तर सरकार भूमाफियाको जालोमा जेलिएको छ । यसबाट निस्कन निकै मुस्किल पर्ने देखिँदै छ ।

– रामकृष्ण बराल, *जोरपाटी-५, काठमाडौं*

●●●

ललिता निवास जग्गा प्रकरणबारे सीआईबीले गरेको खोज-अनुसन्धानको फाइल सरकारी वकिलको कार्यालयले फिर्ता पठाएको छ । राजनीतिक नेतृत्वको मिलोमतोमा सरकारी सम्पत्तिको दोहन हुन्छ भने कसले के नै गर्न सक्छ र ? यस प्रकरणमा ३०० भन्दा बढी उच्चपदस्थ सरकारी कर्मचारी तथा नेताहरू संलग्न भएकाले त्यो फाइला दर्ता नगरेको होला ! पुस २७ भित्र दर्ता गर्नुपर्ने फाइललाई एक दिनअघि फिर्ता पठाइन्छ भने यसमा ठूलै चलखेल छ भन्ने अनुमान गर्न सकिन्छ । न्याय दिनुपर्ने सरकारी वकिलको कार्यालयले नै यस्तो गरेपछि अब कोबाट न्यायको आस गर्ने ? नेपाल ट्रस्टको नामको जग्गा नेता, मन्त्री तथा प्रधानमन्त्रीको निजी सम्पत्ति होइन । त्यो त नागरिकको सम्पत्ति हो । नागरिकको सम्पत्तिमा कुदृष्टि कर्मचारी तथा नेताहरूले लगाइरहेका छन् । सीआईबीको फाइल ठीक कि बेठीक त्यसबारे छलफल गर्न सकिन्थ्यो, त्यसलाई मान्ने कि नमान्ने अर्कै कुरा भयो तर कम से कम फाइल दर्ता त गर्न सकिन्थ्यो । यसो नगर्नु भनेको प्रहरीको अनुसन्धानमाथि विश्वास नगर्नु हो । प्रहरीले गलत रिपोर्ट बनाएको भए त्यसलाई प्रमाणित गर्नुपर्‍यो होइन भने अपराधीहरूलाई बचाउने सरकारी नीति गलत छ । यसको सबैले विरोध गर्नुपर्छ । यस प्रकरणमा जो-जो मुछिएका छन् ती सबैलाई कारबाही हुनपर्छ । लोकतान्त्रिक गणतन्त्र, दलहरूलाई भ्रष्टाचार गर्न ल्याएको तन्त्र होइन ।

– पुरुषोत्तम घिमिरे, *जोरपाटी, काठमाडौं*

पृथ्वीनारायणको योगदान

गोपाल खनालको 'एकीकरण बहसमै कति अलमलिने ?' लेख सान्दर्भिक लाग्यो । हुन त, नेपालको एकीकृत रूपलाई देखिनसहने केही तत्त्वले पृथ्वीनारायण शाहको योगदान नजरअन्दाज गरिरहेका छन् । अरू कोही नपाएर शाहवंशमाथिको रिस पृथ्वीनारायणमाथि पोख्ने गर्छन् । वास्तवमा पृथ्वीनारायणको योगदान वर्णन गरेर साध्य छैन । प्रथमतः जसरी पनि बेलायती उपनिवेशवादको डटेर सामना गर्ने, नेपाल छिर्न नदिने संकल्प, दृढता, आँट र अठोटका कारण उनलाई इतिहासकै सफल शासक मानिन्छ । सिन्धुलीगढीको युद्धमा गोर्खाली फौजद्वारा बेलायती पराजित भएपछि उनीहरूले फेरि नेपाल छिर्ने आँट गरेनन् । व्यापारको नाममा सियोझैं घुसेर दक्षिण एसियामा राज गरिरहेको ब्रिटिस इस्ट इन्डिया कम्पनी गोर्खाली सेनासँग हार्नु बेलायती औपनिवेशिक सोचमाथिको कठोर प्रहार थियो । व्यापार गर्ने बहानामा नेपाल हुँदै तिब्बत पुग्ने र यो क्षेत्र कब्जा गर्ने बेलायतीको योजना पृथ्वीनारायणका कारण सफल हुन पाएन । नेपालको गरिमा, स्वाभिमान, सार्वभौमिकता र अस्तित्व जोगाउन पृथ्वीनारायणले पुऱ्याएको योगदानमाथि टेढो आँखा लगाउनेहरूलाई राष्ट्रवादी कसरी भन्ने ?

बेलायतको योजना असफल भएपछि हामी नेपाली ठाडो शिर बनाएर हिँड्न पाएका छौं, बाइसे चौबीसे राज्यको संकुचनबाट बृहत्तर देशको सेरोफेरोमा रमाएका छौं । इतिहासविद् बाबुराम आचार्यका पृथ्वीनारायण शाहमा साम्राज्यको आकांक्षा नभएको, विजय हासिल गरेपछि काठमाडौंलाई पराजितको व्यवहार नगरेको र कान्तिपुरलाई विस्तारित भूमिको राजधानी बनाएको लगायतका सन्दर्भ मननयोग्य छन् । भ्रष्टाचारको विरोधमा अडान, आयातलाई प्रवेश नदिई स्वदेशी उत्पादनको प्रवर्द्धन र बजारीकरण, आर्थिक विकासमा जोड दिँदै उत्कृष्ट कूटनीतिज्ञको भूमिका निर्वाह गर्न सफल पृथ्वीनारायणको जति प्रशंसा गरे पनि कमै हुन्छ ।

– भुवनेश्वर शर्मा, *चन्द्रागिरि-२, काठमाडौं*

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np
(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

सार्वजनिक स्वास्थ्यको सबाल



नेपालको स्वास्थ्य क्षेत्रलाई दुइटा पक्षबाट नियाल्न सकिन्छ । पहिलो यसको पूर्वाधार, दोस्रो जनशक्ति । प्रत्येक बजेटमा स्वास्थ्यलाई प्राथमिकतामा राखिन्छ, पूर्वाधारका लागि पैसा छुट्टचाइन्छ । तर, त्यसको सदुपयोग र परिचालन सोचेअनुरूपको छैन । त्यसैले पनि, ग्रामीण तथा दूरदराजको ठूलो जनसंख्या प्राथमिक स्वास्थ्य सेवाबाटै वञ्चित छन् । भएका पूर्वाधारहरूको पनि उपयोग भएको छैन । बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतका सरकारी स्वास्थ्य निकायमा करोडौं मूल्य बराबरका उपकरण त्यसै थन्किएका छन् । स्वास्थ्य क्षेत्रमा मौलाएको भ्रष्टाचारमा राजनीतिक अराजकताले 'घ्यू' थपिरहेको छ । उपकरणले मात्र स्वास्थ्य क्षेत्र सुधार हुँदैन, त्यसलाई चलाउन परिचालक चाहिन्छ । तर, स्वास्थ्य जनशक्तिको हालत पनि उस्तै छ । हाम्रोमा चिकित्सक, स्वास्थ्य प्राविधिक, औषधि उत्पादकलगायत दक्ष जनशक्तिको कमी छैन तर तिनलाई स्वदेशमै राखिराख्न सकिएको छैन । यहाँ अवसर नपाएपछि, उनीहरू बिदेसिने गरेका छन् । श्रमको सही मूल्यांकन नहुँदा र आफ्नो दक्षता माझ्न पनि उनीहरू बिदेसिन्छन् । नीति-निर्माताहरूको अदूरदर्शिताले गर्दा नै उनीहरूलाई भनेजस्तो सेवासुविधा दिएर यही राख्न सकिएको छैन ।

म चिकित्सा पेसामा छु, भक्तपुरस्थित ख्वप: अस्पतालमा कार्यरत । भक्तपुरले स्वास्थ्य क्षेत्रमा गरेका कामहरूबाट अरू क्षेत्रले पनि सिक्ने ठाउँ प्रशस्त छ भन्ने मलाई लाग्छ । भक्तपुरले उपचारमा हरेक वर्गको पहुँच पुऱ्याउन केही गम्भीर प्रयास गरिरहेको छ, जसको उदाहरण हो च्याम्हासिंहस्थित जनस्वास्थ्य केन्द्र । यहाँ बिरामीले सहजै र अन्य अस्पतालमा भन्दा सस्तोमा उपचार पाउँछन् । त्यस्तै हरेक वडामा स्वास्थ्य संस्थाको उपस्थिति छ । यहाँका स्वास्थ्य पूर्वाधार दिन प्रतिदिन व्यवस्थित र स्तरीय बनाइँदै छ । यसका लागि भक्तपुरका राजनीतिज्ञहरू अहोरात्र खटिएको जगजाहेरै छ । भक्तपुरले स्वास्थ्य क्षेत्रमा गरेको उपलब्धि सराहनीय छ । यदि बजेट व्यवस्थापन र त्यसको परिचालन सही तरिकाले गर्ने हो भने कम लागतमा पनि स्तरीय स्वास्थ्य सेवा दिन सकिँदो रहेछ । भक्तपुरले जस्तै अरू क्षेत्रले पनि यसरी गम्भीर भएर स्वास्थ्य क्षेत्रको स्तर उकास्न काम गर्नुपर्छ । सार्वजनिक स्वास्थ्य सेवा आमसर्वसाधारणले सहजै पाउनुपर्छ, त्यसका लागि पूर्वधार र जनशक्तिको व्यवस्थापनका साथै सरकारको इच्छाशक्ति पनि आवश्यक छ ।

– डा. विवेध नेउपाने, *काठमाडौं*

कांग्रेसमा युवा–उभार र लोक–अपेक्षा

शंकर तिवारी

नेकपा माओवादीको अधिवेशन सकिएसँगै नेपाली कांग्रेस, नेकपा एमाले र राप्रपासहित नेपालका मुख्य चार पार्टीका महाधिवेशनहरू सकिएका छन् । चार राजनीतिक दलका महाधिवेशनहरूले नेपालको राष्ट्रिय राजनीतिमा, संविधानवादको विकासमा, लोकतन्त्रको संवर्द्धनमा केके प्रभाव पार्न सक्छन् भन्नेबारे विचारविमर्श जारी छ ।

संवैधानिक बाध्यता पूरा गर्न भएका यी महाधिवेशनमध्ये राप्रपाको अपवादलाई छाडेर बाँकी तीन पार्टीले पुरानै नेतृत्वलाई निरन्तरता दिएका छन् । नेपाली कांग्रेसमा भने पुरानै नेतृत्व शेरबहादुर देउवाको निरन्तरताभन्दा महामन्त्रीमा निर्वाचित दुई युवा नेताका कारण धेरै चर्चा चलिरहेको छ । नेपाली कांग्रेसको सभापतिपछि महत्त्वपूर्ण पदाधिकारीमा युवाहरू विजयी हुनुले किन त्यस्तो तरंग ल्यायो त भन्नेबारे यो लेख केन्द्रित रहनेछ ।

नेपाली कांग्रेसका महाधिवेशनहरूलाई दृष्टिगत गर्ने हो भने, २०४६ अगाडिका अधिवेशन र २०४६ पछिका अधिवेशनहरूमा तात्त्विक भिन्नता देखिन्छ । २०४६ अघिका अधिवेशनहरूको केन्द्रमा निःसन्देह बीपी कोइराला थिए । तर प्रत्येक अधिवेशनबाट नयाँ नेताहरूले पदाधिकारीमा मौका पाउँथे । के कारणले पदाधिकारीमा हमेसा नयाँ मानिसहरूले ठाउँ पाएका थिए त ? त्यो कसरी स्थापित परम्परा बनेको थियो ? बीपीका अनुसार उनलाई हरेक पटक नयाँ साथीहरूलाई अवसर दिनुपर्छ भन्ने लागेर त्यो सम्भव भएको थियो । त्यति बेला सभापति हुनेबाहेक शीर्षस्थ नेताहरूले सदस्य पदमै रहेर कार्य गरेको देखिन्छ ।

यो शैलीको ठीक विपरीत २०४६ पछिको पार्टी नेतृत्व विकासलाई हेर्दा ब्युरोक्रेटिक शैली हाबी भएको देखिन्छ । त्यसको नमुनामा हामीले रामचन्द्र पौडेल वा सुशील कोइरालाले तय गरेको नेतृत्वको सोपानलाई हेर्न सक्छौं । हालै मात्र उपसभापतिमा निर्वाचित भएका पूर्णबहादुर खड्का पनि सहमहामन्त्रीबाट महामन्त्री हुँदै यहाँसम्म आइपुगेका हुन् । झट्ट हेर्दा उनको यो बढुवाले पनि कर्मचारीतन्त्रको फाइल बढुवाको झल्को दिन्छ, उनी एउटा उदाहरण मात्र हुन् ।

गगन थापाकेन्द्रीय कार्यसमितिमा प्रतिनिधित्व गरेको तेस्रो कार्यकालमा महामन्त्रीमा निर्वाचित भएका हुन् भने विश्वप्रकाश शर्मा केन्द्रीय कार्यसमितिमा पुगेको दोस्रो कार्यकालमा । गगन पार्टीको कुनै पदाधिकारी नभई एकै पटक महामन्त्री भएका हुन् भने, विश्वप्रकाशलाई प्रवक्ता भएर काम गरेको पृष्ठभूमिले महामन्त्रीमा निर्वाचित हुन थप सहज बनायो । यी दुई नेताका अलावा धनराज गुरुङको उपसभापतिमा भएको विजयबाट पनि २०४६ सालपछि निरन्तरता पाएको फाइल बढुवाको क्रमभंगता भएको प्रस्ट महसुस गर्न सकिन्छ । आगामी महाधिवेशनमा यस्तो क्रमभंगता निरन्तर रहिरहला वा यो एउटा अपवादका रूपमा रहला, जवाफका लागि १५ औं महाधिवेशनसम्म पर्खनुपर्नेछ ।

संयोग वा अरू केही, गिरिजाप्रसाद कोइरालाले पहिलो पटक सभापति निर्वाचित भएपछि एकै पटक शैलजा आचार्यलाई उपसभापति र सुशील कोइरालालाई महामन्त्री पदमा नियुक्त गरेका थिए । उनीहरू दुवै जना कोइराला परिवारका सदस्य थिए ।

लोकतान्त्रिक राजनीतिमा नैतिकता र जवाफदेहीको निकै ठूलो अर्थ र महत्त्व रहन्छ । पुरानो संस्कारबाट दीक्षित नेताहरूबाट भन्दा नयाँ संस्कारका युवा नेताहरूबाट त्यो झन् धेरै अपेक्षित हुन्छ ।

विधानमा फेरिएको प्रावधानले कांग्रेसमा पदाधिकारी हुन वंश परम्परा मात्रै पर्याप्त नहुने तथ्य जगजाहेर भएको छ । बीपीपुत्र शशांकले पार्टी सभापतिमा प्रतिस्पर्धा नगर्नुले समेत धेरै कुराको संकेत गर्छ ।

२०६२-६३ को जनआन्दोलनपश्चात् कुनै पनि पार्टीको शीर्ष तहमा निर्वाचनका विधिबाट यतिका संख्यामा युवाहरू निर्वाचित भएको यसपालि पहिलो हो । होइन भने सबै मुख्य पार्टीमा २०६२-६३ अगाडि नै स्थापित भएको नेतृत्वको हालीमुहाली रहँदै आएको थियो । त्यसैले २०६२-६३ यता भएका ती पार्टीका महाधिवेशनहरूले आम मानिसमा त्यति धेरै उत्साह र उमंग सञ्चार गर्न सकेका थिएनन् । सबै पार्टीका शीर्ष तहका नेतृत्वमा 'पुरानो संस्कार' बाट निर्देशित नेताहरू थिए । २०६२-६३ को जनआन्दोलनको अग्रमोर्चामा रहेका प्रतिनिधि अनुहार मूलधारको राजनीतिक दलमा १५ वर्षपछि मात्रै दोस्रो तहको पदाधिकारीमा निर्वाचित हुनुलाई नेपाली नागरिकहरूले गौरव मान्नुपर्ने अवस्था छ । २०६२-६३ को आन्दोलनमा नयाँ सपना देखेको पुस्ताले कांग्रेसको युवा नेतृत्वसँग सामञ्जस्य गरेको देखियो, अपनत्व महसुस गरेको पाइयो । यसले देखाउँछ, स्थापित राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको अवस्था के छ, नयाँ पुस्तालाई त्यहाँ प्रवेश गर्ने बाटो कति सहज छ र शीर्ष नेतृत्वको कसरी बहिर्गमन हुन्छ ।

नेपाली कांग्रेसमा २०६२-६३ पछि लेखिएको विधानले जिल्ला सभापति र केन्द्रीय सभापतिका हकमा दुई कार्यकाल मात्रै निर्वाचित हुन पाउने प्रावधान राखेको थियो । आम निर्वाचनमा पार्टीको सफलता-असफलतालाइ लिएर शीर्ष नेतृत्वको बहिर्गमनबारे नेपाली कांग्रेसले युरोपका प्रजातान्त्रिक दलहरूमा जस्तो प्रावधान भने उल्लेख गरेको छैन ।

नेपाली कांग्रेसका पदाधिकारीमा देउवा र खड्काबाहेक अरू सबै अनुहार नयाँ भए पनि गगनलगायतलाई उनीहरूको एजेन्डा कार्यान्वयनका लागि पहल गर्न मुस्किल पर्ने देखिन्छ । केन्द्रीय कार्यसमितिमा तीनचौथाइभन्दा बेसी आफ्नो समूहका साथीहरूलाई जिताउन सफल देउवाको प्रचण्ड बहुमतअगाडि परिवर्तनको स्वर कहाँनिर मुखर होला, तीव्र प्रतीक्षाको विषय बनेको छ । विधानको अक्षरशः पालना र नीतिगत कार्यमा युवा नेताहरूले कति हस्तक्षेप गर्न सक्छन्, त्यो महत्त्वको कुरा हुनेछ । नयाँ केही नभए पनि विधानको पूर्ण पालना हुनु पनि ठूलो उपलब्धि हुनेछ तर यत्तिमा सन्तोष मानेर पुग्नेवाला पनि छैन ।

के नेपाली कांग्रेसमा आगामी आम निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार को हुने भन्नेबारे खुला बहस हुन सक्छ ? बहालवाला प्रधानमन्त्री हुँदा गिरिजाप्रसाद नेतृत्वको नेपाली कांग्रेसले २०५६ मा उनको भन्दा कृष्णप्रसाद भट्टराईको विश्वसनीयता, स्वीकार्यता र जनअनुमोदनको दायरा फराकिलो हुने आकलन गर्दै भावी प्रधानमन्त्री भनेर जनतासँग मत मागेको थियो । के पाँच पटक प्रधानमन्त्री बनिसकेका देउवाले त्यो शैलीको निर्णय गर्न सक्लान् ? नेपाली कांग्रेसभित्र आगामी निर्वाचनका लागि चालु सत्ता गठबन्धनलाई निरन्तरता दिने कि नदिने भन्ने बहससँगै भावी प्रधानमन्त्री को भन्ने बहस जरुरी छ । युवा नेताहरूले यो बहसलाई पार्टीभित्र कसरी संस्थागत रूपमा प्रवेश गराउने, एउटा गम्भीर प्रश्न छ ।

देउवाको विकल्प खोज्दा वा उनैलाई निरन्तरता दिँदा, के गर्दा पार्टीलाई फाइदा हुन्छ भन्नेबारे पार्टीले छलफल गर्ने कि नगर्ने ? पार्टीभित्रको लोकप्रियता सधैं जनस्तरको लोकप्रियता-मापनको अन्तिम कसी हो भन्ने कुनै ग्यारेन्टी हुँदैन । गिरिजाप्रसाद नेतृत्वको नेपाली कांग्रेसले गणतन्त्रको युगपहिले नै २०५६ मा बिनाबहस अभ्यास गरेको त्यो परिपाटीको निरन्तरताको अपेक्षा युवा नेताहरूको अग्रसरतामा गरिनु आश्चर्यको विषय अवश्य होइन । गिरिजाप्रसादले विधानमा नभएको तर सफल अभ्यास गरेको प्रसंग बिर्सिनु अन्यथा हुन्छ ।

पार्टी विधानले संसदीय दलमा बहुमत ल्याउने नेतालाई संसदीय दलको नेता चयन गर्ने र त्यो नेतृत्व नै प्रधानमन्त्री बन्ने प्रावधान भए पनि सो संसदीय दलको आकार कसरी ठूलो बनाउने भन्नेबारे खुलाएको छैन । भावी प्रधानमन्त्री को भन्ने आन्तरिक वा खुला बहसले पार्टीको संसदीय दलको आकार अर्थात् संसद्मा दलको संख्या बढाउन अवश्य पनि मद्दत गर्नेछ । नेपाली राजनीतिको परम्परागत व्याकरणलाई बदल्नका लागि पनि यो शैलीको बहस अपरिहार्य बनेको छ ।

नीति अधिवेशन कहिले गर्ने, त्यहाँ पार्टी नीतिबारे कसरी ज्यादाभन्दा ज्यादा बहस गरिन सक्छ, नीति अधिवेशनको छलफलका प्रस्ताव कसले तय गर्नेजस्ता यावत् प्रश्नमा युवा नेताहरूको परख हुनेछ । पार्टीको सिद्धान्तलाई कसरी नयाँ पुस्ताले बुझ्ने गरी व्याख्या गर्ने, पुराना नीतिमा के संशोधन गर्ने र इतिहासको पार्टीलाई भविष्यको पार्टी कसरी बनाउने, यो एउटा युगीन चुनौती छ ।

तीन पटक सांसद बनिसकेका महामन्त्री गगन थापा प्रायः सदनको पछिल्लो दीर्घामा बस्ने गर्थे । अब संसद् चल्दा उनलाई सत्तापक्षको पहिलो लहरमा देख्न पाउनु उनलाई मत दिएका मतदाताको सम्मान मात्र हुनेछैन, पार्टीभित्रको बदलिँदो आयामको परिचायक पनि हुनेछ । प्रतिकूलताका बावजुद सकारात्मक परिणाम निकाल्न सक्ने खुबी गगन थापाले स्वास्थ्यमन्त्रीका रूपमा कार्य गर्दा नै देखाइसकेका छन् । प्रायः मन्त्रीहरू मन्त्री बनेपछि सचिव फेर्छन्, तर गगन थापा बहालवाला सचिवबाटै आफ्ना योजना लागू गर्न सफल बनेका थिए । उनी मन्त्री नियुक्त हुँदा बहाल रहेका सचिव उनी मन्त्री पदबाट बाहिरिँदासमेत सोही पदमा थिए ।

यो प्रसंग किन सान्दर्भिक हुन्छ भने, गत आम निर्वाचनमा पार्टीको पराजयपश्चात् गगन थापाले देउवाको नेतृत्व शैलीलाई निरन्तर प्रहार र आलोचना गरेका थिए तर भर्खरै सम्पन्न महाधिवेशनको परिणामले उनले आलोचना गरिरहेका तिनै देउवासँग कम्प्रोमाइज गर्दै काम गर्ने म्यान्डेट दिएको छ । विद्यमान परिवेशबाट निकास निकाल्नेभन्दा पनि लोकतन्त्रका मान्यतालाई कुल्चँदै परिवेश नै बदल्ने कार्यमा लाग्दा विगतमा धेरै दुर्घटना भएका छन् । समयक्रममा ती दुर्घटना नेताको असफलता हुँदै व्यवस्थाकै असफलता बन्न पुगेका छन् । विगतका नेताहरूको असफलता कांग्रेसको युवा पंक्तिलाई चुनौती बनेर खडा छ ।

लोकतान्त्रिक राजनीतिमा नैतिकता र जवाफदेहीको निकै ठूलो अर्थ र महत्त्व रहन्छ । पुरानो संस्कारबाट दीक्षित नेताहरूबाट भन्दा नयाँ संस्कारका युवा नेताहरूबाट त्यो झन् धेरै अपेक्षित हुन्छ । उनीहरू गैंडाको छालाधारी राजनीतिज्ञ नबनेर निरन्तरको लोक-निगरानीको कसीमा खरो उत्रनुपर्नेछ । आशावादी हुनु र आशा गर्नु अलगअलग कुरा हुन् । मार्टिन लुथर किङले भनेजस्तै, आशावादी हुनु भनेको सम्भाव्यताको कुरा हो तर आशा भनेको अगाडिको बाटो देखाउने कार्य हो । अगाडिको बाटो देखाउनेले त्यसमा कति जना हिँड्छन् भनेर देखाउने भने होइन । सकल लोकले युवा नेताहरूबाट गणतान्त्रिक नेपालको अगाडिको बाटो अपेक्षा गरेको छ । हिजो गणतन्त्रको गर्जन त्यसैको उदाहरण थियो ।

@shankarktm1

महिलाहरूमा हड्डी मक्किने समस्या

अरुणा उप्रेती

उमेर बढ्दै जाँदा मानिसको हड्डी पुरानो हुँदै जान्छ, मक्किन सुरु गर्छ । खानपिन, जीवनशैलीमा ध्यान दिए मक्किने क्रम केही ढिलो हुन्छ; हड्डी भाँचिने र दुख्ने समस्यालाई पनि कम गर्न सकिन्छ । हड्डी मक्किँदा यसमा रहेको प्वाल ठूलोठूलो हुन थाल्छ । विशेष गरी महिलामा यस्तो समस्या बढी हुन्छ ।

प्रजनन उमेरका महिलालाई शरीरमा भएका विशेष हर्मोनले मुटु रोग, हाडको समस्या लगायतबाट बचाउँछन् । तर, महिलाको शरीरमा हर्मोन कम हुन थालेपछि वा ३५ वर्ष कटेपछि हाडहरूको घनत्व कम हुँदै जान्छ । बाहिरबाट हेर्दा खासै समस्या नदेखिए पनि हाड मक्किने क्रम बढ्दै जान्छ । यो समस्या भएपछि नाडी, पुट्ठा र मेरुदण्डका हाड भाँचिने सम्भावना बढी हुन्छ । साथै यसको कारण शरीर कुप्रो हुँदै जान्छ, उचाइ पनि घट्छ । कसैकसैलाई त दैनिक क्रियाकलाप गर्न पनि गाह्रै हुन्छ । हाडको घनत्व कम भएर मक्किँदै जाने समस्या लामो समयसम्म थाहा नहुन पनि सक्छ । त्यसैले यसलाई 'मौन रोग' भनिन्छ । कतिपयलाई हाड भाँचिएपछि एक्सरे गराउँदा मात्र यस्तो रोग लागेको थाहा हुन्छ ।

हाडहरू कोषिका र हाडमासीबाट बनेका हुन्छन् । यस प्रक्रियामा क्याल्सियम र भिटामिन डीको भूमिका निकै हुन्छ । रगतमा क्याल्सियम कम भयो भने, हाडमा पनि कम हुन्छ । शाकाहारीलाई एक दिनमा ८ सय मिलिग्राम र मांसाहारीलाई १ हजार २ सय मिलिग्राम क्याल्सियम चाहिन्छ । त्यसैले यसबाट बच्न क्याल्सियमयुक्त विभिन्न भोजन खानामा समावेश गर्न सकिन्छ । चुनमा क्याल्सियम हुने हुनाले पहिलापहिला चुनसँगै भृंगराजको पात मिसाएर खान्थे भन्ने मान्यता छ । दहीसँग थोरै चुन मिसाएर खाएमा क्याल्सियमको मात्रा बढ्छ । सूर्यमुखीको बियाँ, तिल अनि कोदोमा क्याल्सियम, पोटासियम, म्याग्नेसियमजस्ता खनिज पाइन्छ । त्यस्तै हड्डी मक्किने समस्याबाट बच्न खानुपर्ने अर्को तत्त्व हो– भिटामिन डी । यो सूर्यको किरणमा पाइन्छ । भोजनमा क्याल्सियम त छ तर भिटामिन डी नभए भने शरीरमा क्याल्सियम सोसिन सक्दैन र हाडको जीर्णोद्धार प्रक्रिया कमजोर हुँदै जान्छ । अर्थात्, हड्डी मक्किने समस्या बढ्दै जान्छ ।

भारतमा भएको एउटा अनुसन्धानअनुसार, करिब ६ करोड व्यक्तिलाई 'हाड फुसफुसे' हुने गर्छ । त्यसमा ७० प्रतिशत महिला नै हुन्छन् । महिलाको हाडको घनत्व पुरुषमा भन्दा कमै हुन्छ । यो समस्या अति शारीरिक परिश्रम गर्ने, अत्यन्तै दुब्ला र धूमपान गर्ने महिलामा पनि यो हुन सक्छ । भारतको अनुसन्धानका आधारमा नेपालमा पनि यस रोगका पीडित धेरै हुन सक्ने अनुमान गरिन्छ । हर्मोन विशेषज्ञ उमा श्रीवास्तवका अनुसार, ४० वर्ष नाघेका महिला ढाड दुख्ने समस्या लिएर आउँछन्, जसमध्ये झन्डै ७५ प्रतिशतलाई हाड मक्किने समस्या सुरु भइसकेको हुन्छ ।

नेपालका सन्दर्भमा, सुदूरपश्चिमका कतिपय ठाउँमा महिलालाई महिनावारी, गर्भवती र सुत्केरी हुँदा अन्धविश्वासका कारण दूध र दही खाँदा देवता रिसाउँछन् भन्ने गरिन्छ । जबकि यस्तो बेला झनै पोषण र क्याल्सियमयुक्त भोजन चाहिन्छ । त्यसैले पनि त्यहाँका महिलामा 'हाड मक्किने' समस्या बढी हुन सक्छ, जसको अध्ययन भएकै छैन । गर्भावस्थामा आमाको शरीरबाट विभिन्न भोज्य पदार्थ भ्रूणले लिन्छ । भ्रूणलाई पर्याप्त मात्रामा खाना पुगेन भने हाडको क्याल्सियम पनि लिन्छ । यसले आमाको हाड कमजोर बनाउँछ । गाउँघरका महिलाको हाड धेरै बच्चा पाउनाले र काम बढी गर्नाले ३५-४० वर्ष नपुग्दै कमजोर भइसक्छ । रक्तअल्पताले पनि हाडलाई कमजोर बनाउँछ । त्यसैले किशोरावस्थादेखि रक्तअल्पताबाट बच्ने उपाय अपनाउनुपर्छ ।

हाड मक्किने रोगलाई भगाउन आधुनिक भोजनको नाममा चाउचाउ, चीजबलजस्ता तयारी खाद्यपदार्थ वा कोक, फ्यान्टाजस्ता पेयपदार्थ खानु हुन्न । गर्भवती र स्तनपान गराइरहेका महिलालाई दिइने भोजनमा लौहतत्त्व र क्याल्सियम हुनुपर्छ । यस्तो बेला चाकु, सक्खर, हरियो सागपात, तिल, आलसका साथै चना, लट्टे, चिनो, जुनेलो, जौजस्ता प्रोटिनयुक्त खाद्य पदार्थ दिनुपर्छ । गर्भवतीहरूले क्याल्सियम पाउनुको अर्थ हो– शिशुले पनि क्याल्सियम पाएर स्वस्थ रहनु । दूध, दही, लट्टेको दाना, गुन्द्रुक, सिस्नु, कर्कलो, धनियाँ, भटमास, बदाम र राजमा आदिबाट पर्याप्त क्याल्सियम पाउन सकिन्छ । हाडको घनत्व बढाउन हिँड्ने, दौडने, भऱ्याङ चढ्नेजस्ता शारीरिक क्रियाकलाप गरिरहनुपर्छ ।

विदेशतिर महिलाहरूलाई कुनै खास उमेरमा पुगेपछि हाडको घनत्व बढाउन अनेक उपाय सिकाइन्छन् । नेपालमा भने यस्तो सुविधा पाउने सम्भावना हाललाई छैन । यसैले हाड मक्किने समस्या, रोग लाग्ने कारणको जानकारी तथा रोकथामका उपाय धेरै महिलामाझ पुऱ्याएर सुरक्षात्मक उपाय अपनाउनुपर्छ ।

स्थानीय तहमा महिला प्रतिनिधित्वको सशक्तीकरण

रोहिणी पाण्डे | विनोदकुमार पौडेल | सतीश वस्ती

राणा शासनको अन्त्यपश्चात् विक्रम संवत् २०१० मा भएको काठमाडौं नगरको निर्वाचनमा साधनादेवी प्रधानले नेपालको पहिलो स्थानीय महिला जनप्रतिनिधिका रूपमा इतिहास रचेकी थिइन् । त्यस बेलादेखिको प्रगतिलाई नियाल्दा, नेपालको राजनीतिमा नेपाली महिलाहरूले मध्यम स्तरको उपलब्धि मात्र हासिल गरेको देखिन्छ । २०४९ मा भएको स्थानीय निर्वाचनमा प्रत्येक २०० जना निर्वाचित जनप्रतिनिधिहरूमध्ये केवल १ महिला थिए । योभन्दा ठूलो उपलब्धि २०५४ को निर्वाचनमा हासिल भयो । सो स्थानीय निर्वाचनमा २१ प्रतिशत निर्वाचित प्रतिनिधिहरू महिला थिए । २०७४ मा भएको संघीय संरचना अन्तर्गतको नेपालको पहिलो स्थानीय तहको निर्वाचनमा मुख्यतया आरक्षणको प्रावधानका कारण पालिका र वडा स्तरमा महिलाहरूको प्रतिनिधित्व बढेर ४१ प्रतिशत पुगेको थियो ।

आउँदो २०७९ को स्थानीय तहको निर्वाचन हालसम्मका उपलब्धिहरूलाई अझ बढोत्तरी गर्ने राम्रो अवसर हुने देखिन्छ । २०७४ को निर्वाचनमा लैंगिक समावेशितामा उल्लेखनीय उपलब्धि हासिल गरिएको भए पनि महिला राजनीतिकर्मीहरूको पदानुक्रम पुरुष राजनीतिकर्मीहरूका तुलनामा निम्न स्तरमा देखिन्छ । नेपालको संविधानले राजनीतिक दलहरूलाई पालिकाप्रमुख (मेयर) र उपप्रमुखको उम्मेदवारमा कम्तीमा एक महिला हुनुपर्ने प्रावधान राखेको छ । संवैधानिक प्रावधान यस्तो भए पनि, २०७४ को निर्वाचनमा प्रायः दलले पालिकाप्रमुखको भूमिकामा पुरुषलाई र उपप्रमुखको भूमिकामा महिलालाई उम्मेदवार बनाए । परिणामस्वरूप ७५३ पालिकामध्ये केवल १८ वटामा महिला पालिकाप्रमुख (मेयर) निर्वाचित भए । वडाध्यक्षहरूका हकमा पनि, जहाँ कोटा प्रणाली छैन, त्यहाँ महिलाहरूको प्रतिनिधित्व न्यून छ र यसलाई संख्यामा हेर्दा, ६४७३ वडाध्यक्षमध्ये केवल ६२ जना महिला छन् ।

नेतृत्वदायी भूमिकामा महिलाहरूको निकै न्यून प्रतिनिधित्वले कोटा प्रणालीको डिजाइनका साथसाथै राजनीतिक दलहरूले उम्मेदवार चयन गर्ने परिपाटीलाई प्रतिबिम्बित गर्छ । सबै दलको महिला प्रतिनिधित्वको औसत हेर्ने हो भने, २०७४ को स्थानीय तहको निर्वाचनमा पालिकाप्रमुखमा केवल ६ प्रतिशत र वडाध्यक्षमा ३.३ प्रतिशत उम्मेदवार महिला थिए ।

के यो परिपाटी २०७९ मा परिवर्तन होला ? अहिले ठूलो संख्यामा महिला राजनीतिकर्मीले पालिका उपप्रमुख र वडा सदस्यका रूपमा काम गरेको ठोस अनुभव लिएका छन् र अब आउँदो निर्वाचनमा माथिल्ला पदमा प्रतिस्पर्धा गर्न इच्छुक छन् । २०७७ को चैतमा हाम्रो अनुसन्धान टोलीले देशैभरिका स्थानीय तहका जनप्रतिनिधिहरूबीच एउटा सर्वेक्षण गरेको थियो, जसमा हामीले कुरा गरेका ७०२ पालिका उपप्रमुखहरूमध्ये ४६.६ प्रतिशतले आउँदो स्थानीय निर्वाचनमा पालिकाप्रमुख (मेयर/अध्यक्ष) पदका लागि निर्वाचनमा उत्रने मनसाय व्यक्त गरेका थिए । अन्य ४० प्रतिशत पालिका उपप्रमुखहरूले मेयर/अध्यक्ष पदका लागि निर्वाचनमा भाग लिने वा नलिने भन्नेबारे निर्णय लिइसकेका थिएनन् । यसले मेयर पदमा दाबी गर्ने उपप्रमुखहरू ४६.६ प्रतिशतभन्दा पनि बढी हुन सक्ने जनाउँछ ।

त्यसका अलावा, काठमाडौं विश्वविद्यालय, इन्टरडिसिप्लिनरी एनालिस्ट तथा एसिया फाउन्डेसनले सन् २०१८ र २०२० मा गरेको नागरिक सर्वेक्षणले नेपालमा महिला प्रतिनिधिहरू आ-आफ्ना निर्वाचन क्षेत्रमा नागरिकहरूको विश्वास जित्न सफल भएको दर्साएको छ । सन् २०१८ को सर्वेक्षणमा केवल ७३ प्रतिशत नागरिकहरूले पालिका उपप्रमुखले नेतृत्व गर्ने 'न्यायिक समिति' प्रति विश्वास जनाएका थिए भने सन् २०२० मा यो संख्या बढेर ८०.६ प्रतिशत भएको थियो । भलै यो सर्वेक्षणमा उपप्रमुखहरूमाथि विश्वास छ कि छैन भनी सोझै प्रश्न गरिएको थिएन । पालिकाप्रमुख (मेयर/अध्यक्ष) माथि नागरिकहरूको विश्वासचाहिँ सन् २०१८ (८१.८ प्रतिशत) र सन् २०२० (८०.६ प्रतिशत) बीच बढेको देखिँदैन, यद्यपि पालिकाप्रमुखमाथि नागरिकहरूको विश्वास चाहिँ धेरै देखिन्छ ।

यी तथ्यहरूले महिलाहरू आउँदो निर्वाचनमा माथिल्लो पदका लागि पक्का अगाडि आउँछन् भनी सुनिश्चित भने गर्न सक्दैनन् । राजनीतिमा लैंगिक कोटा प्रणाली लागू भएका मुलुकहरूको इतिहास हेर्दा, लैंगिक कोटामा आधारित पद ग्रहण गरेपछि



महिलाहरूलाई उच्च नेतृत्वमा जान चुनौतीपूर्ण हुने गरेको देखिएको छ । स्पेनमा स्थानीय निर्वाचनका उम्मेदवारहरूमध्ये कम्तीमा ४० प्रतिशत महिला हुनुपर्ने प्रावधान सन् २००७ देखि लागू भयो, तर म्यानुअल बगेस र पामेला काम्पाले सन् २०२१ मा गरेको अध्ययनमा यस्तो लैंगिक कोटा प्रणालीले महिलाहरूलाई उच्च, प्रभावशाली र गैर-आरक्षित पदसम्म लैजान (जस्तै, पार्टीनेता वा पालिकाप्रमुख) अरू तीनवटा निर्वाचनमा पनि त्यति टेवा नपुऱ्याएको पाइएको छ ।

यसर्थ आउँदो स्थानीय तह निर्वाचनमा महिलाहरूको प्रतिनिधित्व बढाउन राजनीतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ । सर्वप्रथम, राजनीतिक दलको वडा कमिटीले वडाध्यक्षका लागि र पालिका कमिटीले पालिकाप्रमुख (मेयर/अध्यक्ष) का लागि नामहरू सिफारिस गर्दा महिला आकांक्षीहरूले त्यो पाउन सक्ने वातावरण बनाउनु अत्यावश्यक छ । २०७४ को निर्वाचनलाई हेर्ने हो भने, एकदमै न्यून संख्यामा महिलाहरू मेयर र वडाध्यक्ष पदका लागि सिफारिस भएका थिए । हाम्रो अनुसन्धान टोलीले सर्वेक्षण गरेका भूकम्प अति प्रभावित १४ जिल्लाको तथ्यांक हेर्ने हो भने मेयर र वडाध्यक्ष पदमा सिफारिस भएकाहरूमा क्रमशः ३.२ प्रतिशत र २ प्रतिशत मात्र महिला थिए । राजनीतिक दलहरूले लैंगिक समावेशितामा अर्थपूर्ण प्रगति चाहने हो भने, नेतृत्वदायी पदमा महिलाको संख्या बढाउनु जरुरी छ र मनोनयन प्रक्रियामा इच्छुक महिलाहरूले भोग्नुपर्ने झन्झटिला अवरोध पनि हटाउनुपर्ने हुन्छ ।

सम्बन्धित समितिबाट सिफारिस हुनु त पहिलो चरण मात्र हो । महिलाहरूले टिकट पाउनका लागि राजनीतिक दलहरूको आन्तरिक छनोट समितिहरूले सो निर्णय लिनुपर्छ । यदि आन्तरिक छनोट प्रक्रियामा बलियो महिला आवाज नभए महिलाहरूले टिकट पाउने सम्भावना घटेर जान्छ । यसको अर्थ उम्मेदवार छनोट समितिहरूमा महिलाहरूको अर्थपूर्ण र प्रभावकारी भूमिका सुनिश्चित गर्नु आवश्यक छ । २०७४ को स्थानीय निर्वाचनको डाटा प्रयोग गरी हामीले गरेको अनुसन्धानले पनि पार्टीको आन्तरिक छनोट समितिको अत्यधिक महत्त्वलाई दर्साएको छ । यसै समितिले चुनावी दौडमा कसलाई उतार्ने भन्ने निर्धारण गर्छ । उम्मेदवार छनोट प्रक्रियाको अद्वितीय महत्त्व भएकाले महिला समावेशिताको मुद्दामा

> राजनीतिक दलहरूले लैंगिक समावेशितामा अर्थपूर्ण प्रगति चाहने हो भने, नेतृत्वदायी पदमा महिलाको संख्या बढाउनु जरुरी छ र मनोनयन प्रक्रियामा इच्छुक महिलाहरूले भोग्नुपर्ने झन्झटिला अवरोध पनि हटाउनुपर्ने हुन्छ ।

उपलब्धि हासिल गर्नका लागि छनोट समितिका सदस्यहरूलाई महिला आकांक्षीहरूप्रति सकारात्मक धारणा राख्न प्रोत्साहित गर्नुका साथै यी समितिहरूको संरचना महिला आवाज सशक्त हुने गरी परिमार्जन गर्न जरुरी छ ।

२०७४ को स्थानीय निर्वाचन सकिएलगत्तै, हाम्रो अनुसन्धान टोलीले भूकम्प अति प्रभावित ११ जिल्लामा प्रमुख राजनीतिक दलहरूका उम्मेदवार छनोट समितिका लगभग १००० सदस्यहरूबीच सर्वेक्षण गरेको थियो । यस दौरान हामीले यी सदस्यहरूलाई 'इम्प्लिसिट एसोसिएसन टेस्ट' नामक सामाजिक मनोविज्ञानको क्षेत्रबाट लिइने एउटा सशक्त प्रयोगात्मक परीक्षण गर्न लगाएका थियौं । यस परीक्षणले व्यक्तिको कुनै समूहप्रतिको लुप्त-पूर्वाग्रह छ कि छैन भनी ठम्याउन सहयोग गर्छ । हाम्रो विश्लेषणले के देखायो भने, छनोट समितिका सदस्यहरूलाई महिलालाई भन्दा पुरुषलाई नेताका रूपमा देख्न धेरै सजिलो भयो । यसको अर्थ, राजनीतिक दलहरूले छनोट समितिमा त्यस्ता फेरबदल र सुधार गर्नुपर्छ (उदाहरणका लागि, 'डि-बायस ट्रेनिङ' अथवा कसरी पूर्वाग्रहरहित हुने भन्नेबारे तालिम) जसका माध्यमले छनोट समितिका सदस्यहरूको व्यवहारमा महिलाप्रति पूर्वाग्रही नहुने गरी परिवर्तन ल्याउन सकिन्छ ।

अझ योभन्दा महत्त्वपूर्ण कुरा त, राजनीतिक दलहरूले छनोट समितिको संरचना र गठन प्रक्रियाबाट महिलाहरूको आवाजलाई बेवास्ता गर्ने वा बेफाइदा हुने काम नहोस् भनी सुनिश्चित गर्नुपर्छ । २०७४ को स्थानीय निर्वाचनमा मेयर र वडाध्यक्षहरूको उम्मेदवारमा पुरुषहरूको संख्या अत्यधिक हुनुको एउटा कारण छनोट समितिमा महिलाको आवाज पर्याप्त नहुनु पनि हुन सक्छ, औसतमा हेर्दा २०७४ को निर्वाचनमा छनोट समिति सदस्यमा महिलाको संख्या ८ प्रतिशत मात्र थियो । आउँदो स्थानीय निर्वाचनमा, उम्मेदवार छनोट समितिभित्रको लैंगिक संरचना महिलाहरूको पक्षमा हुने गरी सुधार हुने सम्भावना देखिन्छ, किनकि राजनीतिक दल ऐन-२०७३ अनुसार हरेक राजनीतिक दलले सबै तहका पार्टी कमिटीमा कम्तीमा एकतिहाइ महिला सदस्य हुनुपर्ने प्रावधान राखेको छ । तर ध्यान दिनुपर्ने कुरा के छ भने, उम्मेदवार छनोट समितिमा महिलाको संख्या मात्र बढाउँदैमा महिलाहरूको आवाज सुनिन्छ र सोही अनुसार काम पनि प्रभावकारी ढंगले हुन्छ भनेर ढुक्क हुन सकिँदैन । उदाहरणका लागि, यदि पार्टी कमिटीहरूमा मुख्य पदाधिकारीहरू – जस्तै, अध्यक्ष वा सचिव जो प्रायः पुरुष हुने गर्छन् – को भूमिका नै उम्मेदवार छनोटमा निर्णायक हुन्छ भने महिलाहरूको आवाज बेवास्ता गरिने सम्भावना रहन्छ । तसर्थ छनोट समितिमा महिलाहरूको आवाजलाई मुखर पार्न आवश्यक सुधारात्मक परिवर्तन ल्याउन निकै जरुरी देखिन्छ ।

२०७९ को स्थानीय तह निर्वाचनले राजनीतिमा महिलाहरूको प्रतिनिधित्व बढाउने र २०७४ मा हासिल गरिएका महत्वपूर्ण उपलब्धिहरू अझ सशक्त पार्ने एउटा महत्त्वपूर्ण अवसर दिनेछ । यो कार्य सामाजिक न्यायका लागि मात्र राम्रो नभई निर्वाचनमा सर्वाधिक सिट ल्याउन चाहने राजनीतिक दलहरूका लागि पनि गतिलो अवसर हुन सक्छ । विगत चार वर्षमा स्थानीय शासनमा कार्य-अनुभव हासिल गरेकासहित अन्य धेरै महिला राजनीतिक क्षेत्रमा प्रवेश एवम् प्रगति गर्न इच्छुक देखिएका छन् । निर्वाचन क्षेत्रका बासिन्दाहरूले पनि महिलाहरूमा विश्वास गरेको देखिन्छ, जुन दिन-प्रतिदिन बढ्दो छ । यी सबै पृष्ठभूमि हेर्दा धेरै निर्वाचन क्षेत्रमा महिलाहरूले चुनाव जित्ने राम्रो सम्भावना देखिन्छ । यस्तो महत्त्वपूर्ण परिपाटीलाई बुझ्ने वा ध्यान दिने राजनीतिक दलहरू नै २०७९ को निर्वाचनमा सफल हुनेछन् ।

पाण्डे अमेरिकाको येल विश्वविद्यालयमा अर्थशास्त्रकी प्राध्यापक तथा आर्थिक वृद्धि केन्द्रकी निर्देशक हुन् भने पौडेल उक्त केन्द्रको नेपाल परियोजनामा कार्यरत छन् । वस्ती गभर्नेन्स ल्याब नेपाल तथा हार्वर्ड विश्वविद्यालयको अर्थशास्त्र विभागमा आबद्ध छन् ।

नोबेल कलेजबाट पीडित विद्यार्थीद्वारा प्रशासनमा धर्ना

मोरङ (कास)- नोबेल मेडिकल कलेजमा भर्ना भएका विद्यार्थीले एमबीबीएसमा पढ्न पाउनुपर्ने माग गर्दै जिल्ला प्रशासन कार्यालय मोरङमा बुधबार धर्ना दिएका छन्। नेपाल विद्यार्थी संघ, अनेरास्वविय्, अखिल क्रान्तिकारी, नेकपा (एकीकृत समाजवादी) को भ्रातृ संगठन अनेरास्वविय्, समाजवादी विद्यार्थी युनियन मोरङ र चिकित्सा शिक्षा विद्यार्थी आन्दोलन संघर्ष अभियानको सहयोगमा विद्यार्थीहरूले धर्ना दिएका हुन्। अतिरिक्त शुल्क नबुझाउने विद्यार्थी कार्यालयको मूलगेटमा धर्ना बसेका हुन्।

अतिरिक्त शुल्क नबुझाउने विद्यार्थीलाई कलेज प्रवेशमा रोक लगाएपछि गत बुधबारदेखि उनीहरूले कलेज प्रशासनमा तालाबन्दी गरी रिले अनशन जारी राखेका छन्। गृह मन्त्रालयले मोरङ प्रशासनलाई कलेजले अतिरिक्त शुल्क लिएको र त्यसकै कारण पठनपाठन रोकिएको भए कानुनी कारबाही गर्न पत्राचार गरे पनि हालसम्म कुनै कारबाही हुन सकेको छैन। प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले विद्यार्थीलाई कलेजले अतिरिक्त शुल्क मागेको उजुरी जिल्ला प्रहरी कार्यालयमा दिन आग्रह गरेका छन्। तर एमबीबीएस अध्ययनका क्रममा कलेजले आन्तरिक मूल्यांकन गरेर परीक्षामा अंक दिने भएकाले कलेजविरुद्ध विद्यार्थीले उजुरी दिने हिम्मत गरेका छैनन्। कलेज सञ्चालकसँग छलफल भइरहेकाले चाँडै विद्यार्थीको समस्या समाधान हुने प्रजिअ दाहालले बताए।

जिल्ला प्रशासन कार्यालय मोरङको निर्देशनमा पुस ११ देखि पठनपाठन सञ्चालन गरेको कलेजले अतिरिक्त

प्रशासन कार्यालयले कलेजलाई कानुनी कारबाही गर्न पत्राचार गरे पनि कुनै कारबाही भएन

शुल्क नबुझाएको भन्दै पुस १४ देखि पठनपाठनमा रोक लगाएको छ। एक सय जनाको कोटामा भर्ना भएका ९६ विद्यार्थीमध्ये ९ जना भारतीय, १० जना छात्रवृत्तिका र पाँच जना अतिरिक्त शुल्क बुझाएका विद्यार्थीलाई पढाइरहेको तर आफूहरूलाई अतिरिक्त शुल्क नबुझाएकै कारण कलेज प्रवेशमै रोक लगाइएको पीडित विद्यार्थीहरूले गुनासो पोखे।

पठनपाठन सुरु नै नगरी ४ लाख ८२ हजार अतिरिक्त शुल्क बुझाउन दबाब दिएपछि अभिभावक तथा विद्यार्थीले प्रदेश १ का मुख्यमन्त्री, मन्त्रीदेखि जिल्ला प्रशासनमा ज्ञापनपत्र बुझाएर न्यायका लागि संघर्ष गर्दै आएका छन्। तर हालसम्म उक्त विषयमा कतैबाट सुनुवाइ हुन सकेको छैन। आयोगले एमबीबीएस अध्ययनका लागि कुल ४४ लाख ३६ हजार २५ रुपैयाँ शुल्क निर्धारण गरेको छ। त्यसमध्ये प्रथम वर्षको १४ लाख ८५ हजार अभिभावकले बुझाइसकेका छन्। तर कलेज सञ्चालक सुनील शर्मा अतिरिक्त २० लाख शुल्क बुझाउने सम्झौतापत्रमा हस्ताक्षर गराएपछि मात्रै पठनपाठन सुरु गर्ने अडानमा छन्।

कलेजका जनसम्पर्क अधिकृत नारायण दाहालले कलेज प्रशासन विद्यार्थीको समस्याप्रति गम्भीर रहेकाले चाँडै समस्या समाधान हुने बताए। आफूहरूको लडाइँ मेडिकल काउन्सिल र आयोगसँग भएको तर त्यसको मार विद्यार्थीले भोग्नुपरेकाले दुःख लागेको उनको भनाइ छ। प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीको उपस्थितिमा प्रजिअ दाहाल र कलेज प्रशासनबीच मंगलबार छलफल भएको थियो।

प्रदेश १ मा एमाले-राप्रपा सहकार्य प्रयास

सत्तारूढ गठबन्धनको मतभार ४ हजार ६ सय ६८ छ, एमाले र राप्रपाबीच सहकार्य भए पनि ४ हजार ५ सय ९६ मात्रै पुग्छ

देवनारायण यादव (मोरङ)

राष्ट्रिय सभा सदस्यका उम्मेदवार नतिजा आफ्नो पक्षमा पार्न प्रचारमा जुटेका छन्। प्रदेश १ बाहेक अन्य प्रदेशमा कमजोर भएपछि एमालेका उम्मेदवार अन्य दलका मतदाता रिझाउन लागिपरेका हुन्। प्रदेश १ मा अन्यत्रको भन्दा एमालेको पकड देखिए पनि तीन वटै सिटमा जित हासिल गर्न राप्रपा र अन्य दलको कम्तीमा एक जना प्रदेशसभा सदस्यको मत आवश्यक हुन्छ।

राष्ट्रिय सभाका १९ सदस्यको फागुन २१ मा पदावधि सकिँदै छ। १९ पदका लागि माघ १२ मा निर्वाचन हुँदै छ। प्रदेश १ को तीन सिट पनि एमालेबाट खोस्न गठबन्धन लागिपरेको छ भने एमाले गठबन्धनका केही सांसद र स्थानीय तहका पदाधिकारी आफ्नो पक्षमा पार्न लागिपरेको छ। प्रदेश १ मा एमालेका अगमप्रसाद बान्तवा राई, नैनकला ओझा र परशुराम मेघी गुरुङको पदावधि सकिँदै छ।

राष्ट्रिय सभा सदस्य जित्नका लागि प्रदेश १ मा एमाले र राप्रपाबीच सहकार्यको प्रयास भइरहेको छ। एमाले र राप्रपाबीच सहकार्य हुँदा पनि तीन वटै पद जित्ने सम्भावना छैन। सत्तारूढ गठबन्धन, एमाले र राप्रपाले छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएका छन्। सत्तारूढ गठबन्धनबाट जनता समाजवादीले अल्पसंख्यक/अपांगमा भोजपुरका हेमराज राई थुलुङ, अन्यतर्फ कांग्रेसले झापाका गोपाल बस्नेत र महिलातर्फ एकीकृत समाजवादीले भोजपुरकी जयन्ती राईको उम्मेदवारी दर्ता गराएका छन्। एमालेबाट अन्यमा मोरङका गुरु बराल, महिलामा झापाकी सुमित्रा भण्डारी र अल्पसंख्यक/अपांगमा सोलुखुम्बुका सोनाम ग्याल्जेन शेर्पाले मनोनयन दर्ता गरेका छन्। राप्रपाका रञ्जु प्याकुरेलले महिलामा र अमरबहादुर विष्टले अन्य सदस्यका लागि उम्मेदवारी दर्ता गराएका छन्।

राप्रपा अध्यक्ष राजेन्द्रकुमार लिङ्देनले राष्ट्रिय सभा सदस्य निर्वाचनमा सहकार्यका लागि एमालेसँग छलफल भइरहेको बताए। 'राष्ट्रिय सभा सदस्य

राष्ट्रिय सभा निर्वाचन

निर्वाचनमा एमालेसँग सहकार्यका लागि भइरहेको अनौपचारिक छलफलले मूर्त रूप लिइसकेको छैन,' उनले भने, 'मूर्त रूप लिएपछि मात्रै केही भन्न सकिन्छ।'

एमालेका प्रदेश १ इन्चार्ज देवराज घिमिरेले राष्ट्रिय सभा सदस्य निर्वाचनमा राप्रपासँग सहकार्यका लागि सकारात्मक रूपमा छलफल अघि बढिरहेको बताए। 'उम्मेदवारी फिर्ता लिनु अघिदेखि नै राप्रपा अध्यक्षसँग छलफल भइरहेको हो तर उहाँहरूले उम्मेदवारी फिर्ता लिनुभएको छैन,' उनले भने, 'उम्मेदवारी फिर्ता नलिए पनि निर्वाचनमा सहकार्य गर्ने विषयमा अध्यक्षसँगै सकारात्मक रूपमा छलफल अघि बढिरहेको छ।'

राष्ट्रिय सभाका लागि प्रदेशको कुल मतभार ९ हजार ३ सय १२ छ। यसमध्ये गठबन्धन (कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च) मा ५० प्रदेश सांसद र १ सय २६ स्थानीय तहका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष छन्। उनीहरूको मतभार ४ हजार ६ सय ६८ हुन्छ। एमालेका ४१ जना प्रदेशसभा सदस्य र १ सय ४२ स्थानीय तहका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्षको मतभार ४ हजार ५ सय २४ छ। गठबन्धन र एमालेको मतभार फरक १ सय ४४ छ।

एमालेका ४१ सांसदमध्ये गुलेफुन खातुन उच्च अदालत विराटनगरले किर्ते कागजात मुद्दामा दोषी ठहर भएदेखि फरार छन्। त्यसैले एमालेको मतभार ४८ घट्दा ४ हजार ४ सय ७६ मात्रै हुने देखिन्छ। अब एमालेलाई तीन सदस्य जित्नका लागि १ सय ९२ मतभार आवश्यक पर्छ। राप्रपासँग तालमेल गर्दा १ सय २० मतभार मात्रै थप हुन्छ। उसलाई अझै पनि ७२ मतभार पुग्दैन। यसका लागि उसले गठबन्धनका प्रदेश सांसद कम्तीमा दुई जना वा स्थानीय तहका प्रमुख र उपप्रमुख चार जना तान्न आवश्यक हुन्छ। अघिल्लो निर्वाचनमा तत्कालीन नेकपाले कांग्रेसका २ जना प्रदेश सांसद तानेको थियो। राष्ट्रिय सभा निर्वाचनमा असर नपरोस् भनेर गठबन्धनले मन्त्रालय विभाजन र मन्त्रिपरिषद् विस्तारसमेत रोकेको छ। संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका एक मात्र प्रदेश सदस्य विष्णु तुम्बाहाम्फेलाई गठबन्धनले सामाजिक विकास राज्यमन्त्री बनाएको छ।

श्रमिक भर्ना खोल्ने मलेसियाको तयारी

काठमाडौं (कास)- मलेसियाले नेपालसहित देशबाट श्रमिक भर्ना गर्नका लागि रोजगारदाताहरूले आवेदन खुला गर्ने भएको छ। मलेसियाका मानव संसाधन मन्त्री सेरी साराभनानले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै नेपालसहितका स्रोत मुलुकबाट श्रमिक भर्ना प्रक्रिया छिट्टै खुला गर्ने जनाएका हुन्।

'निकट भविष्यमा नै रोजगारदाताहरूले स्रोत देशबाट श्रमिक भर्नाका लागि अनलाइनबाट आवेदन दिने व्यवस्था मिलाएको छु,' उनले भनेका छन्, 'रोजगारदाताले आवेदन दिनका लागि बिचौलिया वा तेस्रो पक्षलाई अनावश्यक खर्च नगर्न अनुरोध गर्दछु।'

विदेशबाट श्रमिक भर्नाका लागि रोजगारदाताले मानव संसाधन मन्त्रालयबाट अनुमति लिएपछि मात्रै म्यानपावर कम्पनीका लागि मागपत्र बनाउन पाइन्छ। रोजगारदाताले कुन देशबाट कति श्रमिक ल्याउने भनेर मन्त्रालयबाट अनुमति लिनुपर्छ। त्यो आवेदन लिने कार्य डेढ वर्षदेखि रोकिएको छ। मलेसियाले २०७६ को चैतको पहिलो सातादेखि नेपालबाट श्रमिक भर्ना गरेको छैन।

श्रमिकको सबै खर्च रोजगारदाताले नै बेहोर्ने व्यवस्था

मन्त्री सारभनानले आवश्यक श्रमिक मात्रै माग गर्न अनुरोध गरेका छन्। मलेसियाले गत डिसेम्बर १० तारिख श्रमिकको अभाव भएको भन्दै स्रोत देशबाट कृषि, उत्पादन, सेवा, निर्माण र घरेलु श्रमिकमा श्रमिक आपूर्ति गर्न अनुमति दिने निर्णय गरेको थियो। त्यो निर्णयलाई कार्यान्वयन गर्न १४ डिसेम्बरमा मापदण्ड (एसओपी) बनाएको थियो। एसओपीअनुसार मलेसिया पुगेपछि भने श्रमिकहरू सरकारबाट अनुमति प्राप्त क्वारेन्टिनमा सात दिन बस्नुपर्नेछ। श्रमिकहरू क्वालालम्पुरस्थित अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्रै प्रवेश गर्न पाइनेछ। मलेसियाले श्रमिकको सबै खर्च रोजगारदाताले नै बेहोर्नुपर्ने व्यवस्था मिलाएको छ।

नयाँ श्रमिक जान नपाएपछि मलेसियामा नेपालीको संख्या दिनहुँ घटिरहेको छ। नेपालसहित विदेशी श्रमिक भर्ना गर्न नपाएपछि मलेसियामा अलेखबद्ध (गैरकानुनी हैसियत) मा कार्यरत श्रमिकलाई कानुनी हैसियत प्रदान गरी रोजगार दिने नीति ल्याएको थियो। यो नीतिमा नेपाली श्रमिक आकर्षित हुन सकेनन्। कम्तीमा १० हजार अलेखबद्ध नेपाली श्रमिक स्वदेश फिरिसकेका छन्।

भावपूर्ण श्रद्धाञ्जली

जन्मः २००१/११/०२

स्वर्गारोहणः २०७८/०९/१७

स्व. जीवन राम खोजु

यस संस्थाका अध्यक्ष श्री राजन खोजु ज्यूको पिता **श्री जीवन राम खोजु** ज्यूको मिति २०७८ पौष १७ गते भएको असामहिक निधनले हामी अत्यन्त मर्माहत एवम् शोकमग्न भएका छौं। दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समबेदना प्रकट गर्दछौं।

Kasthamandap VENUE
BEE saving & Credit Co-operative Ltd. Bee.... the collective power to change
AIRWAY TRAVELS & TOUR PVT. LTD.

हार्दिक समवेदना



जन्मः १९८५

स्वर्गारोहणः २०७८/०९/१६ गते

स्व. रघुनन्दन साहु

कान्तिपुर पब्लिकेशन्स्को प्रादेशिक कार्यालय विराटनगर प्रेस विभाग अन्तर्गत इलेक्ट्रिक शाखामा कार्यरत सहकर्मी अशोक साहको पूजनीय पिता **रघुनन्दन साहु**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

कान्तिपुर पब्लिकेशन्स् लि. परिवार

नारायणहिटी विवादमा अघि बढ्यो कारबाही प्रक्रिया

काठमाडौं (कास)- नारायणहिटी संग्रहालयका निवर्तमान कार्यकारी निर्देशक भेषनारायण दाहालसहित संलग्नहरूलाई सार्वजनिक सम्पदाविरुद्धको कसुरमा कारबाही गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रहरी प्रधान कार्यालयलाई सोझै पत्र पठाएको छ।

मन्त्रालयका प्रवक्ता टोकराज पाण्डेका अनुसार संग्रहालय परिसरमा चमेनागृह सञ्चालनसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदनसहित मन्त्रालयले दाहाल र बतास समूहको बी म्यानेजमेन्टका सञ्चालकलाई मुलुकी अपराध संहिता २०७४ को दफा १४७ अनुसार कारबाहीका लागि लेखिपठाएको हो। संहिताले राष्ट्रिय तथा सार्वजनिक सम्पदा पूर्वस्वीकृतिबिना अतिक्रमण, भोगचलन गर्न नपाइने भनेको छ। यो कसुर गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँ जरिवाना वा दुवै सजाय हुन सक्छ।

मन्त्रालयले प्रहरीलाई निवर्तमान कार्यकारी निर्देशक दाहालले 'सार्वजनिक सम्पत्तिको संरक्षण संवर्द्धन गर्न नसकेकाले' कारबाही गर्न पत्र लेखेको मन्त्रालयका एक उपसचिवले बताए। पत्रमा दाहालले सरकारले दिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न र बी म्यानेजमेन्टले गरेको अतिक्रमण रोक्न नसकेको उल्लेख छ। 'यो भ्रष्टाचारजन्य क्रियाकलाप भएकाले कारबाहीका लागि अख्तियारलाई पनि लेखिपठाइएको छ,' ती उपसचिवले भने।

व्यापारिक घराना बतास समूहसँग मिलेमतोमा क्याफे सञ्चालनको सम्झौता गरेको सहसचिवस्तरीय समितिको छानबिनबाट देखिएपछि मंगलबार दाहालले पदबाट राजीनामा दिएका थिए। दाहालले योगेश भट्टराई पर्यटनमन्त्री भएका बेला 'नारायणहिटी दरबार संग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति' बनाई आम्दानी वृद्धि गर्ने भन्दै त्यहाँको चमेनागृहलाई क्याफे बनाउनेलगायत निर्णय सदर गराएका थिए।

यसैबीच बतास अर्गनाइजेसनले विज्ञप्तिमार्फत छानबिनमा समितिले आफूलाई सोधखोज नगरी पूर्वाग्रह राखी प्रतिवेदन सार्वजनिक गरेको आरोप लगाएको छ। आफू संलग्न नेपाल-भारतमैत्री पशुपति धर्मशाला, पाटन दरबार क्षेत्र, मानहुकोट, सेती नदीअर्न्तगत रामघाटलगायतका परियोजनाबारे सञ्चारमाध्यममा सत्यतथ्य तोडमोड गरी एकतर्फी प्रचार गरिएको भन्दै चिन्ता पनि व्यक्त गरेको छ।

वर्गीकृत विज्ञापन

घर जग्गा

साङ्गामा ३१-०-०-० जग्गा बिक्रिमा तीनतिर बाटो, ९८६४५३१४७७

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

कलंकी ट्याङ्गलाफांट हाइटमा 0-4-3-0 घरबिक्रीमा 2,65,00,000/ 9851027364

बुढानिलकण्ठ नयाँचोकनिर ०-४-२-० बनेको नयाँघरबिक्रिमा 9841011316

डाछी बागधारा प्लटिङमा ०-४-०-० जग्गा राजकुलो ९८४१६६३६८०

सुकेधारापछाडी टुक्रा जग्गाहरू बिक्रिमा ९८६३६०१८८१, ९८५११०६२३७

नगरकोट ५ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

तिनकुनेमा कमर्सियल जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

नारानथानको १९ आना जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

चुच्चेपाटी पानीट्यांकीमा २रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

चक्रपथ बांसवारीमा कमर्सियल घरबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

नयांबस्तीमा न्यु घर बिक्रीमा ९८४१६९००३२

चावेल गोपिकृष्णमा ५.५आनामा घरबिक्रीमा कमर्सियल रेसिडेन्स दुवैकोलागि ९८५१११२८७८, ९८२८७५१२८८

बुढानिलकण्ठ नजिक टुक्रा जग्गा 9851074256

बुढानिलकण्ठमा १रोपनीमा बनेको घर बिक्रिमा ९८२३३३६१४३

ललितपुर चक्रपथसँग जोडिएको ०-१५-१-० जग्गा बिक्रिमा 9849427440

भक्तपुर सल्लाघारी कटुन्जेमा सस्तोघर ९८४०१५३९७५

चितवन रामपुरमा ४.५कट्ठा 9851218132, 9823310132

भक्तपुर कटुन्जे हाइटमा २० फिटबाटोमा ०-४-२-०, ०-६-०-०, ०-४-२-० जग्गाबिक्रीमा प्रतिआना २८देखी ३०लाख ९८५१०३२१५४ ९८४१४२७१८८

हेटौंडा कमानेमा जग्गा बिक्रीमा 9861547469

गृहेश्वरीप्लानिङ्गमा ०-३-०-० र ०-२-२-०मा बनेको अढाईतल्ले नयांघर बिक्रिमा 9851087273

बनस्थलिचो नजिकै ०-७-२ पैसामा बनेको अफिस, गोदामको लागि उपयुक्त घर बिक्रीमा, 9841313321

धापाखेल हात्तिवनमा घर, घडेरीहरू बिक्रिमा ९८४१५०३५०४

बौद्ध टाउन प्लानिङको घर बिक्रिमा सम्पर्क ९८०८३९५३१२

कलंकी दहचोकमा ३२रोपनी जग्गाबिक्रीमा प्लानिङ्गकोलागि उपयुक्त ९८५१११२८७८, ९८२८७५१२८८

तारकेश्वर नगरपालिका ३ तीनपिप्लेनिर १३ फुटे बाटोमा ०-३-१-० देखी ०-५-१-० सम्मका टुक्रा जग्गाहरू बिक्रीमा ९८६९६६३६६५

दहचोकमा प्रतिआना १०.२५-लाख र बाह्रभन्ज्याङ सुरुङ मार्ग नजिकै प्रतिआना १४-लाखको घडेरी बिक्रीमा, 9851160228

Flat, बंगलो, अफिसस्पेस लिनदिन सम्कनुहोला www.homeKtm.com, 9801117335

मन्डिखाटार बडानं.-८ स्थित ९ आना जग्गा बिक्रीमा, 9851030358

धुलिखेलको आकर्षक हिमाल देखिने Highway ले छोएको ०-९०-०-० ९८५१०१७९८९

चौंगु बसपार्कबाट साँखु जाने बाटोमा २०' बाटो भएको जग्गाहरू प्रतिआना १२,००,०००/- ९८४१३६९०५०

पाटन सौगलमा सस्तोघर ५५,००,०००।–, ९८४९६७१८५५

काठमान्डौको कालिमाटी नजिक १,४५,००,००० ६ आना जग्गा ९८४३१६२०८७

हात्तिगौडा हयाप्पीकोलोनीमा ०-६-२-० पूर्वमोहडाको 9808279987

गोकर्णेश्वर -५ डम्फुडाँडा तोरीखेत मार्गमा ०-३-१-१ मा बनेको १४ कोठाको घर मूल्य १,९०,००,०००/- ९८४१३५४३११, ९८५११७०५५८

सवारी साधन

मुक्तिनाथ तथा अन्यत्रजान स्कार्पियो चाहिएमा ९८६३३२५६३४

६-चक्के,,१०-चक्के टिपर, मिनी ट्रक, बस फाइनान्स सुविधासहित उपलब्ध छ 9802311548, 9802311579

मेशिन औजार

LD Sheet र प्लाष्टिकदाना बनाउने मेशिनहरू साथै इलेक्ट्रीक पायनल बक्स तुरुन्त बिक्रीमा ९८६९६६३६६५

सम्पर्क

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

धितोराखी तुरुन्त कर्जा चाहिएमा 9865589177

तुम्ऋण धितोफुकुवा Bank Balance 9851087174

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

धितोफुकुवा, डिपोजिट, घरजग्गा, ऋण, 9851278018

घरजग्गा धितोराखी एकहप्तामा कर्जा 9867064195

सस्तोमा धितोफुकुवा शेयरलागत Cashdeposit 9851243313

सस्तोमा Cash Deposit धितोफुकुवा 9851310617

२०/३०रुमको होटेल चलाउन अनुभवी Business Partner चाहियो 9808621684

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

रियलस्टेटमा लगानीकर्ता चाहियो बार्षिक ३०% फाईदा ग्यारेन्टी ९८६०४७५११०

विविध विक्रीमा

टोखाधापासीमा डेरिपसल बिक्रीमा चारलाखमात्र ९८५११५४५०७

चलिरहेको कुर्ता पसल बिक्रिमा, महापालचोक, पाटन, 9841020966

420sq.ft को खालीसटर बिक्रीमा ६,५०,००० मात्र शान्तिनगरगेट, नयांबानेश्वर, 9841253107

सल्लाघारीचोकमा चलिरहेको महत सेकुवाकर्नर बिकीमा ९८४८९२२०२०,९८१३०५०४५३

कपडा पसल बिक्रिमा जडिबुटीमा 9746472557

नारायणचौर, नक्साल स्थित Full Furnished करिब ४२०० वर्गफिट क्षेत्रफलको ठाउं उपलब्ध छ समपर्क नं. 9801050919

चलिरहेको नेवारी खाजाघर बिक्रीमा बालाजु वाइपास ९८४१३४११६५, ९८४९७४७३१६

कलंकीचोकौमा चलिरहेको Restaurant बिक्रिमा सस्तोमूल्यमा 98403836118 9808619672

निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सेफिटटैंकी ढल सरसफाई सस्तोमा 9849503019

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

ढलमंगाल जामखोल्ने सेफ्टीट्याङ्की सफाई 9851109635

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाईलेट मंगाल जामखोल्ने 9851024861, 9843749855

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल, जामखोल्ने सस्तोमा 9849998884, 9841516755

सेफटीटेङ्की सफाई ०१५७१२६७१, ०१५७१२५५४, ९८५११५२२९९

सेफिटटैंकी सफाई सस्तोमा 9841343487, 9851118279

ढलमंगल टवाइलेट जामखोल्ने सस्तोमा 9851161163, 9847183577

सेफटीटैंकी सफाई गाडिमा १५००। 9843768737

सेफिटटैंकी सफाई 9841212244, 9841488132, 015182401

सेफटीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलटवाइलेट सेफटीटैंकी जामखोल्ने सस्तोमा 9841634234, 984176292

ढलट्वाइलेट सेफटीटैंकी मंगलजामखोल्ने, निर्माणमर्मत, 9851018828

भाडामा

५-८-०-० जग्गा बहालमा का.म.पा.-७ कालोपुल १-१०-०-० जग्गामा १३-वटा टहरा कोठा, १-३-०-० जग्गा समेत बहालमा का.म.पा.-५ हाडीगाउं, ९८४९४६५९४४

बैंक सहकारीकोलागि घर भाडामा ज्ञानेश्वरचोक मेघाबैंकको अपोजिट ९८४९६७१९२९

तुरुन्त घरफ्ल्याट भाडामा लिनदिन 9851037348

फ्ल्याट भाडामा नारायणटार शान्तिटोल 9841663276

Room Godam/ Office Kalimati 9841307567

राधाकृष्ण मन्दिरनजिक सैनिक मेडिकल-कलेज भण्डारखालसंगै जोडिएको सुविधायुक्त फ्ल्याटभाडामा 01-4881587

बागबजार शहिदशुक्रस्कुलसंगै सटरहल १०००स्क्वायरफिट 9841231073

नयांबानेश्वर Eyeplex Mall देखि १०० मीटरभित्र बन्दैगरेको घर अफिसकालागी भाडामा ९८४१४६०२३७, ९८०१०३२८८२

बालाजु बोहराटारमा सुविधासम्पन्न फ्ल्याट भाडामा ९८४९३७३१३२

चाहियो

ग्वार्कोचोकैको PGLकम्पनीलाई 9am-5pm parttime/fulltime कामगर्नस्टाफअर्जेन्ट 29,500/- अन्यसुविधासहित पढेनपढेका जोकोहीलेगर्नमिल्ने 9808728580, 9849450645 कामघरअफिसमै

ठिमीचोकैमा विभिन्नकाममा पढेनपढेका महिलापुरुष कामदारहरू 22,500/- खानबस्नसहित 9861785420, 9810797404

Official कर्मचारीअर्जेन्ट 25,500/- चावहिल जोरपाटी 9861497188, 9823691949

कस्मेटिकभित्र कर्मचारी बालाजुचोक 21,500/- 9813109357, 9845272388

साधारण सेक्यूरीटी तुअर्जेन्ट 18000 9801101472

कस्मेटिक कम्पनीलाई 18,500/- 9803179796, 9842375118

चक्रपथमा +2 21,500/- 9849542014, 9823841868

सेक्यूरीटी तुअर्जेन्ट 18000 9844373337 9808828834

तिनकुनेचोकमा अफिसस्टाफअर्जेन्ट 29,500/- अन्यसेवासुविधापनि पढेनपढेकामहिलापुरुष जोकोहिलेगर्नमिल्ने 015199302, 9823705671

कस्मेटिकभित्र कर्मचारी बालाजुचोक 27,500/- 9741811814, 9803369837

अफिसलाई पढेनढेका कर्मचारी अर्जेन्ट २४,५००।- जोकोहिले गर्नमिल्ने 9849927780, 015905948

ठमेलको मोबाइल पसलमा अनुभवी स्टाफ ९८०३७२०८२२

नया बसपार्कमा कुकहेल्पर चाहियो, 9840001627

बल्खुचोकैमा अफिसस्टाफअर्जेन्ट 31,500/- पढेनपढेकासबैले 9813857764, 9746296734 कुनैपनिशुल्कनलाग्ने

कुक हेल्पर वेटर 9808166650 9841669436

सेक्यूरीटी गार्ड तुअर्जेन्ट 17000-22000 9823005384

PGअफिसलाई Parttime/ Fulltime अफिस स्टाफ अर्जेन्ट १८५००-२९५००/- 9808728580, 9849450645 कोटेश्वरग्वार्को

खानबस्नसहित घरमा कामगर्ने महिलाचाहियो तलब रु.१३,०००।- 9849554784, 9810144936

भांडामाझ्ने खानबस्नसहित १२,०००।- वेलकम रेष्टुरेन्ट, शंखमूल: ९८४१६१९८९७

कुक चाहियो तलब २००००-२५०००/- स्वयम्भू ९८५११८०९५७

कस्मेटिक फयाक्ट्रीलाई लेडिज-५, जेन्स-५ 15,000/- चावहिल 9861585041, 01-5906386

कस्मेटिकमा खानबस्न कर्मचारी 9861620282, 9813370285

नयांअफिस बालाजुलाई कर्मचारी 17,500/- 9808499165, 9849064575

कलंकीस्थित रेष्टुरेण्टलाई स्पेशलनेवारी कुकचाहियो(अनुभवीमात्र) ९८५१३२४९१०

होस्टेललाई महिला कामदार, 9813922718, 9841469061

साहायककुक आवश्यकता होटेलहिरणेय ०१-४४१३३७४ लाजिम्पाट

कस्मेटिकमा खानबस्नसहित 17,500/- 9745659955, 9818860820

सामाखुसीचोकैमा कामदारहरू तुअर्जेन्ट 32,500/-अन्यसुविधासहित पढेनपढेका जोकोहिलेगर्नमिल्ने 9842768410, 9823566595 कुनैपनीसुल्कनलाग्ने

ग्वार्कोचोकैमा अफिसस्टाफअर्जेन्ट 31,500/- पढेनपढेकोसबैलेगर्नमिल्ने 015540046, 9803887401 निःशुल्क

लगनखेलमा अनुभवी कुक चाहियो ९८५१३१५१०१

आमालाई हेरचाह गर्ने महिला ९८४११८३५८७

साप्ताहिक पत्रिकालाई बजारप्रतिनिधि चाहियो 9851160286

इन्डियाको विभिन्न शहरहरूमा सरकारी कम्पनीभित्र, औद्योगिक क्षेत्रभित्र ड्युटिगर्ने सेक्युरिटीगार्डहरू अर्जेन्ट, भू.पू.-33000/-, सिभिल-26000/-, सम्पर्क: 014916689, 9741427400

कलंकीमा रेष्टुरेन्टकोलागी कुक चाहियो ९८४१८४८४९९

बानेश्वरमा कुक, कुकहेल्पर, वेटर ९८४८५९१५४३

खानबस्नसहित गेष्टहाउसमा भाडामाझ्नेकेटा चाहियो 9851037023

तन्दुरीकुक, ममकुक किचनहेल्पर, वेटर (महिला) ९८४१८६१५२४

वेटर र किचन हेल्पर चाहियो ९८०३००८५३७

Kitchen Helper **दुईजना Waiter दुईजना Salary** 15000 **बस्नखानको राम्रो व्यवस्थाछ 98403836118** 9840012798

कन्सलटेन्सिमा रिसेप्सनिष्ट, सुरक्षागार्ड आवश्यकता 20,000 9818313256

Motorcycle Delivery Person 9818118379 Teku

कस्मेटिकभित्र इमान्दार कर्मचारी 15,000/- 9843767410

माक्सफयाक्ट्री, ग्लुकोजकम्पनीलाई महिला-५, पुरुष-५ कोटेश्वर, चाबहिल 9861585041, 9803797425

मर्मत

मेसिनबाट सेफटीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने 9841881901

सस्तोमा ढलट्वाईलेट मंगाल जामखोल्ने 9841663344

ढलमंगल, टवाईलेट जामखोल्ने सस्तोमा 9841739477

ढलमंगाल टवाइलेट जामखोल्ने सेफिटटैंकीसफाई 9860386626

ढलमंगाल टवाइलेट जामखोल्ने सेफिटटैंकीसफाई 9808849489

LEDTV, वासिङमेसिन घरैमा मर्मत 9810364211

भर्ना

प्राईभेट SEE,+2 ग्यारेन्टी पास, 9860579477 (विशेष- छुट)

तालिम

निःशुल्क मोबाइल, टेलिभिजन, हाउसवायरिङ्ग ९८४५३९८१३६

उद्घोषण ,भाषणकला तालिमकोलागी डर्बीमिडिया पुतलीसडक 9851184552/ 9841514776

उपचार

जुनसुकै छातिदाग, पाइल्स, पथ्थरी, पिनास, हाइड्रोसिल, घुंडादुखाइ, छिंकएलर्जी, लिभररोग, गोनोगोला, अल्सर, योनरोग, धातुरोग, स्त्रीरोग, योनक्षमताकमि, पुर्णसफल गोशालाचोक सविताआयुर्वेद 9843096920

बिहावारी

स्वीडेन जान चाहने २५ देखि ३० बधुले 9823647355

अनि देखियो डल्फिन...

नारायणी नदीमा देखिनै छाडेको दुर्लभ जलचर फेरि देखिँदा संरक्षणकर्मी खुसी

रमेशकुमार पौडेल (चितवन)

टेक महतो 'सोस' को चर्चा सुन्दै हुर्केका हुन् । उनका बाबुबाजेले पहिला गाउँनजिक अमलटारीतिरै सोस देखिने सुनाउँथे । नदीमा बस्ने, माछा जस्तो तर आकारप्रकारमा बेग्लै जीव डल्फिनलाई थारू समुदायले सोस भन्छन् । बाबुबाजेको मुखबाट सुने पनि २४ वर्षीय महतोले सोस अर्थात् डल्फिन देख्न एक पटकमात्र टाढाबाट देखेका थिए ।

उनी नवलपुरको कावासोती-१५ गोगराको थारू कम्युनिटी लजमा कार्यरत छन् । प्रकृतिप्रेमी महतो योपटक जलपक्षी गणनाको टोलीमा सामेल भए । आशिष गुरुङ नेतृत्वको ११ सदस्यीय टोलीमा मिसिएर उनी नवलपुरको अमलटारीदेखि त्रिवेणीघाटसम्म चरा गन्न निस्किए । पुस २२ को बिहान १० बजे उनीहरूको टोली नारायणीमा डुंगा चढेर पश्चिम लाग्यो । तीन वर्षअघि सन् २०१८ मा पनि उनी होटलको कामले यही रुटमा डुंगा चढेर हिँडेका थिए । नारायणी नदीको बगबन पुग्दै गर्दा उनले कहिल्यै नदेखेको जीव पानीमा रमाएर खेल्दै गरेको भेटे । उनले धमाधम तस्बिर खिचे । बाबुबाजेले भन्ने गरेको सोस त्यही थियो । कुनै बेला प्रशस्तै देखिने सोस लगभग हराइसकेका बेला आँखाअगाडि देख्न पाउनु उनका लागि निकै खुसीको कुरा थियो ।

योपटक चरा गणनामा जाँदा उनलाई फेरि डल्फिन भेटिने आशा जीवितै थियो । अमलटारीबाट जति पश्चिम लाग्यो उति सुनसान ठाउँ आउँछ । नारायणीको गति कम हुन्छ । घना जंगलमा चराचुरुंगीको आवाज मात्र सुनिन्छ । तीन वर्षअघि बगबनमा उनले सोस देखेका थिए । यसपालि ३ बजे कटेपछि उनीहरूको टोली त्यहाँ पुग्यो । उनले डल्फिनको तस्बिर खिच्न तयार भएर नदीतर्फ नजर लगाए । यताउति नजर लगाउँदा पनि सोस भेटिने संकेत देखेनन् । अघिल्लो पटक देखेको ठाउँ पार भएर डुंगा अगाडि बढ्यो । डुंगामा अमलटारीबाट त्रिवेणी पुग्न झन्डै ७ घण्टा लाग्छ । त्यसैले धेरै अलमल गरे रात पर्छ ।

झन्डै सय मिटर पछाडि केही हलचल देखिँदा टेकका आँखा चनाखो भए । उनले डुंगाको रफ्तार कम गर्न लगाए । यति नै बेला नदीमा खेल्दै गरेको डल्फिन देखियो । डल्फिन उनीहरू भएको डुंगातर्फ नै आउँदै थियो । लगभग २० मिटर दूरी नजिक डल्फिन आएपछि उनले तस्बिर खिचे । 'नदेखिने भयो भन्ने लागेको थियो । देखियो त । म त निकै खुसी भएँ,' उनले भने ।

हराउँदै गएको दुर्लभ जलचर

नारायणी नदीमा झन्डै ५ घण्टा लगातार यात्रा गर्दा महतोले धन्न एउटा डल्फिन देखे । तर पहिला यस्तो अवस्था थिएन । चितवन राष्ट्रिय निकुञ्ज २०३० सालमा स्थापना भएको हो । स्थापनाकालमै कार्यरत थिए रामप्रित यादव । जोपछि निकुञ्जको प्रमुख संरक्षण अधिकृत भएर अवकाश पाइसकेका छन् । उनी सम्झन्छन्, 'किन नारायणीमा मात्रै मैले यही कसरा आडमा राप्ती नदीमै डल्फिन देखेको छु नि ।' २०३२ सालतिर यादव कसराघाटबाट राप्ती नदीमा डुंगा चडेर पूर्व घटगाईंतिर जाँदै थिए । उनको डुंगा पछाडि हलचल देखियो । उनले एक्कासि माछाभन्दा धेरै ठूला जीव देखे । त्यो डल्फिन भएको मेसो पाउन उनलाई गाह्रो थिएन । तत्कालै डल्फिन डुंगाको अगाडि लाग्यो । पानीबाट निस्कँदै, पौडिँदै डल्फिन अगाडि बढ्यो । त्यो दृश्य सम्झँदा यादव अहिले पनि निकै रमाउँछन् । तर यस्ता दृश्यहरू दोहोरिन पाएनन् । चितवन निकुञ्जमा लामो समय बिताएका यादवले राप्तीमा डल्फिन देखेको त्यत्ति मात्रै हो । 'तर नारायणीमा त थियो नि,' यादवले भने । महतोका बाबुबाजेले भने जस्तै यादवले अमलटारीमा सात/आठवटा डल्फिन देखेका थिए । त्योभन्दा तल भेलौंजी, बगबनमा पनि राम्रै थिए डल्फिन । तर ४० को दशकपछि डल्फिन हराउँदै गएको यादव सुनाउँछन् ।

देखिनै छाडेको थियो डल्फिन

चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको घडियाल गोही प्रजनन केन्द्रमा लामो समय काम गरेर हालै मात्र अवकाश पाएका छन्, वेद खड्काले । उनी घडियाल हेर्दै र त्यसका अण्डा संकलन गर्दै राप्ती र नारायणी लगातार घुमेका छन् । सहायक संरक्षण अधिकृत रहेका खड्काले यादवले जति डल्फिन देख्न पाएनन् । 'यता माथि त देखिँदै देखिएन । उता नारायणी नदीमा निकै तल गएपछि भेलौंजी, बगबनतिर कहिलेकाहीं देखियो । त्यही एउटा हो । कहिलेकाहीं दुईवटासम्म देखिएको छ,' खड्काले भने । उनले नदी डुल्दै गर्दा ०६६ सालमा लगातारजसो डल्फिन देखे । तर ०६७ अनि ०६८ र ०६९ सालमा त्यतातिर डुंगा चढेर जाँदा कुरेरै बसे तर डल्फिन देखिएन । उनलाई नारायणीमा डल्फिन लोप भयो कि भन्ने लाग्न थाल्यो ।

तर ०७० सालपछि फेरि लगातारजसो देखिएको छ । 'अस्ति मंसिरको मसान्तमा म राप्तीको लोथरदेखि नारायणीमा त्रिवेणीसम्म पुगेको थिए । त्यो बेलामा पनि देखेको हो । त्यही एउटा देखेको थिएँ,' खड्काले भने । खड्काले देखेकै डल्फिन टेकले पनि देखेका हुन् । तर यादव र महतोका अग्रजले देखे जस्तो डल्फिन अब कहाँ देखिनु । बरु भएकै यी एकाध डल्फिन पनि कतै सधैं हराउने पो हो कि भन्ने डर छ ।

डल्फिन पानीमा बस्ने तर अण्डा हैन बच्चा नै जन्माउने स्तनधारी जीव हो । त्यसैले यो मानवसँग निकै निकट छ भन्छन् यादव । आकारमा माछाभन्दा ठूलो भए पनि डल्फिनले मान्छेलाई कुनै हानि गर्दैन । तर मान्छेले यो जीवलाई माया गरेन भन्ने दुःख यादवलाई छ । 'नारायणीमा डल्फिन कम हुनुको एउटा ठूलो कारण त्रिवेणीको बाँध हो,' उनले सुनाए । नहरका लागि त्रिवेणीमा बाँध लगाएर भारतले अत्यधिक र नेपालले कही मात्रामा पानी लगेको छ । बाँधको ढोका बर्खामा खुल्छ, हिउँदमा बन्द हुन्छ । 'बर्खामा बगेर तल भारततिर लागेका डल्फिनहरू फर्केर यता आउने कुनै संरचना छैन,' यादव भन्छन्, 'नदीको बहावमै मान्छेले बाधा गरेकाले डल्फिनका साथै नेपालका धेरै खाले माछा र घडियाललाई असर परेको छ ।'

नदी प्रदूषण र आहाराको कमीले पनि जलचरलाई संकट थपिएको छ । नारायणी नदीलगायत यसका सहायक नदी र खोलाहरूमा सिधै फोहर फाल्ने स्थानीय तह र कारखानाका कारण प्रदूषण बढेको छ । 'प्रदूषित नदीमा डल्फिनले खाने माछा हुर्कन र लेउ बन्न सक्दैन । खाना नै नभएपछि कसरी बाँच्छ डल्फिन ?' यादव भन्छन्, 'डल्फिन देखिनु भनेको वातावरण राम्रो छ भन्ने संकेत हो । वातावरण राम्रो हुनु भनेको मान्छेका लागि नै फाइदाको कुरा हो नि, हामीले यो कुरा बुझ्नुपर्छ ।'

नारायणी नदीमा गत बिहीबार देखिएको डल्फिन । *तस्बिर सौजन्य : टेक महतो*

संरक्षण कार्ययोजना कागजमै सीमित

गोविन्द पोखरेल (काठमाडौं)

आईयूसीएनको संकटापन्न सूचीमा रहेको डल्फिनलाई नेपालले महत्व नदिएको होइन । सरकारले 'अति संकटापन्न' सूचीमा राखेको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले 'डल्फिन संरक्षण कार्ययोजना २०२१-२०२५' नै ल्याएको छ । तर कार्यान्वयन भने हुन सकेको छैन ।

कार्ययोजनामा डल्फिनको अवस्थाबारे जानकारी लिने भनिएको छ, व्यवहारमा छैन । नदी क्षेत्रमा निर्माण गरिने बाँध तथा ब्यारेजहरूमा जलचर आवतजावत गर्नका लागि 'फिस ल्याडर' निर्माणमा ध्यानाकर्षण गराउने, गणना गर्ने, बासस्थान सुधार्ने, अध्ययन/अनुसन्धान गर्नेलगायतका काम गर्ने कार्ययोजनामा उल्लेख छन् ।

गंगा र यसका सहायक नदीहरूमा पाइने डल्फिनको संख्या पछिल्लो समय घटिरहेको छ । नेपाल, भारत, पाकिस्तान र बंगलादेशमा मात्रै पाइने गंगेटिक प्रजातिको संख्या १९९४ देखि ५० प्रतिशतले घटेको छ । संख्या हाल ३ हजारको हाराहारीमा रहेको अनुमान छ । नेपालमा डल्फिनको संख्या घट्दो अवस्थामा रहेको अनुसन्धानहरूले देखाएका छन् । सन् २०११ को अनुसन्धानका क्रममा नेपालमा डल्फिन करिब एक सयवटा रहेको अनुमान थियो । २०१८ को मनसुनमा गरिएको देशव्यापी गणनामा नेपालका नदीहरूमा ५२ वटा डल्फिन भेटिएको थियो । मोहना र सहायक नदीमा ४३ र कोसीमा ९ वटा भेटिएका थिए ।

मनसुनको समय भएकाले नारायणी र कर्णाली नदीका डल्फिन यसका सहायक नदीमा गएको हुन सक्ने अनुमान गरिएको उक्त अनुसन्धानमा संलग्न उपप्राध्यापक एवं फ्रेस वाटर इकोलोजिस्ट दीपनारायण साहले बताए । 'तथ्यांक संकलनका बेला नारायणी नदीको ५७ किलोमिटर क्षेत्रमा खोज्दा डल्फिन हामीले नदेखे पनि त्यसको केही दिनपछि २ वटा देखिएको थियो । गेरुवाको ३७ किलोमिटर क्षेत्रमा सर्भे गर्दा पनि भेटिएको थिएन । कोसीको ४९ किलोमिटर क्षेत्रमा खोज्दा हामीले ९ वटा देखेका थियौं,' उनले भने ।

तल्लो तटीय क्षेत्रमा बस्ने यो स्तनधारी जलजीव नेपालका कोसी, कर्णाली र नारायणी नदी क्षेत्रमा पाइन्छ । कुनै समय महाकालीमा पनि देखिन्थे । अहिले त्यहाँ डल्फिन देखिन छाडेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको डल्फिन व्यवस्थापन कार्ययोजनामा उल्लेख छ । डल्फिनलाई पानीको शुद्धताको सूचकका रूपमा लिइन्छ । सफा पानीमा बस्ने यो स्तनधारी जीवको आहारा स-साना माछा हुन् । डल्फिन माउ र बच्चा प्रायः सँगै हुन्छन् । फागुनदेखि वैशाख यिनीहरूको प्रजनन समय हुन्छ । गर्भधारणको ८ देखि ९ महिनामा बच्चा जन्माउँछन् । बच्चाले २ महिनादेखि आहार खान थाल्छ ।

पानी प्रदूषण, नेपाल-भारतका नदीमा निर्माण गरिएका ठूला ड्याम र ब्यारेजका कारण संख्या घट्दै गएको विज्ञहरू बताउँछन् । अनुसन्धानकर्ता डा. वेदकुमार खड्का भन्छन्, 'यिनीहरूलाई ओहोरदोहोर गर्न कुनै सीमा हुनु हुँदैन । भारतका नदीबाट यिनीहरू उत्तरतर्फ आउँछन् । ब्यारेजले यिनीहरूको आवतजावतमा समस्या परेको छ । ब्यारेज खुलेका बेला नेपालबाट भारत पुगेका डल्फिनहरू आउन पाउँदैनन् । यसले पनि संख्या घटिरहेको छ ।'

विभागले बनाएको कार्ययोजनामा नदी क्षेत्रमा हुने बाह्य प्रभाव नियन्त्रण, समुदायस्तरमा यसको महत्त्वबारे जानकारी दिने उल्लेख भए पनि काम भएकै छैन । विभागका सूचना अधिकारी वेदकुमार ढकाल बजेट अभावका कारण कार्ययोजनाअनुसार काम हुन नसकेको बताउँछन् ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
ईन्द्रै बिन्ती गरुन झुकेर पाउँमा त्यो बिन्ती मान्दैन त्यो ।
"माया गर्ने मानिसहरुको मनमा बाँच्नुलाई मृत्यु भनिदैन ।"

हार्दिक श्रद्धाञ्जली

स्व. जीवनराम खोजु

२००१/११/२ - २०७८/९/१७

हजुरले सिकाउनु भएका हरेक शिक्षा र सिद्धान्तहरूलाई जिवन्त राख्ने कोशिश हामी गर्ने छौं । मायाको खानी, प्रेरणाको स्रोत, हजुरले हामीलाई अकस्मात् छोडेर जानु भयो । हजुरको जिवन सधैं नै अति प्रेरणादायी रहने छ, सबैका लागि । भौतिक रूपमा टाढा भए पनि भावनात्मक रूपमा हजुर सधैं सबै भन्दा नजिक हुनुहुन्छ ।

हाम्रो यस अति नै दुःखद घडीमा हामी प्रति समवेदना दिनुहुने सम्पुर्ण महानुभाव र आफन्तजनमा कृतज्ञता व्यक्त गर्दछौं ।

अर्धाङ्गिनी : रम्बा खोजु

छोरा/बुहारी
राजन/सरस्वती खोजु

छोरी/ज्वाइँ
रोजिना/अरूण अधिकारी
रविना/निखिल अग्रवाल
महिमा/सैलेश राज कुँवर

नाति/नातिनी
आदित्य खोजु
आयान खोजु
आरूषी अधिकारी

सिया अधिकारी
वाणी अग्रवाल
मानवी अग्रवाल
राघव राज कुँवर

भारतका ५ राज्यमा बढ्यो चुनावी सरगर्मी

एक महिनामा दर्जन पटकभन्दा बढी उत्तर प्रदेशको भ्रमण गरेका प्रधानमन्त्री मोदीले मतदाता रिझाउन ठूल्ठूला परियोजनाको उद्घाटन गर्दै आश्वासन बाँडेका छन्

राजेश मिश्र (नयाँदिल्ली)

भारतमा कोभिड संक्रमण उच्च बिन्दुमा पुगेसँगै ५ राज्यमा चुनावी सरगर्मी पनि बढेको छ। सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा), विपक्षी कांग्रेस तथा समाजवादी, तृणमूल कांग्रेस, आम आद्मी पार्टी (आप) लगायतका केही क्षेत्रीय शक्तिहरू चुनावी परिणाम आफ्नो पक्षमा पार्ने जोडबलमा छन्। पार्टीका शीर्ष नेतादेखि तल्लो कार्यकर्तासम्म कोभिडको प्रवाह नगरी चुनावी संघर्षमा पूरा शक्तिका साथ होमिएका छन्।

भारतमा सन् २०२४ मा केन्द्रीय चुनाव हुँदै छ। सत्तारूढ दलका रूपमा भाजपाको पुनरागमन वा विपक्षीले 'स्पेस' बनाउने भन्ने पनि राज्यस्तरीय चुनावी परिणामले संकेत गर्ने निश्चित नै छ। जसका कारण पनि दलहरूको कसरत थप बढेको हो।

विपक्षी दलहरूले केन्द्रमा सत्तारूढ भाजपामाथि हिन्दु धर्मप्रति कट्टर रहेको तथा पक्षधरता अपनाएको विषयलाई प्राथमिकताका साथ उठाएका छन्। विपक्षीको प्रहार र किसान आन्दोलनले दिन सक्ने क्षतिलाई पूर्ति गर्न भाजपाले हरेक राज्यमा ठूल्ठूला विकास परियोजना अगाडि बढाएको छ। त्यसका साथै सम्भावित क्षतिको आकलन गरेरै एक वर्षसम्म चलेको किसान आन्दोलनलाई बेवास्ता गरेको भाजपा सरकारले चुनावको मुखमा कृषि कानुन फिर्ता लिएर आफूविरुद्धको आगो निभाउने प्रयत्न गरेको छ।

राजनीतिक शक्तिका दृष्टिकोणले भारतीय राज्यहरूमा उत्तर प्रदेश (यूपी) निकै महत्त्वपूर्ण मानिन्छ। दिल्लीसँग सीमा जोडिएको यूपीबाट लोकसभामा ८० सदस्य चुनिन्छन्। ५ सय ४५ सदस्यीय लोकसभाका लागि त्यो ठूलो हिस्सा हो। यूपीमा पकड जमाउनेलाई केन्द्रमा सहज हुने मानिन्छ। अहिले यूपीमा भाजपाकै सरकार छ। विधानसभाको ४ सय ३ का सिटका लागि हुने चुनावमा २ सय ३ सिट ल्याउनेको सरकार बन्नेछ।

सत्तारूढ दल भाजपाले यूपीको चुनावलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको छ। प्रधानमन्त्री मोदी पछिल्लो एक महिनामा दर्जनभन्दा बढी पटक यूपीको भ्रमण गरेका छन्। अनेकौं ठूला ठूला परियोजनाको उद्घाटन, शिलान्यास गर्दै नयाँ-नयाँ आश्वासन बाँडेका छन्। पार्टी अध्यक्ष जेपी नड्डादेखि, मन्त्रीहरू राजनाथ सिंह र अमित शाहको लगातारको भ्रमणले कुनै पनि हालतमा भाजपाले यूपीलाई हातबाट फुत्किन नदिने प्रयत्न गरेको देखिन्छ। त्यहाँ समाजवादी पार्टी (सपा) ले भाजपालाई टक्कर दिने देखिन्छ। यद्यपि, त्यहाँ कमजोर बन्दै गएको कांग्रेसले पनि आफ्नो स्थिति सुधार्न प्रियंका गान्धीलाई चुनावी कमान्डरका रूपमा उतारेको छ। अर्को क्षेत्रीय पार्टी बहुजन समाजवादी पार्टी (बसपा) पनि आफ्नो अस्तित्वको खोजीमा छ।

पत्रकार रञ्जिता झा यूपीमा पकड भए मात्रै केन्द्रमा सत्तारोहण हुन सक्ने परिस्थितिले नै अन्य प्रदेशको तुलनामा यहाँको चुनावको महत्त्व बढेको बताउँछिन्। 'यहाँ मुख्य रूपमा जाति र धर्मकै राजनीति भइरहेको छ, त्यसैका आधारमा भोटरलाई ध्रुवीकृत गर्न पार्टीहरू लागिपरेका छन्,' कान्तिपुरसँग उनले भनिन्, 'भाजपाले हिन्दु धर्म, राम मन्दिर, भगवा वस्त्रको राजनीतिलाई नै जोड दिएको छ। सपा र कांग्रेसले आफूलाई सबै धर्मको पक्षधर बताएर मुस्लिम समुदायको भोट तान्ने कोसिसमा छन्।'

यूपीमा भाजपा नेता योगी आदित्यनाथ मुख्यमन्त्रीमा दोहोरिन प्रयत्नशील छन्। उनी अगाडि मुख्यमन्त्री रहेका सपाका नेता अखिलेश यादव कसरी हुन्छ आफू पुनः सत्तामा फर्किने दाउमा छन्। दुई शक्तिका अगाडि तुलनात्मक रूपमा कांग्रेस र बसपा कमजोर मानिएको छ। यद्यपि 'लड्की हुँ, लड सकती हुँ' अर्थात् नारी हुँ, लड्न सक्छु भन्ने नाराका साथ कांग्रेस नेत्री गान्धी आक्रामक चुनावी रणनीतिमा लागेकी छन्। उनले महिला भोट तान्न ४० प्रतिशत महिलालाई टिकट दिने वाचासमेत गरेकी छन्। तर यूपीमा कांग्रेससँग नेतृत्व गर्ने व्यक्तित्वको पनि अभाव देखिएको पत्रकार झाको भनाइ छ।

नेपालसँग सीमा जोडिएको उत्तराखण्डमा फेब्रुअरी १४ मा विधानसभा चुनाव हुँदै छ। पहाडी बसोबास रहेको उत्तराखण्डको चरित्र फरक छ। त्यहाँका जनताले प्रत्येक पाँच वर्षमा मुख्यमन्त्री परिवर्तन गरेका छन्। टाइम्स नाउँकी राजनीतिक संवाददाता झाले सबै राज्यको भिन्नाभिन्नै परिस्थिति रहेको बताइन्। उत्तराखण्डमा मुख्य रूपमा भाजपा र कांग्रेसबीच नै भिडन्त हुने निश्चित छ। यद्यपि, आम आदमी पार्टीले पनि कोसिस जारी राखेको छ। हाल भाजपाको सरकार रहेको उत्तराखण्डमा ७० सिट छन्। अर्को राजनीतिक घमासान चलिरहेको राज्य हो पञ्जाब। यहाँ हाल कांग्रेसका चरणजित सिंह चन्नी मुख्यमन्त्री छन्। पार्टीभित्र विवाद चुलिएपछि करिब ४ महिना अगाडि क्याप्टन अमरिन्दर सिंहलाई हटाएर चन्नीलाई मुख्यमन्त्री बनाइएको थियो। दलित समुदायका चन्नी छोटो समयमै पञ्जाबमा लोकप्रिय बनेका छन्। लोकप्रिय भाषण र आम मानिससँग घुलमिल गर्ने व्यवहारले उनलाई सर्वसाधारणले मन पराएका छन्। यद्यपि कांग्रेसभित्र जारी कलहका कारण मुख्यमन्त्रीबाट हटाइएपछि क्याप्टन अमरिन्दरले पार्टी त्याग गरेर नयाँ दल खोलेका छन्। उनले भाजपालाई साथ दिएका छन्। त्यहाँ पार्टीका अध्यक्ष नवजोत सिंह सिद्धु र मुख्यमन्त्री चन्नीबीच पनि बेलाबेला खिचातानी जारी छ। पञ्जाबमा कांग्रेस एक नरहेको भन्दै विपक्षीहरू त्यसको लाभ लिने प्रयत्नमा छन्।

विधानसभामा पञ्जाबबाट १ सय १७ सिट चुनिन्छन्। निकै कमजोर भाजपाले २०१७ को चुनावमा जम्मा ३ सिट ल्याएको थियो। दिल्लीपछि पञ्जाबमा बलियो आम आदमी पार्टीले २० सिट ल्याएको थियो। चुनाव हुन लागेको अर्को प्रदेश हो गोवा। त्यहाँ भाजपा र कांग्रेसबीच नै प्रतिस्पर्धा हुने गरेको छ। तर, उपश्चिम बंगालमा लोकप्रिय मतले सरकार बनाएकी ममता बनर्जीको तृणमूल कांग्रेस र आम आदमी पार्टीको उपस्थिति पनि बलियै देखिएको छ। ४० सदस्यीय विधानसभामा हाल कसैको बहुमत छैन। कांग्रेसले १७ सिट ल्याए पनि १४ सिट जितेको भाजपाले अन्य पार्टीको सहयोगमा सरकार चलाइरहेको छ।

त्यस्तै, मणिपुरमा पनि चुनाव हुँदै छ। त्यहाँ पनि अघिल्लो चुनावमा ठूलो दल भएर पनि कांग्रेसले सरकार बनाउन सकेन। ६० सिटको विधानसभामा कांग्रेसले २८ सिट जितेको थियो। त्यहाँ भाजपा र अन्य दलको गठबन्धन सरकार छ। पूर्वोत्तर राज्य मणिपुरमा आफ्नो स्थिति थप मजबुत बनाउन भाजपा र कांग्रेस दुवैको कोसिस जारी छ। यी भारतीय राज्यहरूमा फेब्रुअरी १० देखि चुनाव हुँदै छ। मार्च १० बाट सुरु हुने मतगणना परिणामले ५ वटा राज्यमा सरकार चयन मात्रै गर्ने छैन, केन्द्रीय राजनीतिको भविष्य पनि संकेत गर्ने छ।

भारतीय राज्य उत्तर प्रदेशको राजधानी लखनउमा प्रधानमन्त्री नरेन्द्र मोदी र मुख्यमन्त्री योगी आदित्यनाथको होर्डिङ बोर्ड हटाउँदै महानगर कर्मचारी। *तस्बिर : एपी*

२ लाख संक्रमित थपिए

नयाँदिल्ली (एजेन्सी)- भारतमा कोभिड-१९ को संक्रमण झन् तीव्र हुँदै गएको छ। भारतमा बुधबार करिब २ लाख संक्रमित थपिएका हुन्।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा १ लाख ९४ हजार ७ सय २० जनामा संक्रमण पुष्टि भएको हो। योसँगै भारतमा सक्रिय संक्रमितको संख्या ९ लाख ५५ हजार ३ सय १९ पुगेको छ। यो २ सय ११ दिनयताकै उच्च हो। सोमबार १ लाख ६८ हजार जनामा संक्रमण पुष्टि भएको थियो।

पछिल्लो २४ घण्टामा सर्वैभन्दा बढी महाराष्ट्रमा ३४ हजार ४ सय २४ जना संक्रमित थपिएका छन्। त्यस्तै राजधानी रहेको दिल्ली राज्यमा थप २१ हजार २ सय ५९ जनामा संक्रमण पुष्टि भएको छ। भारतीय सञ्चारमाध्यमका अनुसार दिल्लीमा संक्रमण दर २५.६५ प्रतिशत पुगेको छ।

त्यस्तै पश्चिम बंगालमा २१ हजार ९८, तमिलनाडुमा १५ हजार ३ सय ७९ र केरलामा ९ हजार ६६ जनामा संक्रमण पुष्टि भएको छ। मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा कोभिड संक्रमणका कारण ४ सय ४२ जनाको मृत्यु भएको छ भने ६० हजार ४ सय ५ जना संक्रमणमुक्त भएका छन्। यसैगरी, ओमिक्रोन संक्रमितको संख्या ४ हजार ८ सय ६८ पुगेको स्वास्थ्य छ। तीमध्ये सबैभन्दा बढी महाराष्ट्रमा १ हजार २ सय ८१ संक्रमित छन्।

भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

प्रकाशित मितिः २०७८/०९/२९

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

सम्बन्धित कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम(फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०७८/९/२८ मसान्त सम्मको व्याज तथा अन्य	जम्मा तिर्नुपर्ने रकम	धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम	कैफियत
१	श्री रामकृष्ण अधिकारी	किर्तिपुर न.पा.१२, भत्के पाटी, काठमाण्डौ	कृष्ण बहादुर अधिकारी	कमल बहादुर अधिकारी	व्यक्तिगत ओ.डि.	रु.१०,००,०००/-	रु.१,३५,०००/-	रु.११,३५,०००/-	बन्दना बस्नेत अधिकारी	
२	श्री बच्चुराम खड्का	महालक्ष्मी न.पा. ९, लामाटार, ललितपुर	ललित बहादुर खड्का	ईन्द्र बहादुर खड्का	व्यक्तिगत ओ.डि.	रु.२५,००,०००/-	रु.२,२०,०००/-	रु.२७,१०,०००/-	लक्ष्मी खड्का	
३	श्री प्रमहेस ईन्टरप्राईजेज प्रो. रमेश श्रेष्ठ	गोदावरी न.पा. १२, ठैव, ललितपुर	दश बहादुर श्रेष्ठ	प्रेम बहादुर श्रेष्ठ	व्यापार कर्जा	रु.१,५०,००,०००/-	रु.१०,५०,०००/-	रु.१,६०,५०,०००/-	दुर्गा श्रेष्ठ	
४	श्री भिमेश्वर काष्ठकला उद्योग प्रा.लि. सं. पुष्प कुमार हाँडा	काठमाण्डौ म.न.पा. ३१, कमलादी, काठमाण्डौ	पुर्ण कुमार हाँडा	कृष्ण कुमार हाँडा	उद्योग कर्जा	रु.५०,००,०००/-	रु.२,१५,४३४/	रु.५२,१५४३४/-	बेद बहादुर बोगटी	

सम्बन्धित कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखाः चरिकोट,दोलखा

क्र.सं.	कर्जा ग्राहकको नाम(फर्म, प्रोप्राईटरको नाम/कम्पनी तथा संचालकहरुको नाम)	ठेगाना	बाजेको नाम	ग्राहकको पिता/पतिको नाम	उद्देश्य	साँवा रकम रु.	मिति २०७८/९/२६ मसान्त सम्मको व्याज तथा अन्य	जम्मा तिर्नुपने रकम	धितो मञ्जूरीनामा दिने/जमानत बस्ने को नाम	कैफियत
१	थिर कुमारी सुनुवार	ठूलोपाताल ०६,दोलखा	मोती बहादुर सुनुवार	गोबिन्द बहादुर सुनुवार	तरकारी खेती	२,५०,०००।-	१,०७,३००	३,५७,३००	गोबिन्द बहादुर सुनुवार	
२	विर्ख बहादुर श्रेष्ठ	दुधपोखरी ०१,ताम्चेत दोलखा	नन्दलाल	अमर बहादुर	घरायसी	८,००,०००।-	४,१२,५००	१२,१२,५००	विर्ख बहादुर श्रेष्ठ	
३	गोपाल बस्नेत	भीमेश्वर १०,दोलखा	टेक बहादुर	कृष्ण बहादुर	घरायसी	१५,००,००० ।-	२,२९,९७०	१७,२९,९७०	फूलमाया बस्नेत	
४	दिनेश बुढाथोकी	सुस्पा ०५,दोलखा	नर बहादुर बुढाथोकी	कृष्ण बहादुर बुढाथोकी	कुखुरापालन	६,००,०००।-	७९,३६०	६,७९,३६०	कविता बुढाथोकी	
५	केशव रिजाल	भीमेश्वर न.पा. ०१,दोलखा	कमान सिहं	पदम बहादुर	सरल कृषि कर्जा	८,५०,०००।-	२,२९,५४०	१०,७९,५४०	बबिता रिजाल	
६	उखुबारी एग्रो फार्म	भिमेश्वर न.पा.१२ दोलखा (प्रो.बिकास खडका)	जित बहादुर खडका	बद्रि बहादुर खडका	सरल कृषि कर्जाहर्वज	८,७५,०००।- १४,००,००० ।-	७७,५७० ६,०८,४५०	९,५२,७५० २०,०८,४५०	बद्रि बहादुर खडका	
७	हिरालाल विश्वकर्मा	शैलुङगेश्वर ०३ शैलुङ गा.पा.०८ दोलखा	जद्धविर विश्वकर्मा	मानविर विश्वकर्मा	सरल कृषि कर्जा	५,००,०००।-	५४,५३५	५,५४,५३५	हिरालाल विश्वकर्मा	
८	गंगा ओली (शिवाकोटी)	कालिन्चोक गा.पा. ०७ सुनखानी	अग्नीधर शिवाकोटी	कृष्ण प्रसाद शिवाकोटी	सरल कृषिसरल कृषि	५,००,०००।-	४४,३५०	५,४४,३५०	कृष्ण प्रसाद शिवाकोटी	
९	नारायण बहादुर थापा	भि.न.पा. ०१	जित बहादुर थापा	भीम बहादुर थापा	घरायसी	२,५०,०००	२,०४,४७५	४,५४,४७५	नारायण बहादुर थापा	
१०	राम चन्द्र बुढाथोकी	सुस्पाक्षमावती ०५,दोलखा	कृष्ण बहादुर	छत्र बहादुर	कुखुरा पालन	१०,००,००० ।-	७४,५०५	१०,७४,५०५	छत्र बहादुर बुढाथोकी	
११	रामकाजी लामा दोङ	भीमेश्वर न.पा. ०१, दोलखा	बिर बहादुर	छेनाम	घरायसी	८००००।-	१,३३,२२०	९,३३,२२०	सपना पाखीन	
					तरकारी खेती	२००००।-	५५,५६०	२,५५,५६०		
१२	गोपी खाती	भिमेश्वर न.पा १,दोलखा	अंगबिर खाती	शुरबिर खाती	सरल कृषि कर्जा	८,५०,०००।-	१,३०,८९०	९,८०,८९०	बाल कुमारी खाती	
१३	दिनेश सर्टिङ एण्ड सुटिङ सेन्टर (प्रो.दिनेश सुनाम)	भिमेश्वर न.पा. १० दोलखा	बुधे सुनाम	वृष बहादुर दर्जी	व्यापार कर्जा	८,००,०००।-	१,०२,७२०	९,०२,७२०	दिनेश सुनाम	
१४	राम मैया कार्की	भिमेश्वर न.पा. ०५ (साविक भि.न.पा. ०८)	कर्ण बहादुर	अम्बर बहादुर	सरल कृषि कर्जा	५,००,०००।-	६६,२६०	५,६६,२६०	इन्द्र कुमारी कार्की राम मैया कार्की	
१५	रमेश रिजाल	भिमेश्वर न.पा. ०१	कमान सिंह बि.क	पदम बहादुर बि.क	घरायसी	३,००,०००।-	२,७५,७६५	५,७५,७६५	रमेश रिजाल	
१६	कृष्ण रिजाल	भिमेश्वर न.पा. ०१	कमान सिंह बि.क	पदम बहादुर बि.क	घरायसी	८,००,०००।-	६,५३,५३५	१४,५३,५३५	कृष्ण रिजाल	
१७	सन्तोष थापा	भिमेश्वर न.पा. ०१	जित बहादुर थापा	लाल बहादुर थापा	आवास कर्जा	६,६३,१५८।-	५,२१,७२७	११,८४,८८५	सन्तोष थापा	

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं।

अस्ट्रेलियामा संक्रमण बढेसँगै कामदार अभाव

अस्ट्रेलियाको वुलवर्थस् सुपरमार्केटका प्रमुख कार्यकारी अधिकृत बार्डफोर्ड बन्डुची आफ्ना कर्मचारीसँगै। *तस्बिर : एजेन्सी*

नारायण खड्का (अस्ट्रेलिया)

कोभिड-१९ को संक्रमणसँगै अस्ट्रेलियामा कामदारको चर्को अभाव देखिएको छ। भाइरसको संक्रमण देखिएसँगै अस्ट्रेलियाले विदेशीका लागि सीमा बन्द गरेको थियो। जसका कारण कृषि तथा ग्रामीण क्षेत्रमा काम गर्ने अस्थायी भिसावाहक कामदार आउन नपाएपछि जनशक्ति अभाव चर्किएको हो।

त्यसका साथै कतिपय कामदार संक्रमित भएपछि आइसोलेसनमा बसेका कारण कामदार अभाव देखिएको हो। एबीसीका अनुसार कृषि तथा ग्रामीण क्षेत्रमा चरम अभाव देखिएको भए पनि प्रायः सबै क्षेत्रमा समस्या देखिएको छ। खासगरी कृषि क्षेत्रमा देखिएको कामदार अभाव पूर्ति गर्न कृषकहरूले सरकारलाई आग्रह गरिरहेका छन्।

अस्ट्रेलियन च्याम्बर अफ कमर्सले दुई महिनाअघि सार्वजनिक गरेको एक सूचनामा करिब २ लाख ५० हजार कामदार तत्काल आवश्यक रहेका जनाइएको थियो। उक्त समयमा सरकारले अन्तर्राष्ट्रिय सीमा खुला गर्ने कुनै निर्णय गरिसकेको भने थिएन। अहिले अस्ट्रेलियाले दुवै खोप लगाएका र उपयुक्त भिसावाहकलाई प्रवेश दिएको भए पनि कामदार अभाव भने उस्तै रहेको जनाइएको छ।

पछिल्लो समय कोभिडको नयाँ भेरियन्ट ओमिक्रोनका कारण संक्रमण दैनिक दसौं हजारले बढ्न थालेपछि ठूलो संख्यामा कामदारसमेत आइसोलेसनमा बस्नुपरेपछि समस्या झन् बढेको हो।

कामदार अभावको समस्या कम गर्न केही राज्यमा संक्रमित व्यक्तिको नजिक आएका (क्लोज कन्ट्याक्ट) लाई आइसोलेसन बस्नु नपर्ने नियम लागू गरेका छन्। न्यु साउथ वेल्स, भिक्टोरिया र क्विन्सल्यान्ड सरकारले कामदार अभावको समस्या टार्न त्यस्तो उपाय अपनाएका हुन्। तर त्यसको नतिजा भने खासै सकारात्मक देखिएको छैन।

अस्ट्रेलियाका दुई ठूला सुपरमार्केट कोल्स र वुलवर्थस्ले आफ्नो वितरण शाखामा कामदार अभाव भएको उल्लेख गरेका छन्। त्यसका साथै अधिकांश पसलमा कामदार आवश्यकता परेको विज्ञापन देख्न सकिन्छ। न्यु साउथ वेल्स र क्विन्सल्यान्ड राज्यका आपत्कालीन सेवामा काम गर्ने कर्मचारीका साथै

अत्यावश्यक सेवामा कार्यरत कामदार संक्रमितको सम्पर्कमा आएका भए पनि आइसोलेसनमा बस्न नपर्ने

खाद्य, कृषि, यातायात र उत्पादन क्षेत्रमा काम गर्ने कर्मचारीलाई 'क्लोज कन्ट्याक्ट' भए पनि केही सर्त पालना गरेर आइसोलेसन बस्नु नपर्ने जनाइएको छ। उनीहरूको अनुपस्थितिले अति आवश्यक सेवाका क्षेत्रमा समस्या उत्पन्न हुने अवस्था आएमा दैनिक च्यापिङ एन्टिजेन टेस्ट गरी र मास्कको अनिवार्य प्रयोग गरी सेवा दिन सक्ने जनाइएको हो। तर कामदारमा एन्टिजेन टेस्ट पोजिटिभ आए वा भाइरसका लक्षण देखिएको खण्डमा भने आइसोलेसनमा बस्नुपर्ने जनाइएको छ। कामदारले खोपको पूर्ण मात्रा लगाएको हुनुपर्ने, कामको समयमा अनिवार्य पीपीई लगाउनुपर्ने र निजी सवारीमा आउजाउ गर्नुपर्ने जनाइएको छ।

विदेशी मुद्रा

अमेरिकी डलर	११८५६
युरो	१३४४४
पाउन्ड स्टर्लिङ	१६१३६
अस्ट्रेलियन डलर	८५२२
कतारी रियल	३२५६

राष्ट्र बैंकको आधारमा

सुन रू. ९२,०००

चाँदी रू. १,२३५

५ महिनामा भौतिक मन्त्रालयकै बजेट खर्च ८.२६% मात्रै

विमल खतिवडा (काठमाडौं)

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले चालु आर्थिक वर्ष २०७८/७९ को ५ महिनामा कुल बजेटको ८.२६ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। सबैभन्दा धेरै विकास निर्माणका काम हुने मन्त्रालयकै खर्च प्रगति निकै कम देखिएको हो। मन्त्रालयका अनुसार कुल विनियोजित १ खर्व ५६ अर्ब २५ करोड १० लाख ४१ हजार बजेटमध्ये १२ अर्ब ९० करोड ३५ लाख ४९ हजार रुपैयाँ मात्र खर्च भएको छ।

सबैभन्दा कम बजेट खर्च गर्नेमा काठमाडौं-तराई-मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) रहेको छ। चालु आवका लागि ८ अर्ब ९२ करोड ७९ लाख विनियोजन भएकोमा ५ महिनामा १५ करोड ९ लाख १० हजार रुपैयाँ मात्र खर्च भएको छ। प्रतिशतमा यो कुल बजेटको १.६९ मात्रै हो। राष्ट्रिय गौरवको आयोजनासमेत रहेको फास्ट ट्र्याकको अहिलेसम्मको भौतिक प्रगति १६.१० प्रतिशत छ। जसको निर्माणको समयसीमा आव २०८०/८१ सम्म मात्र छ। नेपाल पानीजहाज कार्यालयले मंसिर मसान्तसम्म ४.६५ प्रतिशत मात्रै खर्च गरेको छ। ८ करोड ५९ लाख बजेट पाएकामा कार्यालयले ३९ लाख ९१ हजार रुपैयाँ मात्रै खर्च गर्न सकेको छ। कम खर्च गर्ने अर्को आयोजनामा कान्ति राजपथ पनि पर्छ। साउन-मंसिरसम्म आयोजनाको खर्च १.२१ प्रतिशत मात्रै छ। चालु आवमा ३१ करोड १८ लाख छुट्याइएकामा आयोजनाले हालसम्म ३७ लाख ६६ हजार रुपैयाँ मात्र खर्च गरेको छ।

केही ठूला आयोजनामा भने राम्रै खर्च भएको छ। मन्त्रालयका अनुसार मदन भण्डारी राजमार्ग निर्माण आयोजना (बाहुनडाँगीदेखि रुपालसम्म) को खर्च २ ९.८ प्रतिशत छ। अर्थात् विनियोजित २ अर्ब ९२ करोड ६३ लाखमध्ये हालसम्म ८७ करोड १९ लाख ७८ हजार रुपैयाँ खर्च भएको हो। महाकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिंकर) मा अन्य आयोजनाको तुलनामा कम खर्च भएको छ। चालु आवमा १ अर्ब ३ करोड छुट्याइएकामा ५ महिनामा ७ करोड २१ लाख ७४ हजार रुपैयाँ खर्च भएको देखिन्छ। यो कुल बजेटको ७.०१ प्रतिशत मात्रै हो। गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक आयोजनाले सबैभन्दा बढी ३५.९२ प्रतिशत खर्च गरेको छ। अर्थात् १ अर्ब ६२ करोड १७ लाख रुपैयाँ बजेट पाएकामा ५ महिनामा ५८ करोड २५ लाख ९३ हजार रुपैयाँ खर्च गर्न सकेको हो।

अर्को राष्ट्रिय गौरवको आयोजना पुष्पलाल मध्यपहाडी राजमार्गको ५ महिनाको खर्च विनियोजित बजेटको ९.३ प्रतिशत मात्रै छ। मन्त्रालयका अनुसार यो आयोजनाले ८ अर्ब १३ करोड ३३ लाख बजेट पाएकामा ७५ करोड ६१ लाख १३ हजार रुपैयाँ खर्च भएको छ। यसैगरी, चालु आवमा उत्तर दक्षिण राजमार्ग (कर्णाली-कालीगण्डकी-कोसी) ले ४ अर्ब १२ करोड ५८ लाख रुपैयाँ बजेट पाएको थियो। तर ५५ करोड ११ लाख ८५ हजार अर्थात् १३.३६ प्रतिशत मात्र खर्च गर्न सकेको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव एवं प्रवक्ता ललिजन खनालले ठूला र गौरवका आयोजनामा खर्च प्रगति उल्लेखनीय रहेको दाबी गरे। 'राष्ट्रिय गौरवका र ठूला योजनामा समस्या छैन, समस्या साना र टुक्रे योजनामा मात्र हो,' उनले भने। निर्वाचन क्षेत्र सडकमा ठेक्का करोडमा लागे पनि बजेट लाखमा विनियोजन हुँदा प्रगति हुन नसकेको उनले बताए। 'यस्ता ठेक्कामा काम पनि भएको छ तर भुक्तानी हुन सकेको छैन। थोरै बजेट विनियोजन हुँदा भुक्तानीमा समस्या आएको छ। यसकै कारण खर्च प्रगति कम देखिएको हो,' उनले भने।

बहुवर्षीय ठेक्कामा योजनाबद्ध रूपमा काम गर्न सकिने उनले सुझाए। 'त्यस्ता ठेक्कामा खर्चको प्रगति अहिले पनि देखिएको छ,' उनले भने, 'तर प्रदेश र स्थानीय तहमार्फत निर्माण हुने टुक्रे योजना पनि संघीय सरकारले हेर्नु पर्दा प्रगति उच्च छैन।' कार्यतालिकाअनुसार खर्च हुन नसक्ने र स्रोत सुनिश्चितता नभएका आयोजनामा पौने १९ अर्ब बजेट राखिएको छ। स्रोत सुनिश्चितता नै नभएका आयोजनालाई बजेटमा राखिएकाले पनि खर्च हुन नसकेको हो। जसको प्रभाव कुल बजेट खर्चमा परेको उनको भनाइ छ। 'रणनीतिक सडक र पुल जुन दिन सडक विभागले मात्र हेर्न पाउँछ। त्यो बेला किन प्रगति भएन भनेर प्रश्न उठाउने ठाउँ रहनेछ,' उनले भने।

कुन आयोजनाको खर्च कति ? (रू. हजारमा)

आयोजना	बजेट	खर्च
नेपाल पानीजहाज कार्यालय	८५,९००	३,९९१ (४.६५ %)
फास्ट ट्र्याक	८९,२७,९००	१,५०,९१० (१.६९ %)
कान्ति राजपथ	३,११,८००	३,७६६ (१.२१ %)
महाकाली करिडोर (ब्रह्मदेव-झुलाघाट-दार्चुला-टिंकर)	१०,३०,०००	७२,१७४ (७.०१ %)
मदन भण्डारी राजमार्ग (बाहुनडाँगी-रूपाल)	२९,२६,३००	८,७१,९७८ (२९.८ %)
गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडक	१६,२१,७००	५,८२,५९३ (३५.९२ %)
मध्यपहाडी राजमार्ग	८१,३३,३००	७,५६,११३ (९.३ %)
उत्तर दक्षिण राजमार्ग	४१,२५,८००	५,५१,१८५ (१३.३६ %)
हुलाकी राजमार्ग (पुलसमेत)	६३,९४,२००	१०,२९,०१७ (१६.०९ %)
चक्रपथ विस्तार आयोजना	१६,०५,४००	३६,७४६ (२.२९ %)
नागढुंगा सुरुङमार्ग	९८,४७,८००	४,७६,७४५ (४.८४ %)
मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक	३,५०,०००	१०,१४७ (२.९ %)
सुरुङ मार्ग विकास कार्यक्रम	१०,६६,०००	१,१७० (०.११ %)
मिर्चैया-कटारी-घुर्मी सडक	८,००,०००	९,१९२ (१.१५ %)
वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	९४,६२,६००	२,४३,०३७ (२.५७ %)
सासेक-मुग्लिङ-पोखरा सडक	४८,१३,२००	२,७६,१६२ (५.७४ %)
निर्वाचन क्षेत्र रणनीतिक सडक	२३,२०,७००	४६,८७२ (२.०२ %)
रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना	६५,३२,५००	३,६१,२६७ (५.५३ %)
सडक सुधार आयोजना	१,१८,६२,४००	४,०३,०१५ (३.४ %)

- गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी-रसुवागढी सडकद्वारा सर्वाधिक ३५.९२ प्रतिशत खर्च
- सबैभन्दा कम खर्च गर्नेमा सुरुङ मार्ग विकास कार्यक्रम

●●●

टुक्रे र स्रोत सुनिश्चितता नभएका योजना बजेटमा राखिएका कारण खर्च कम : मन्त्रालय

'चौधरी ग्रुपलाई सेयर नबेच्नू'

काठमाडौं (कास)- नेपाल बंगलादेश बैंकमा रहेको बंगलादेशी लगानीकर्ता आईएफआईसी बैंकको सेयर चौधरी ग्रुपलाई बिक्री नगर्न/नगराउन काठमाडौं जिल्ला अदालतले अन्तरिम आदेश दिएको छ। सनराइज बैंकका अध्यक्ष मोतीलाल दुगडले दायर गरेको रिटमा मंगलबार न्यायाधीश रामचन्द्र पौडेलको इजलासले यस्तो आदेश दिएको हो। 'हामीले बुधबार मात्र अदालतको पत्र पाएका छौं,' दुगडले भने, 'बंगलादेश बैंकविरुद्ध ७ दिनभित्र कारण देखाऊ आदेश जारी भएको छ, त्यसबीचमा सेयरको कारोबार नगर्नू/नगराउनू भन्ने छ।'

एक समूहसँग सेयर बिक्री गर्न करार सम्झौता गरिसकेपछि एकातर्फी रूपमा तोडेर अर्को समूहसँग प्रक्रिया अघि बढाएको भन्ने उजुरीका आधारमा आदेश जारी भएको हो। 'उजुरी निवेदनबमोजिम आदेश किन जारी हुनु नपर्ने हो, ७ दिनभित्र लिखित जवाफ पेस गर्नू,' आदेशमा बंगलादेश बैंकलाई भनिएको छ। दुगड ग्रुपले नेपाल बंगलादेश बैंकको ३ करोड ६८ लाख २७ हजार ४ सय २६ कित्ता सेयर प्रतिकित्ता १ सय ५७ रुपैयाँका दरले खरिद गर्ने आईएफआईसीसँग सहमति गरेको थियो। तर आईएफआईसीले पछि एकातर्फी सहमति तोडेर अर्को समूहलाई सेयर बिक्री गर्न लागेकाले त्यसलाई रोक्न भन्दै दुगड ग्रुपले काठमाडौं जिल्ला अदालत र उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेका थिए। उच्चमा दर्ता मुद्दा विचाराधीन छ।

बंगलादेश बैंकको प्रमुख सेयरधनी आईएफआईसी सेयर बिक्री गरेर कम्पनीबाट बाहिरिन चाहेको छ। तर उक्त सेयर कसले किन्ने भन्नेमा विवाद देखिएको हो। दुगडले भने, 'हामीले २०२१ मार्च ३१ मै सेयर किन्न प्रस्ताव गरेको हो र उतावाट अप्रिल २ मा सहमति जनाइएको थियो।' दुगड ग्रुपले आईएफआईसीको सेयर किनेर बंगलादेश बैंकलाई सनराइज बैंकसँग गाभ्ने योजना बनाएको थियो।

आदेशपछि नबिल बैंकमा बंगलादेश बैंक गाभिने विषय पनि विवादित बनेको छ। चौधरी ग्रुपले आईएफआईसी बैंकको सेयर किन्ने आपसी सहमतिपछि नबिल र बंगलादेश बैंकबीच एक्विजिसन प्रक्रिया अघि बढाउने अनौपचारिक सहमति भएको थियो। सोहीअनुरूप दुवै बैंकले मर्जर समितिसमेत बनाएका थिए। तर लामो समयदेखि सहमति जुट्न सकेको थिएन। सेयर मिलान अनुपात (स्वाप) लगायत विषयमा एकमत बनेको बन्दै दुई साताअघि मात्र दुवै बैंकले मर्जर अघि बढाउने निधो गरेका थिए। आईएफआईसीले आफ्नो सेयर बिक्री गर्ने र बाँकी केही सेयर पनि किनेर नबिल बैंकले बंगलादेश बैंकलाई प्राप्ति गर्न लागेको बताइएको छ।

जोगवनीको आयात-निर्यात भन्टाबारीबाट

विराटनगर (कास)- भारतको बथनाहास्थित मिरगन्ज पुल भासिएपछि ५ दिन ठप्प जोगवनी नाकाको आयात-निर्यात बुधबारदेखि भन्टाबारी नाकाबाट सुरु भएको छ।

नेपाली पक्षको आग्रहमा भारतले मंगलबार सुपोल जिल्लाअन्तर्गत वीरपुर नाका प्रयोग गर्न अनुमति दिएपछि आयात-निर्यात सञ्चालन भएको विराटनगर भन्सारका अधिकृत अमित तिवारीले बताए। उनका अनुसार भन्टाबारीदेखि विराटनगरको आईसीपीसम्म मालवाहक सवारी एस्कर्टिङ गरेर ल्याउनुपर्ने भएको छ। जोगवनी नाका आइपुग्ने मुख्य मार्गकै मिरगन्ज पुल भासिएपछि अररिया प्रशासनले गत शुक्रबार साना-ठूला ढुवानीका साधन सञ्चालनमा रोक लगाएको थियो। त्यसयता आयातनिर्यात ठप्प थियो। सुनसरी-मोरङ औद्योगिक क्षेत्रका उद्योगमा कच्चा पदार्थ लिएर आएका १ ५ सयभन्दा बढी ट्रक र कन्टेनर भारतीय सडकमै रोकिएका थिए।

माघमा निक्षेपको ब्याजदर स्थिर, ऋणको बढ्ने

औसत १ प्रतिशतभन्दा बढीले कर्जाको ब्याजदर वृद्धि हुने सम्भावना

यज्ञ बज्राडे (काठमाडौं)

माघमा बैंकहरूमा निक्षेपको ब्याजदर स्थिर रहे पनि कर्जाको ब्याजदर भने बढ्ने भएको छ। वाणिज्य बैंकहरूको छाता संगठन नेपाल बैंकर्स संघले बुधवार माघका लागि निक्षेपको ब्याजदर नबढाउने निर्णय गरेको छ। 'ब्याजदर बढाए पनि निक्षेप बढी हाल्ने होइन। लागत मात्र बढ्छ। यसकारण पुसमा जस्तै माघमा पनि निक्षेपको ब्याजदर स्थिर राख्ने निर्णय भएको छ,' संघका कार्यकारी निर्देशक अनिल शर्माले भने, 'तर आधार दर (बेस रेट) मा भएको वृद्धिअनुसार कर्जाको ब्याजदर भने बढ्छ।'

गत कात्तिक र मंसिरमा निक्षेपको ब्याजदर वृद्धि भइसकेकाले बैंकहरूको लागत (खर्च) बढेको छ। लागतमा भएको वृद्धिका आधारमा पुस मसान्तमा बैंकहरूको आधार दर वृद्धि हुने र सोही अनुपातमा कर्जाको ब्याजदर पनि बढ्ने संघले बताएको छ।

राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले हरेक तीन/तीन महिनामा आधार दर गणना गर्नुपर्छ। यसरी त्रैमासिक रूपमा आधार दरमा आएको परिवर्तनअनुसार कर्जाको (नयाँ पुराना सबै) ब्याजदर पनि परिमार्जन गर्नुपर्छ। पछिल्लो पटक बैंकहरूले गत असोजमा आधार दर गणना गरेका थिए। उक्त आधार दरका आधारमा पुससम्मका लागि कर्जाको ब्याजदर निर्धारण भएको थियो। अब पुस मसान्तमा बैंकहरूले पुनः आधार दर गणना गर्नेछन्। गत कात्तिक र मंसिरमा निक्षेपको ब्याजदर बढेकाले पुसमा आधार दर बढ्ने निश्चित छ। आधार दर बढेपछि बैंकहरूले कर्जाको ब्याजदर पनि बढाउँछन्। यसकारण पनि माघदेखि कम्तीमा औसत १ प्रतिशतभन्दा बढीले कर्जाको ब्याजदर बढ्ने सम्भावना देखिएको बैंकर्स संघका उपाध्यक्ष सुनील केसीले बताए।

'सबै बैंकको समान दरले कर्जाको ब्याजदर बढ्छ भन्ने हुँदैन,' उनले भने, 'बैंकहरूको आधार दर कुन अनुपातमा बढ्छ। ऋणको ब्याजदर पनि सोही अनुपातमा बढ्छ।' आधार दरमा भएको परिवर्तनअनुसार ब्याजदर बढाउन पाउने राष्ट्र बैंककै निर्देशन छ। माघदेखिको लागत तेस्रो त्रैमासको अन्त्यमा गणना हुने आधार दरमा समावेश हुने भएकाले बैंकहरूले आउँदो महिना निक्षेपको ब्याजदर नबढाए पनि कर्जाको बढ्ने उनले स्पष्ट पारे।

हाल कायम ब्याजदरका आधारमा हेर्दा पनि माघदेखि कर्जाको ब्याजदर दोहोरो अंकमा पुग्ने निश्चित छ। 'अहिले पनि बैंकहरूले ११/१२ प्रतिशतमा कर्जा दिइरहेका छन्,' एक वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतले भने, 'अब आधार दर बढेपछि त्यो भन्दामाथि जाने निश्चित जस्तै छ।' राष्ट्र बैंकका अनुसार गत कात्तिकमा वाणिज्य बैंकहरूको औसत आधार दर ७.८२ प्रतिशत थियो। २०७७ कात्तिकमा यो ७.५७ प्रतिशत थियो। यस्तै, गत कात्तिकसम्म वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ५.८० प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ९.०२ प्रतिशत थियो। गत वर्षको सोही अवधिमा निक्षेपको भारित औसत ब्याजदर ५.३१ प्रतिशत र कर्जाको ९.५२ प्रतिशत थियो।

तरलता अभाव पुरानै स्थितिमा : राष्ट्र बैंक

मंगलबारसम्म वित्तीय प्रणालीमा करिब साढे ७ अर्ब रुपैयाँ मात्र अधिक तरलता रहेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ। एक साताअघिसम्म यो आँकडा करिब ६० अर्ब रुपैयाँ थियो। स्थानीय तहको खातामा रहेको रकमको ८० प्रतिशतसम्म बैंकहरूले निक्षेपमा गणना गर्न पाउने व्यवस्था हुनु, सरकारी खर्च बढ्नु, करिब ९२ अर्ब रुपैयाँ पुनर्कर्जा स्वीकृत हुनु लगायत कारण वित्तीय प्रणालीमा तरलता स्थिति केही सुधिएको हो। तर, त्यो अवस्था धेरै दिन टिकेन। पुनः पुरानै स्थितिमा फर्किएको छ। पुस मसान्तलाई आधार मानेर करबापत रकम सरकारी खातामा जान सुरु गरेको, थप कर्जा प्रवाह भएकोलगायत कारण वित्तीय प्रणालीमा फेरि तरलता अभाव यथावत रहेको राष्ट्र बैंकले जनाएको छ।

गत असोजमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई अघिल्लो महिनाको तुलनामा १० प्रतिशत बिन्दुले मात्र ब्याजदर बढाउन पाउने निर्देशन दिएको थियो। कात्तिकमा त्यसमा परिमार्जन गरेर अघिल्लो महिनामा आफ्नो वर्गका सबै वित्तीय संस्थाको औसत ब्याजदरका आधारमा १० प्रतिशत बिन्दुले मात्र ब्याजदर बढाउन पाउने व्यवस्था ल्याइयो। उक्त व्यवस्थापछि घुमाउरो पाराले राष्ट्र बैंकले निक्षेपको ब्याजदर तोकिदिएको थियो। सोही निर्देशनपछि बैंकहरूले आफूहरूबीचमा पनि सहमतिका आधारमा ब्याजदर प्रकाशन गरिरहेका छन्। जसअनुसार वाणिज्य बैंकहरूमा एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर अधिकतम १०.०५ प्रतिशत र संस्थागत निक्षेपकर्ताका लागि अधिकतम ९.०५ प्रतिशत ब्याजदर तय भएको छ। यस्तै, साधारण बचतमा ५.०५ प्रतिशत ब्याजदर तोकिएको छ।

विकास बैंक र फाइनान्स कम्पनीले भने अझै निर्णय गरिसकेका छैनन्। यसबारेमा छलफल गर्न भन्दै डेभलपमेन्ट बैंकर्स एसोसिएसनले बिहीबारका लागि बैठक डाकेको छ भने फाइनान्स कम्पनीले पनि एक/दुई दिनमै छलफल गर्ने बताएको छ। विकास बैंक र फाइनान्स कम्पनीले पनि गत पुसमा निक्षेपको ब्याजदर स्थिर राखेका थिए। स्रोतका अनुसार माघका लागि वाणिज्य बैंकले ब्याजदर स्थिर राखेपछि विकास बैंक र फाइनान्स कम्पनीले पनि स्थिर नै राख्ने सम्भावना बढी छ।

राष्ट्र बैंकको निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाले हरेक महिनाको अन्तिममा आगामी महिनाका लागि कर्जा र निक्षेपको ब्याजदर प्रकाशन गर्नुपर्छ। जसअनुसार माघका लागि आउँदो शुक्रबारसम्म ब्याजदर प्रकाशन गर्नुपर्छ। हाल विकास बैंकहरूले व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम १०.२५ प्रतिशत, संस्थागत निक्षेपकर्तालाई ९.२५ प्रतिशत र सर्वसाधारणलाई ५.२५ प्रतिशत ब्याजदर दिँदै आएका छन्। फाइनान्स कम्पनीहरूले व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम १०.३५ प्रतिशत, संस्थागत निक्षेपकर्तालाई ९.३५ प्रतिशत र सर्वसाधारणलाई ५.३५ प्रतिशत ब्याजदर दिँदै आएका छन्।



संक्रमण बेवास्ता गर्दै मेला–महोत्सव

दुर्गालाल केसी (दाङ), **सन्जु पौडेल** (लुम्बिनी), **मनोज पौडेल** (कपिलवस्तु) र **सन्तोष सिंह** (धनुषा)

दाङको तुलसीपुरमा दिनको सरदर ३० जनाका दरले संक्रमित थपिइरहेका छन्। पछिल्लो एक सातामा मात्रै संक्रमितको संख्या १ सय ८७ पुगेको छ। तर, माघी पर्वलाई केन्द्रित गरी विभिन्न ठाउँमा मेला र महोत्सवको तयारी भइरहेको छ। घोराहीको बाह्रकुने र लमहीको रिहारमा माघी मेलाको तयारी भइरहेको छ। गाउँगाउँमा पनि माघी महोत्सवका कार्यक्रम भइरहेका छन्। पार्टीका अधिवेशन र भेला चलिरहेका छन्। केही दिनअघि मात्रै तुलसीपुरमा दुईवटा महोत्सव सम्पन्न भए। राप्ती गाउँपालिका लगायतमा पनि महोत्सवको तयारी चलिरहेको छ।

मंगलबारसम्म जिल्लामा सक्रिय संक्रमितको संख्या २ सय १६ रहेको र दिनदिनै बढ्दो क्रममा रहेको स्वास्थ्य कार्यालयका कोरोना फोकल पर्सन कमल चन्दले बताए। विद्यालयमा संक्रमण देखिएपछि तुलसीपुर उपमहानगरले सबै विद्यालय बन्द गर्ने निर्णय गरेको थियो। विद्यालय बन्द भए पनि अन्य भेला, बजारमा भीडभाड र भारतबाट आउनेको निगरानीमा भने कसैको ध्यान पुगेको छैन।

मंगलबार घोराहीमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले मेला-महोत्सव गर्न नदिने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए। 'अहिले भीडभाड नगर्न अनुरोध गरेका छौं। मेला-महोत्सवमा रोक लगाएका छौं,' उनले भने, 'अन्य उपचारसम्बन्धी तयारीमा पनि लाग्दैछौं।'

नेपालमा दिनहुँ भारतबाट मानिसहरू गाउँगाउँ भित्रिइरहेका छन्। जिल्लामा भारतबाट भित्रिने मुख्य नाका कोइलाबास हो। 'अझै संक्रमण डरलाग्दो गरी नफैलिएकाले केही गरेका छैनौं। समस्या बढ्दै गएमा सीमा जाँचको व्यवस्था मिलाउँछौं,' गढवा गाउँपालिका अध्यक्ष सहजराम अहिरले भने, 'सबै पक्षसँग सल्लाह र समन्वय गरेर आवश्यक तयारी गर्छौं।'

कपिलवस्तुका दुई ठूला नाकामध्ये मर्यादपुरमा अहिले हेल्थ डेस्क छैन। उक्त नाकाबाट आउने सीधै नेपाल प्रवेश गरिरहेका छन्। यशोधरा गाउँपालिकाले नाकामा हेल्थ डेस्क राख्न कुनै चासो देखाएको छैन। कृष्णनगर नाकामा जाँच गरिए पनि संक्रमण पुष्टि भएकालाई नाकामा छुट्टै राख्ने व्यवस्था नहुँदा उनीहरू सार्वजनिक यातायातका साधनमा चढेर घर गइरहेका छन्।

कृष्णनगर-१, शिवनगरमा बनाउन लागिएको होल्डिङ सेन्टर सञ्चालनमा आउन सकेको छैन। सरकारले माघ १५ गतेसम्म विद्यालय बन्द गर्ने निर्णय गरे पनि यहाँ खुलै छन्। कोरोना संक्रमणबारे संवेदनशील नहुँदा समस्या भइरहेको अभिभावक संघका अध्यक्ष भक्तिराम पन्थीले बताए। 'जोखिमको समयानुकूल आकलन गर्न नसक्दा हामी संक्रमणको भयावह स्थिति निम्त्याउँदै छौं,' उनले भने, 'तत्काल सतर्कता अपनाउन जरुरी छ।'

संक्रमण दिनदिनै तीव्र रुपमा विस्तार हुन थालेपछि मात्र रूपन्देहीको बेलहिया नाका आसपासका स्थानीय तह रोकथामका लागि तातेका छन्। संघीय सरकारको निर्देशनपछि जिल्लास्थित कोभिड संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) ले स्थानीय तहका प्रमुख, यातायात व्यवसायी र होटल सञ्चालकसित छलफल गरेका छन्। अहिले नाकाबाट खोप कार्डका आधारमा भारतीय नागरिक धमाधम आइरहेका छन्। नेपालीलाई एन्टिजेन जाँचेर पठाउने गरिएको छ। 'अस्पतालमा पूर्वाधार थियो, जनशक्ति पनि तयार थियौं,' बुटवलस्थित कोरोना अस्पतालका फोकल पर्सन डा. नन्दु पाठकले भने, 'स्थानीय तह र प्रशासनले नाकामा कडाइ नगर्दा संक्रमण बढ्यो। नयाँ भेरिएन्ट आउन सक्ने हल्ला उहिल्यै चलेको थियो, खतरा थाहा पाउँदा पाउँदै सतर्क नहुनु लापरवाही हो।' अन्तर्राष्ट्रिय विमानस्थल र नाकाको चुस्त व्यवस्थापन गरिनुपर्ने उनले बताए। मुख्य नाकामा कडाइ गरिए पनि प्रदेशभरि दसगजा खुला रहने भएकाले जोखिम झन् बढेको छ। महामारी नियन्त्रणको चुनौती अन्यलाई भन्दा नाकामा बढी रहेको सिद्धार्थनगरकी उपप्रमुख उमा काफ्ले बताउँछिन्। 'डीसीसीएमसीको बैठकमा नगरका प्रमुखलाई बोलाइन्छ,' उनले भनिन्, 'त्यहाँ भएको छलफलका विषय पालिकामा आएर हामीलाई सुनाइँदैन।'

भारतसँग सीमा जोडिएको रोहिणी गाउँपालिका अध्यक्ष सनोजकुमार यादव पूर्वतयारीका विषयमा मौन छन्। अहिलेसम्म समस्या परेपछि मात्रै तातिने चलन रहेको उनले सुनाए। उनका अनुसार सशस्त्र प्रहरीसँग समन्वय गरी पालिकाको खुला बजार भगवानपुर हुँदै सीमाबाट पैदल आवतजावतमा रोक लगाएको छ। पालिकामा क्वारेन्टाइन निर्माण नगरिएको उनले बताए। प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी भने नाका व्यवस्थापनमा लापरवाही नभएको दावी गर्छन्। 'भारतबाट आउने यात्रुलाई व्यवस्थित गर्दै परीक्षणको दायरा बढाउँछौं,' उनले भने, 'भारतमा किनमेल गर्न जानेहरूलाई रोकेर संक्रमण फैलन नदिने तयारी पनि गरेका छौं।' कोरोना परीक्षणमै कमी भइरहेको लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा. विकास देवकोटाले बताए। 'स्थानीय तहमा बाहिरबाट आउने मानिसको मोबिलिटी कम हुनुले संक्रमण जाँच गर्ने प्रक्रिया सुस्ताएको हुन सक्छ,' उनले भने, 'अब केन्द्रबाट निर्देशन भई स्थानीय पालिकालाई बजेट छुट्याएर पुनः कोरोना न्यूनीकरणमा लाग्छौं।'

जिल्ला प्रशासन कार्यालय धनुषाले भारतीय सिमाना र सार्वजनिक स्थानमा एन्टिजेन बुथ स्थापना गरी निःशुल्क स्वास्थ्य परीक्षण गर्ने निर्णय गरेको छ। स्वास्थ्य कार्यालय धनुषाले स्थानीय तहसँग समन्वय गरी सिमानालगायत सार्वजनिक स्थानमा निःशुल्क एन्टिजेन बुथ स्थापना र नियमित परीक्षण गर्ने गराउने निर्णय गरेको हो। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पाण्डेले बढ्दो संक्रमणलाई मध्यनजर गर्दै रोकथाम, नियन्त्रणका लागि १३ बुँदे आदेश जारी गरेका छन्। जिल्ला प्रशासनले स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह गर्दै २५ जनाभन्दा बढी मानिसको उपस्थितिमा कुनै पनि कार्यक्रम नगर्न, सार्वजनिक स्थानमा प्रवेश गर्दा माघ ७ देखि खोप कार्ड अनिवार्य गर्न निर्देशन दिएको छ।

प्रिन्स दाहाल...

फेडेरेसनले बुधबार सार्वजनिक गरेको विश्व वरीयतामा प्रिन्स १० हजार ४ सय अंकका साथ शीर्ष स्थानमा छन्। कोरोना महामारी सुरु भएयता कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न नपाएका प्रिन्सको वरीयता अंक भने सुधार हुन सकेको छैन।

विश्व ब्याडमिन्टन वा ब्याडमिन्टनको महादेशीय फेडेरेसनबाट मान्यता पाएका च्यालेन्ज कप र इन्टरनेसनल सिरिजमा गरेको प्रदर्शनका आधारमा वरीयता निर्धारण हुने गर्छ। पहिलो चरणबाटै बाहिरिएबाहेक हरेक चरणको निश्चित अंकका आधारमा प्रिन्सको १० हजार ४ सय अंक पुगेको हो। 'यो मेरो सपना पूरा भएको क्षण हो,' प्रिन्सले बुधबार कान्तिपुरसँग खुसी साटे, 'वरीयतामा माथि जाँदै गर्दा शीर्ष स्थानमा पुग्ने लक्ष्य थियो। अवस्था सामान्य भएर नियमित प्रतियोगिता खेल्न पाएको भए अझै राम्रो हुने थियो।'

स्वास्थ्य मापदण्ड पालना गरी विश्वस्तरमा अहिले पनि नियमित च्यालेन्ज कप र सिरिज भइरहेका छन्। तर खर्चिलो मापदण्डका कारण प्रिन्सले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाएका छैनन्। नियमित खेल्न पाए जुनियर वरीयतामा सफलता पाउने सम्भावना देखेका उनले ब्याडमिन्टन संघ तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) बाट सहयोगको अपेक्षा राखेका छन्।

विश्व वरीयतामा शीर्ष स्थानमा पुगेसँगै प्रिन्सले यसलाई कायम राख्न सकेमा आसन्न जुनियर विश्व च्याम्पियनसिपमा आकर्षणको केन्द्र बन्नेछन्। यो प्रतियोगिता अघिल्लो वर्षको फेब्रुअरीमै आयोजना हुने तालिका भए पनि कोभिडका कारण स्थगित भएको संघका अध्यक्ष श्रेष्ठले बताए। 'प्रिन्सको यो सफलताले विश्व ब्याडमिन्टन र ब्याडमिन्टन एसियाको नेपालप्रति धारणा परिवर्तन हुने ठानेको छु,' ब्याडमिन्टन एसियाका कार्यसमिति सदस्यसमेत रहेका श्रेष्ठले थपे, 'यसले नेपाल ब्याडमिन्टन संघबाट सरकारलाई घचघच्याउन र निजी क्षेत्रलाई आकर्षित गर्न पनि सहज हुनेछ।'

प्रिन्सपछि नेपालबाट वरीयतामा परेका नरेन्द्र बम ४६ औं स्थानमा छन्। महिलातर्फ रसिला महर्जन १९ औं वरीयतामा छिन्। जुनियर महिला वरीयता पहिलोपल्ट निकालिएको हो।

प्रिन्सलाई सुरुआतदेखि अहिलेसम्म संघले नीतिगत सहयोग गरिरहेको र भविष्यमा अझै धेरै सहयोगका लागि प्रतिबद्धता उनले व्यक्त गरे। उनका अनुसार ब्याडमिन्टन एसियाको एसिया ओलम्पिक परियोजनाअनुसार प्रिन्स र महिलातर्फ रसिला महर्जनलाई चार वर्षको ओलम्पिक छात्रवृत्ति पाएका छन्। सन् २०२१ को नोभेम्बरदेखि सुरु भएको यो परियोजनाअनुसार खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि वार्षिक ३ हजार डलर पाउनेछन् भने विश्व ब्याडमिन्टन र ब्याडमिन्टन एसियाले आयोजना गर्ने प्रशिक्षण शिविरमा सहभागी हुन पाउनेछन्।

१७ वर्षीय प्रिन्स सन् २०१८ मा दुबई जुनियर अन्तर्राष्ट्रिय सिरिजमा यू-१५ को उपाधि जितेको अर्को वर्ष जुनियर विश्व वरीयतामा समावेश भएका थिए। कोरोना महामारी सुरु हुनुअघिसम्म नियमित अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भएका उनी पछिल्लोपल्ट सन् २०१९ अप्रिलमा जर्मन इन्टरनेसनल सिरिजको क्वार्टरफाइनलसम्म पुगेका थिए।

घरेलु प्रतियोगितामा वरिष्ठ खेलाडीहरूलाई हराउन सक्ने भइसकेका प्रिन्सले २०१९ मा नेपालमै आयोजित १३ औं दक्षिण एसियाली खेलकुदमा कांस्य पदक जितेका थिए। उनले गत वर्ष सिन्धुपाल्चोकमा आयोजित तोप-२१ राष्ट्रिय ब्याडमिन्टनमा सिनियरतर्फ नेपाल नम्बर एक रत्नजित तामाङलाई पराजित गरेका थिए।

प्रिन्स सन् २०१९ को मे महिनादेखि विश्व वरीयतामा समावेश भएका हुन्। त्यही वर्ष दुबई इन्टरनेसनल सिरिजमा भारतका वरुण कपुरलाई पराजित गरेपछि १०३ बाट ५४औं वरीयतामा पुगेका थिए। वरीयतामा समावेश भएयता ११ प्रतियोगितामा एकलतर्फ २९ खेल खेलेका उनले १९ वटामा जितेका छन्। १० खेलमा पराजय व्यहोरेका छन्। ११ मध्ये ३ प्रतियोगितामा उनी पहिलो खेलमै पराजित भएका थिए।

वरीयता प्रवेशपछि प्रिन्सको प्रदर्शन (आधिकारिक)

२०१९ **अप्रिल** : योनेक्स रोजा जुनियर इन्टरनेसनल सिरिज- राउन्ड ६४

२०१९ **अप्रिल/मे** : पेम्बानगुनान जय राय जुनियर ग्रान्ड प्रिम्स- राउन्ड ६४

२०१९ **जुलाई** : ब्याडमिन्टन एसिया जुनियर च्याम्पियनसिप- राउन्ड ३२

२०१९ **अगस्ट/सेप्टेम्बर** : इन्डिया जुनियर इन्टरनेसनल सिरिज- राउन्ड ३२

२०१९ **सेप्टेम्बर** : दुबई इन्टरनेसनल सिरिज- स्वर्ण

२०१९ **सेप्टेम्बर** : अन्नपूर्ण नेपाल इन्टरनेसनल सिरिज- सेमिफाइनल

२०१९ **नोभेम्बर** : योनेक्स सनराइज नेपाल इन्टरनेसनल च्यालेन्ज- राउन्ड ६४

२०१९ **डिसेम्बर** : योनेक्स सनराइज बंगलादेश जुनियर इन्टरनेसनल सिरिज- क्वार्टरफाइनल

२०२० **जनवरी** : प्रेसिडेन्ट कप नेपाल जुनियर इन्टरनेसनल सिरिज- फाइनल

२०२० **फेब्रुअरी/मार्च** : डच जुनियर इन्टरनेसनल सिरिज- प्रिक्वार्टरफाइनल

२०२० **मार्च** : जर्मन जुनियर इन्टरनेसनल सिरिज- क्वार्टरफाइनल

देउवाजस्तै...

साउन २४ मा संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम घोषणा गरियो। त्यसमा ९८ बुँदामा सरकारका प्राथमिकतादेखि नीति र कार्यक्रम उल्लेख छन् तर अधिकांश प्राथमिकता र नीति-कार्यक्रम अलपत्र छन्। बृहत् शान्ति सम्झौता र मधेस आन्दोलनलगायत पक्षसँग भएका सहमति र सम्झौता कार्यान्वयन गर्ने, सशस्त्र संघर्षको सन्दर्भमा गिरफ्तार गरिएका बन्दीलाई शान्ति सम्झौताको भावनाअनुसार रिहा गर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नेलगायत घोषणा गरिएको थियो।

गठबन्धनमध्येकै एक जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले ठोस र ठूलो देखिने काम केही नभए पनि बिगार्ने काम नगर्नु सरकारको उपलब्धि भएको बताए।

सरकारले साझा न्यूनतम कार्यक्रममा लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायतका छिमेकी मुलुकसँग समाधान हुन बाँकी सीमा समस्या कूटनीतिक माध्यमबाट समाधान गर्ने भनेको छ। तर, पछिल्लो समय भारतीय प्रधानमन्त्रीले विवादास्पद अभिव्यक्ति दिँदासमेत सरकार प्रतिक्रियाविहीन छ।

त्रिभुवन विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध विभागका प्रमुख खड्ग केसीले सरकारले दुईपक्षीय र बहुपक्षीय परराष्ट्र सम्बन्धलाई सन्तुलित तबरले अघि बढाउन नसकेको बताए। 'दक्षिणी छिमेकीतिर बढी नै झुकाव राख्ने र उत्तरी छिमेकीलाई चिढ्याउन खोजेको जस्तो देखिन्छ,' उनले भने, 'अन्य शक्तिराष्ट्रका विषयमा पनि स्पष्ट एकीकृत विदेश नीति आएको छैन।' पूर्ववर्ती सरकारको पालामा राष्ट्रिय सहमतिमा लिम्पियाधुरालाई समेटेर नक्सा संशोधन गरिँदा अहिलेको सरकारले त्यसको स्वामित्व लिन नसकेको उनले बताए। सीमा अतिक्रमण भएको संवेदनशील मुद्दामा सरकार 'रियाक्टिभ' भएको उनको भनाइ छ। अमेरिकी सहयोग नियोग कार्यक्रम एमसीसी अनुमोदनमा समेत सरकारले सफलता पाउन सकेको छैन। संसद् अवरुद्ध हुँदा एमसीसी अनुमोदन प्रक्रिया अघि बढ्न सकेको छैन। अर्कोतर्फ सत्ता गठबन्धनभित्रै एमसीसीको विषयमा साझा धारणा बन्न सकेको छैन।

सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले भने विशिष्ट परिस्थितिमा निर्माण भएको सरकारले देशलाई सही दिशामा अघि बढाउन क्रमिक रूपमा काम गरिरहेको दावी गरे। कोरोना नियन्त्रणका लागि पर्याप्त खोप र उपचारको प्रबन्ध गर्नुका साथै संविधानको भावनाअनुसार अधिनायकवादको त्रासबाट देशलाई मुक्त गर्न सरकार सफल भएको उनको तर्क छ। कोरोनाको तेस्रो लहर फैलिँदै गर्दा नियन्त्रणमा सरकार उदासीन रहेको र खोप अभियानलाई प्रभावकारी बनाउन नसकेकोमा आलोचना भइरहेको छ। 'सरकार गठन हुँदा देशमा लोकतन्त्र र कानुनी शासन संकटमा थियो, अर्कोतिर खोप अभावले कोरोनाबाट जनता त्रसित थिए,' उनले भने, 'अहिले सरकारले लोकतन्त्र र सामाजिक न्यायलाई मजबुत बनाएको छ।'

आफ्नै निर्णयका कारण यसअघि पटक-पटक विवादमा परेका देउवा यस पटक पनि विवादमुक्त रहन सकेका छैनन्। पार्टी र गठबन्धनभित्रै सन्तुलन मिलाउन लागिपर्दा उनको काम गराइ सुस्त छ। प्रधानमन्त्री नियुक्त हुँदा देउवा कार्यकाल घर्किएको पार्टीको महाधिवेशन गर्ने र महाधिवेशनबाट पुनः सभापतिमा निर्वाचित हुनुपर्ने बाध्यतामा थिए। अर्कोतर्फ सत्ता गठबन्धनसँगको सम्बन्धलाई सन्तुलित तबरले अघि बढाउनुपर्ने दायित्व पनि उनको काँधमा थियो। यसैका लागि उनले लामो समयसम्म सरकार विस्तार गर्न सकेनन्। 'अहिले पनि दुई मन्त्रालय रिक्त छन् तर नयाँ मन्त्री नियुक्त गर्न सक्नुभएको छैन,' कांग्रेसका एक केन्द्रीय सदस्यले भने।

देउवाले आफ्नो स्वकीय सचिवालय र सल्लाहकार समूहसमेत गठन गर्न सकेका छैनन्। उनका भतिजा भानु देउवामात्र प्रमुख स्वकीय सचिवका रूपमा नियुक्त भएका छन्। केही व्यक्तिले अनौपचारिक रूपमा स्वकीय सचिवालयमा सदस्यको काम गरिरहेका छन्।

स्थानीय निर्वाचन गर्नुपर्ने समय नजिकिइसक्दा समेत सरकारले त्यसमा चासो नदिएकोमा आलोचना भइरहेको छ। देउवानिकट नेताहरूले भने उनको ध्यान आगामी निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाएर पुनः प्रधानमन्त्री बन्नेमा केन्द्रित रहेको दावी गरेका छन्। यसका लागि जसरी उनले पार्टी महाधिवेशनमा आफूलाई केन्द्रमा राखेर रणनीति बनाएका थिए, ठीक त्यसैगरी राष्ट्रिय राजनीतिको सन्दर्भमा रणनीति बनाएको उनी निकटस्थको भनाइ छ। राजनीतिक विश्लेषक गौतम पनि देउवाको ध्यान चुनावबाहेक अरूमा नरहेको बताउँछन्। 'सरकारले यस अवधिमा धेरै काम गर्न सक्थ्यो तर सुरुदेखि नै चुनावी सरकारको मानसिकताबाट अघि बढ्ने काम भयो,' उनले भने, 'यसले जनताका लागि गर्नुपर्ने काम प्राथमिकतामा परेनन्।'

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

JOIN MAHALAXMI FAMILY, WE ARE HIRING!!!

Mahalaxmi Bikas Bank Ltd, one of the leading National Level Development Banks guided by the vision of "Most trusted bank" having 103 branches across the Nation is seeking applications from highly motivated, energetic and result oriented Nepali Citizens to work at different locations including Central Office for the following position:

Junior Assistant – Few

Location: **Central Office and branches in Provinces 1 to 7 including remote area Branches**
Eligibility Criteria:
Qualification: Must have a Bachelor's Degree in Management or equivalent from a recognized University with minimum 2nd division (45%) or CGPA 2.5 and above.
For Remote Area Branches: Must have a Bachelor's Degree in Management or equivalent from a recognized University.

- ***Age Criteria:***
  Age not exceeding 25 years for candidates applying for urban areas and 28 years for candidates applying for rural areas for Junior Assistant as on application deadline
- Preference shall be given to the candidates from local / surrounding area in case of placement in Branches.
- Only short listed candidates shall be called for further processes of selection.
- Incomplete application or applicant not meeting required criteria will not be entertained.
- The Bank reserves the sole right to accept or reject any or all applications without assigning any reason whatsoever.

To Apply:
- Individual willing to apply for the vacant position should attach scanned copy of required evidence of education such as Academic Transcript, Character Certificate (and Equivalence Certificate if have attended education outside Nepal) , recently taken Passport size photograph, Updated CV/Resume and Cover Letter.
- Log on to **www.merojob.com/MBBL** and click **"Apply Now"** button below the posted job.

merojob
AIM HIGHER

Deadline for applications for the position is **27th January, 2022 (13 Magh, 2078)** 17:00 hrs. NST.

धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०७८/०९/२९)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैंले सकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति जे, जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत् खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३६ औं दिन वा सो भन्दा अगाडि नै शाखा कार्यालय पुतलीसडकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। बोलपत्र सूचना प्रकाशन भएको ३६ औं दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात् लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको २ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन। साथै कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

धितो लिलाम बिक्री हुने मिति :- २०७८ साल ११ महिना ०५ गते बिहिबार
सम्बन्धित कार्यालय : शाखा कार्यालय, पुतलीसडक **लिलाम हुने स्थान** : शाखा कार्यालय, रत्नपार्क

ग्राहकको विवरण

ग्राहकको नाम : क्रिएटिभ मोडेल एकेडेमी बोर्डिङ स्कुल प्रा.लि. (सं.प्रमोद अधिकारी)
ना. प्र.नं.: १९/०४०/७/२५ **जारी मिति** : २०४०/७/२५ **जारी भएको कार्यालय** : जिल्ला प्रशासन कार्यालय, काभ्रे
बाबुको नाम : तेजप्रसाद अधिकारी **बाजे/ससुराको नाम** : रेवती रमण अधिकारी
फर्म वा कम्पनीको नाम : क्रिएटिभ मोडेल एकेडेमी बोर्डिङ स्कुल प्रा.लि. **सञ्चालकको नाम** : प्रमोद अधिकारी
दर्ता भएको कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय **फर्म/कम्पनिको दर्ता नं.**: ३५४०५/०६२/०६३ **दर्ता मिति** : २०६२/०४/१२
पान नं : ३०३८०९५३३

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	का.म.न.पा.	वडा नं.	कि. नं.	क्षेत्रफल	न्यूनतम मूल्य रु.	कैफियत
सेवा कर्जा ७३२	प्रमोद अधिकारी	काठमाडौं	काठमाडौं	२	९५	०-१२-१-२	१,५१,३५,०००/-	घरजग्गा

प्रोप्राइटर/साझेदार/सञ्चालकहरुको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
प्रमोद अधिकारी	लाजिम्पाट	१९/०४०/७/२५	काभ्रे मिति २०४०।७।२५ जि.प्र.का. काभ्रे	तेजप्रसाद अधिकारी	रेवती रमण अधिकारी

शर्तहरू :

१. शिलबन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ। साथै बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्ने छ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ।
५. टेण्डर मिति २०७८ साल ११ महिना ०५ गते बिहिबारका दिन दिनको २ बजे कृषि विकास बैंक शाखा कार्यालय रत्नपार्कमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम् १०% रकम धरौटी बापत कृषि विकास बैंक शाखा कार्यालय, पुतलीसडकको खाता नम्बर ०१००२००३३३५०७०११ मा जम्मा गर्नु पर्ने छ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्ने छ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र नामसारी गरिसक्नु पर्ने छ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिने छ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अंक र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्ने छ। साथै उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिने छ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने छ। साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्ने छ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिने छ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन।
१३. लिलाम सदर भए पश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजस्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ।
१४. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

कृषि विकास बैंक लि.
कर्जा अनुगमन तथा असुली विभाग
मुख्य कार्यालय, रामशाहपथ, काठमाडौं।

Expression of Interest (EOI)

Laxmi Bank intends to empanel potential suppliers/vendors for supply of Branding and Promotional materials. Vendors interested in getting empanelled in the Bank's approved list of suppliers/vendors may submit their Expression of Interest (EOI) for Branding and Promotion which includes **Signage/Signboards, Pole Branding, Communication Media/ Advertising Agency Services etc.**

Interested individuals, firms and companies (Applicants) can obtain Request for EOI (REOI) documents from our registered office at Hattisar, Kathmandu upon deposit of non-refundable document fee for NPR 3,000. Applicants must submit enlistment proposal in the prescribed format provided by the Bank with relevant documents during office hours to General Sourcing and Property Management (GSPM) Department, no later than the close of business on 15th February 2022.

Documents required:
1. Firm registration, renewed income tax and VAT/PAN registration certificates.
2. Copy of Tax Clearance/Copy of tax deposit during the Fiscal Year
3. List of all items/ rate/ quantity/ service usually supplied/ provided.
4. List of Prime Customers
5. Company profile

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
Laxmi Complex, Hattisar, Kathmandu
Tel.: 4444684/85, P.O.Box No.: 19593
Email: info@laxmibank.com, URL: www.laxmibank.com

१० दिनमा...

रक्सौलबाट वीरगन्ज प्रवेश गरेका सर्वसाधारणलाई बुधबार नाकामा स्वास्थ्य परीक्षण गरिँदै । *तस्बिर : रासस*

कर्णालीमा ५५ प्रतिशतले पहिलो र ४७ प्रतिशतले दोस्रो डोज लगाएका छन् । सुदूरपश्चिममा ६३ प्रतिशतले पहिलो र ५६ प्रतिशतले पूर्ण खोप लगाइसकेका छन् । १२ देखि १७ वर्ष उमेर समूहका ४९ प्रतिशतले पहिलो मात्राको खोप लगाइसकेका छन् ।

स्वास्थ्य मन्त्रालयकी प्रवक्ता डा. संगीता मिश्राले १८ वर्षमाथिका लक्षित समूहमा पहिलो साताको तुलनामा पहिलो मात्रा लगाउनेको संख्यामा २ प्रतिशतले र पूर्ण मात्राको खोप लगाउने ४ प्रतिशतले बढेको बताइन् । कम खोप लगाइएका प्रदेशमा खोप लगाउने कार्यलाई द्रुत बनाउन केन्द्र थप्ने उनको भनाइ छ । उनका अनुसार माघ पहिलो सातादेखि स्वास्थ्यकर्मीसहित अग्रपंक्तिमा खटिएकालाई बुस्टर डोज दिने तयारी छ ।

बुधबारसम्म कुल जनसंख्याको ३७.८ प्रतिशतले पूर्ण खोप लगाइसकेका छन् भने ५०.५ प्रतिशतले एक मात्रा लगाएको मन्त्रालयले जनाएको छ । त्यसैगरी लक्षित जनसंख्याको ७६.९ प्रतिशतले एक मात्रा र ५७.६ प्रतिशतले पूर्ण खोप लगाएका छन् । एकै दिनमा हालसम्मकै सबैभन्दा बढी खोप पुस १२ मा ५ लाख ६८ हजार ३१९ ले लगाएका थिए ।

संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन खोपको कभरेज ढिलो बढ्नुमा केही कारण देख्छन् । उनका अनुसार जो शारीरिक रूपमा अशक्त छन् (विशेषत: ज्येष्ठ नागरिक) दैनिक ज्यालादारीमा काम गर्ने व्यक्ति र खोपका बारेमा अझै आशंका लागेकाहरू खोप लगाउन आएका छैनन् । 'भीडको समस्या त पहिला पनि देखिएकै हो । त्यसबेला खोप लगाउन अनुरोध थियो, अहिले बाध्यात्मक,' उनले भने ।

पुस मसान्तसम्म दैनिक ५ लाख डोज खोप लगाउने लक्ष्य भने १२ गतेयता पूरा भएको छैन । तर खोप लगाउनेको भीड बढ्नुलाई सकारात्मक मान्छन्, स्वास्थ्य सेवा विभाग खोप शाखाका प्रमुख सागर दाहाल । 'पायक पर्ने ठाउँमा हामीले खोप केन्द्र राखेका छौं । पायक जहाँ पर्छ, त्यहीं जाँदा भीड बढेको हो,' उनले भने, 'कुनै केन्द्रमा एकदम भीड छ, कुनैमा छैन । खुला ठाउँमा लाइन बस्दा त्यति आपत्ति जनाउनुपर्छ जस्तो लाग्दैन ।' उनले आजको भोलि नै खोप कभरेज बढ्न नसक्ने बताए । 'आज खोप लगाएको मान्छे दोस्रो डोज लगाउन अर्को महिना आउनुपर्छ । जति मान्छेलाई पुऱ्याउनुपर्ने हो, त्यति पुऱ्याउन सकिएन तर प्रयास त गरिएकै छ,' उनले भने । स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखाका अनुसार मंगलबार ११ लाख ८४ हजार मात्रा भेरोसेलको थप खोप आएको छ । शाखा प्रमुख डा. सुरेन्द्र चौरासियाका अनुसार ४० लाख मोर्डना भने जनवरीको दोस्रो साताभित्र आउँदै छ । २०७७ माघ १४ गते खोप अभियान सुरु भएदेखि हालसम्म अनुदान र खरिदमा खोप नेपालमा ४ करोड ३ लाख ८७ हजार ९ सय २७ मात्रा आइसकेको छ ।

काठमाडौंमा थपिए ६ खोप केन्द्र

स्वास्थ्य कार्यालय काठमाडौंका अनुसार बुधबारदेखि थप ६ वटा निजी अस्पतालबाट पनि १८ वर्षमाथिका सर्वसाधारणलाई कोभिडविरुद्धको खोप उपलब्ध गराउने व्यवस्था मिलाइएको छ । हालसम्म काठमाडौंमा ११ खोप केन्द्र थिए । स्वास्थ्य कार्यालय प्रमुख शम्भु काफ्लेका अनुसार काठमाडौं मोडल अस्पताल प्रदर्शनीमार्ग, पिपुल्स डेन्टल कलेज एन्ड हस्पिटल सामाखुसी, जनमैत्री अस्पताल बालाजु, नर्भिक अस्पताल थापाथली, शुभेच्छा अस्पताल सीतापाइला र नोवेल अस्पताल सिनामंगलबाट कोभिडविरुद्धको खोप निःशुल्क लगाउन पाउनेछ ।

अस्पतालमा थपिँदै संक्रमित तर लक्षण सामान्य

बुनु थारू (काठमाडौं)

कोभिड संक्रमण विस्तारसँगै अस्पतालमा पनि बिरामी भर्नाको दर बढेको छ । कोभिड उपचार गर्ने उपत्यकाका अधिकांश ठूला सरकारी अस्पतालमा बिरामी थपिएका छन् । देशभरका संक्रमितमध्ये आधाभन्दा बढी सक्रिय संक्रमित काठमाडौं उपत्यकामा छन् । पुस २२ मा उपत्यकामा ३ सय १० संक्रमित रहेकामा सातापछि मंगलबार यो संख्या बढेर १ हजार २ सय ८६ पुगेको थियो ।

बुधबार काठमाडौंमा १ हजार १ सय ६८, भक्तपुरमा १ सय ३४ र ललितपुरमा २ सय ३६ गरी एकै दिन उपत्यकामै १ हजार ५ सय ३८ जना संक्रमित थपिएका छन् । योसँगै उपत्यकामा सक्रिय संक्रमितको संख्या ६ हजार ६ सय ३२ पुगेको छ । यहाँका केही अस्पतालमा एक/दुई दिनयता बिरामी बढेका छन् भने कुनैमा एक सातामै ५ गुणाले बिरामीको संख्यामा वृद्धि भएको छ । वीर अस्पतालको कोभिड-१९ युनिफाइड सेन्ट्रल हस्पिटलका उपनिर्देशक एवं छाती रोग विशेषज्ञ डा. प्रज्वल श्रेष्ठले एक साताअघि ८ जनामात्र कोभिडका बिरामी भर्ना भएकामा बुधबार ३९ जना भर्ना भएका छन् । 'अहिले ६ जना आईसीयूमा कडा खालको निमोनिया भएर उपचार गराइरहेका छन् भने २ जना भेन्टिलेटरमा छन्,' उनले भने, 'भर्ना भएका धेरैमा खोकी लाग्ने, घाँटी दुख्ने, ज्वरो आउने, जीउ र टाउको दुख्ने तथा थकान महसुस हुनेजस्ता सामान्य लक्षण देखिएको छ ।' समग्रमा बिरामी भर्ना हुने दर डेल्टा भेरिएन्टको भन्दा अहिले कम रहेको उनको विश्लेषण छ । 'एक त बिरामी गम्भीर अवस्थाका छैनन्, आएका पनि चाँडै निको भएर डिस्चार्ज भइरहेका छन्,' उनले भने । भर्ना हुनेमा ३५ देखि ६० वर्ष उमेरका छन् र प्रायःले कोभिड खोप लगाइसकेका छन् ।

बिरामी भर्नाको संख्यामा उकालो लागेसँगै अस्पतालमा स्वास्थ्यकर्मी संक्रमित हुन थालेका छन् । वीर अस्पतालमा १२ जना स्वास्थ्यकर्मी संक्रमित भएको अस्पतालले जनाएको छ ।

त्रिवि शिक्षण अस्पतालका कोभिड फोकल पर्सन रामविक्रम अधिकारीले एक सातायता १७ जना बिरामी भर्ना भएकामा अहिले २२ जना उपचाररत छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका कोभिड वार्डका फिजिसियन डा. किजन महर्जनले भर्ना भएका बिरामीमा कडा लक्षण नदेखिएको बताए । उनका अनुसार बुधबारसम्म १२ जना भर्ना भएकामा ६ जना आईसीयूमा र एक जना भेन्टिलेटरमा छन् । एक साताअघि भर्ना हुनेको संख्या २/३ जना थियो ।

थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा हाल ९ जना कोभिडका बिरामी उपचाररत छन् । जसमा कोही पनि सिकिस्त संक्रमित नभएको अस्पतालका निर्देशक डा. अमिरबाबु श्रेष्ठले बताए । हाल अस्पतालमा तीन दिनभित्र १५ स्वास्थ्यकर्मी संक्रमित भइसकेका छन् । डा. श्रेष्ठले सेवा निरन्तर प्रवाह भए पनि काम गर्न केही अप्ठ्यारो भइरहेको बताए ।

सशस्त्र प्रहरी बल अस्पताल बलम्बुका कोभिड फोकल पर्सन डा. प्रविन नेपालले एक साताअघि बिरामी ८ देखि १० जना भर्ना हुन्थे, अहिले ४५ भन्दा बढी भर्ना भएका छन् । 'सबै जनामा ज्वरो आउने, खोकी लाग्नेजस्ता सामान्य लक्षण देखिएका छन्,' उनले भने, 'अक्सिजन नै चाहिने बिरामी एकदम कम छन् ।'

संक्रामक रोग विशेषज्ञ डा. जनक कोइरालाका अनुसार ओमिक्रोन भेरिएन्टले फोक्सोभन्दा पनि माथिल्लो श्वासप्रश्वास प्रणालीमा संक्रमण गराउँछ । नाक, घाँटी, छाती, श्वासनलीमा बढी संक्रमण गराउन गराउने उनले बताए । 'डेल्टा भेरिएन्टले सिधै छातीभित्र गएर फोक्सोमा असर गर्थ्यो र एकैचोटि निमोनिया गराइदिन्थ्यो,' उनले भने, 'ओमिक्रोनको मुख्य लक्षण रुघा लाग्ने, खोकी लाग्ने, जीउ दुख्ने, टाउको दुख्ने, ज्वरो आउने गरेको पाइयो । ओमिक्रोनले फोक्सोको रोग लागेर निमोनिया हुने सम्भावना भने कम छ । खोप लगाएकालाई भने त्यति गाह्रो बनाउँदैन ।' हालैको अध्ययनअनुसार खोप लगाएकोभन्दा नलगाएकोमा १० गुणा बढ्ता संक्रमण हुने भन्दै उनले अस्पताल भर्नामा १७ गुणा बढी र मृत्यु हुने सम्भावना २० गुणा बढी रहेको बताए ।

'ओमिक्रोनबाट संक्रमित १ जनाले १० जनासम्मलाई संक्रमण गराउन सक्छ । यो कतिसम्म बढेर जान्छ भन्ने कुरा हाम्रै हातमा छ,' डा. कोइरालाले भने, 'जनस्वास्थ्यका मापदण्ड पालना गरे द्रुत रूपमा सर्न पाउँदैन ।'

कोभिड उपचार गरिरहेका भारतका विभिन्न अस्पतालका अनुसार डेल्टाभन्दा ओमिक्रोनले ल्याएको तेस्रो लहरमा अस्पताल भर्ना हुने संख्या त्यति धेरै छैन । जो भर्ना भएका छन्, उनीहरूलाई अक्सिजनको आवश्यकता छैन । धेरैजसो बिरामीमा ज्वरो, घाँटी दुख्ने, जीउ दुख्ने र कमजोरी जस्ता लक्षण देखिए छ भने उनीहरूको निको हुने अवधि छोटो छ ।

अमेरिकामा मंगलबार एकै दिन १३ लाखमा संक्रमण पुष्टि भएको थियो । रोयटर्सका अनुसार तीन सातायता अस्पताल भर्ना हुनेको संख्या दोब्बरले बढेको छ । अस्पतालमा जनशक्तिको अभाव देखिएको छ ।

सिंहदरबार प्रवेशमा कडाइ

काठमाडौं (कास)- सरकारले सिंहदरबार प्रवेशमा कडाइ गरेको छ । कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै गृह मन्त्रालयले बुधबारदेखि सिंहदरबार प्रवेशमा नयाँ व्यवस्था लागू गरेको हो । मन्त्रालयका सहसचिव एवं प्रवक्ता प्रदीपकुमार कोइरालाद्वारा हस्ताक्षरित सूचनाअनुसार सिंहदरबार प्रवेश गर्न सबै मन्त्रालय, निकाय, सचिवालय, आयोगलगायतबाट हालसम्म जारी भएका सबै प्रकारका पास खारेज गर्ने बताइएको छ । अब आवश्यकताबमोजिम गृह मन्त्रालयको पूर्वसहमति लिई सम्बन्धित निकायबाटै पास जारी गर्नेलगायत ६ बुँदे नियम लागू गरिएको छ । पत्रकारलाई भने सूचना विभागबाट जारी भएको परिचयपत्रका आधारमा प्रवेश दिने बताइएको छ ।

VACANCY ANNOUNCEMENT

Place-Kathmandu

Post: Cluster Manager-1

Required qualification & skills:
- Minimum Bachelor pass
- Experienced in sales, marketing, and computer
- Good knowledge of excel

Post: Supervisor-2

Required qualification & skills:
- Minimum 12 pass
- Experienced in marketing and sales
- Good knowledge of excel

Post: FOS-15
- Required qualification & skills:
- Minimum SEE passed or above
- Experienced in marketing and sales

Interested candidate can send their CV in the below email address.

पूर्वी नवलपरासी (कास)- एमाले नेता एवं संविधानसभा सदस्य जीवन श्रेष्ठले सक्रिय राजनीतिबाट संन्यास लिएको घोषणा गरेका छन्। पार्टीको आठौं जिल्ला अधिवेशनमा अध्यक्षका प्रत्याशी रहेका श्रेष्ठले सर्वसम्मतका नाममा आफूलाई अध्यक्ष बन्नबाट रोकिएकामा असन्तुष्टि जनाउँदै एमाले छोडेको घोषणा गरेका हुन्। उनले सक्रिय राजनीतिबाट पनि संन्यास लिएको जनाए। उनले भनेका छन्, 'हाल केही असहज परिस्थितिको कारण सक्रिय राजनीतिबाट विश्राम लिने घोषणा गर्दछु।' जिल्ला अध्यक्षमा दावेदारी व्यक्त गरे पनि श्रेष्ठले सहमतिका नाममा मुक्तिराम पाण्डेलाई छोड्न बाध्य भएका थिए।

एमाले कास्की अध्यक्षमा गुरुङ

पोखरा (कास)- एमाले कास्कीको अध्यक्षमा मनबहादुर गुरुङ निर्वाचित भएका छन्। अध्यक्षका लागि भएको मतदानमा दामोदर बैरागीलाई हराउँदै उनी निर्वाचित भएका हुन्। खसेको ८ सय ८५ मतमा गुरुङले ४ सय ५६ मत प्राप्त गरे। गुरुङ गण्डकी प्रदेशसभा सदस्य हुन्। कास्कीमा पार्टी उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र संगठन विभाग प्रमुख खगराज अधिकारी पक्षधरबीच प्रतिस्पर्धा भएको थियो। निर्वाचित गुरुङ, उपाध्यक्ष तेजनारायण अधिकारी पृथ्वीसुब्बा प्यानल तथा सचिवमा खगराज पक्षका बैनबहादुर अधिकारी, उपसचिवमा दर्शन लामा र नवराज ओझाले जिते।

व्यवस्थित छैनन् राजमार्ग

विस्तार, मर्मतका नाममा बिनायोजना सडक खन्ने र त्यसै छाड्ने क्रम बढ्दो

प्रतीक्षा काफ्ले (कास्की)

साँघुरो सडक। त्यसमा पनि खाल्डाखुल्डी मात्रै। सडकमै पार्किङ। हिलो, धूलो र पानी जम्नु त यहाँका सडकको विशेषता नै बनेको छ। भित्री सडक जोड्ने, खानेपानी र ढल व्यवस्थापनको बहानामा पटकपटक सडक भत्काइनु नियति नै भइसक्यो। गण्डकी प्रदेशको राजधानी पोखरा जोड्ने सिद्धार्थ र पृथ्वी राजमार्ग पछिल्लो समय अस्तव्यस्त देखिन थालेका छन्।

सडक व्यवस्थापनमा सम्बन्धित निकायको चासो पुग्न नसकेको स्थानीयको गुनासो छ। 'पोखराबाट तनहुँको सदरमुकाम दमौली ५० किलोमिटरको दूरीमा छ। गाडीमा एक घण्टामा पुग्नुपर्ने हो,' यात्रु सन्देश घिमिरेले भने, 'तर दोब्बर समय लाग्छ।' व्यवसायको सिलसिलामा उनी काठमाडौंबाट पोखरा, बुटवल, भैरहवा ओहोरदोहोर गरिरहनुपर्ने बताउने उनी थप्छन्, 'त्यसमाथि जोखिम यति छ, ज्यान हत्केलामा राखेर यात्रा गर्नुपर्छ।' सडक विस्तारका क्रममा पृथ्वी राजमार्गअन्तर्गत तनहुँको सडक खण्डमा रूख काट्ने काम भइरहेको छ भने सिद्धार्थ राजमार्गअन्तर्गत स्याङ्जाको सडक खण्डमा डोजर लगाउने काम भइरहेको छ। डोजर लगाइए पनि माटो व्यवस्थापन, खाल्डाखुल्डी व्यवस्थापनमा ध्यान पुगेको छैन। यसले जोखिम बढाएको छ।

ट्राफिक प्रहरीको तथ्यांकअनुसार दुर्घटनाका संख्या पनि बढ्दो छ। पुराना तथा लामो दूरीका राजमार्ग नै अस्तव्यस्त हुँदा समस्यामा परेको स्थानीय बताउँछन्। स्थानीय तहले समयसमयमा सडक टालटुल गरे पनि टिकाउ नहुने पोखरा-१७ का प्रेमप्रसाद पौडेलले गुनासो गरे। 'बेलाबेलामा सडक टालेजस्तो गरिन्छ,' उनले भने, 'त्यो टालेको सडक टिकाउ हुँदैन। पटकपटक भत्काइन्छ अनि यत्तिकै टालटुल गरेर छाडिन्छ। धूलो र हिलोले दिनदिनै स्वास्थ्य पनि बिग्रँदै गएको छ।' विगतदेखि सडक विस्तार गर्ने बहानामा विरौटादेखि छोरेपाटनसम्मको सडक पनि भद्रगोल बनाइएको छ। सडक विस्तारको कामले गति नलिँदा पनि यहाँका बासिन्दाले सास्ती भोग्नुपरेको पौडेलको भनाइ छ।

पोखरा-१७ विरौटास्थित अस्तव्यस्त सिद्धार्थ राजमार्ग। *तस्विर : प्रतीक्षा/कान्तिपुर*

'राजमार्ग विस्तार हुने भनेर केही घर पनि भत्काइए,' उनले थपे, 'सडकको काम जहाँको त्यहीँ छ।'

यहाँको पृथ्वीचोक हुँदै स्याङ्जा, पाल्पा र रूपन्देहीको बुटवल जोड्ने राजमार्ग हो सिद्धार्थ। तर यसको नियमित मर्मत नहुँदा पछिल्लो समय अस्तव्यस्त बनेको छ। संघीय सरकारअन्तर्गत मर्मत गर्नुपर्ने राजमार्गमा प्रदेश र स्थानीय सरकारको ध्यान पुग्दैन। जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख अमृत बस्नेतका अनुसार पोखरामा बढ्दो ट्राफिक जामले पनि समस्या निम्त्याएको बताए। पोखरामा बसपार्क अभावका कारण पनि सडक भद्रगोल बनेको प्रहरीको भनाइ छ। पोखरा यातायात कार्यालयमा मात्रै २ लाख ६० हजारभन्दा बढी सवारी दर्ता छन्। स्याङ्जाको फेदीखोला गाउँपालिका प्रमुख घनश्याम सुवेदीले सडक फराकिलो बनाउने काम भइरहेको बताउँदै भने, 'सडक खनिएको छ। तर, सडक पिच गर्न सकिएको छैन।' उनले सडक डिभिजन कार्यालयको सहकार्यमा सडक विस्तार गरिएको भए पनि खाल्डाखुल्डी पुर्दै सडक पिचमा विभागले नै ध्यान पुऱ्याउनुपर्ने बताए। 'हामीसँग बजेट हुँदैन,' उनले थपे, 'सडक विभागसँग पटकपटक कुरा गरे पनि वास्ता गर्दैन।' उनले सडक विस्तारको काम पटकपटक भइरहे पनि सडक व्यवस्थापन भने गर्न नसकिएको बताए।

उद्योग वाणिज्य संघ स्याङ्जाका पूर्वअध्यक्ष नवराज सुवेदीले पनि सडक विस्तारको काम गर्ने भनेर संघ सरकारले भनिरहे पनि कार्यान्वयनमा भने जान नसकेको बताए। 'सडकमा यति धेरै जोखिम छ,' उनले भने, 'स्याङ्जा-पोखरा गर्ने नसकिने अवस्था छ। ठाउँ ठाउँमा भत्काएर उस्तै छ। सडक भाँसिने र खाल्डाखुल्डीले जोखिम बढेको हो।' वर्षाको पहिरोका कारण पनि जोखिम बढेको उनले बताए। पहिरो राम्रोसँग नहटाउँदा पनि सडक अस्तव्यस्त बनेको उनको भनाइ छ। 'सडक विस्तार गर्ने भनिएको छ, माथि डाँडा काटिन्छ तल, नाली खनिँदैन,' उनले भने, 'नालीमा बग्ने पानी सडकमा बगेको छ। यसरी सडक कसरी टिक्छ?'

गोलाप्रथाबाट बेन्च तोकिँदै

बागलुङ (कास)- सर्वोच्च अदालतमा गोलाप्रथाबाट पेसी तोक्न थालिएपछि उच्च अदालत पोखराको बागलुङ इजलासमा पनि यो क्रम सुरु हुने भएको छ। आगामी माघ २ देखि गोलाप्रथाबाट पेसी तोक्ने निर्णय भएको रजिस्ट्रार नेत्रप्रसाद भुसालले बताए। यसअघि मुख्य न्यायाधीशले कुन मुद्दा कुन बेन्चमा पार्ने भन्ने निर्णय गर्थे।

उच्च अदालतले बार एसोसिएसनसँगको छलफलपछि यो निर्णय गरेको भुसालले जानकारी दिए। 'सर्वोच्चले यस्तो अभ्यास गरिसकेको छ, हामीले पनि तयारी गरेका छौं,' उनले भने, 'यो प्रक्रियाले मुद्दाको सुनुवाइमा निष्पक्षता बढाउनेछ।' उनले कुनै वकिल र न्यायाधीशले चाहेर मुद्दा आफ् नोमा पार्ने अवस्था अब अन्त्य हुने दाबीसमेत गरे। उच्च अदालतमा विशेष गरी रिट निवेदन, सार्वजनिक सरोकारका मुद्दा तथा केही विशेष प्रकृतिका मुद्दामा कुन न्यायाधीशको इजलासमा पर्छ भन्ने बढी चासो हुने गर्थ्यो। यो प्रक्रियाले न्यायपालिकाको निष्पक्षता र विश्वसनीयतामा थप मद्दत पुग्नेसमेत उनले बताए।

उच्च अदालत बार एसोसिएसनकै सहमतिमा यो निर्णय भए पनि कतिपय अधिवक्ताले भने फरक मत राखेका छन्। यस्तो प्रक्रियाले मुद्दाको समय झनै लम्बिन सक्ने टिप्पणी उनीहरूको छ। 'कतिपय मुद्दाको विशेषताकै आधारमा बेन्च तोकिनुपर्छ, त्यो अवस्था अब रहेन,' उच्च अदालत बार एसोसिएसनका पूर्वअध्यक्ष भूमिश्वर गौतमले भने, 'राजस्व छलीको मुद्दा र फौजदारी प्रकृतिको मुद्दा हेर्ने दक्षता भएका न्यायाधीश फरक-फरक हुन सक्छन्, तर गोलाप्रथाले एकै ठाउँमा पर्न सक्छ,' उनले भने, 'त्यसपछिको परिणाम हामीले पचाउन सक्ने कि नसक्ने?' एकाध वकिल र न्यायाधीशको अकर्मण्यताले यो विधि जन्मेको उनले टिप्पणी गरे।

अर्का पूर्वअध्यक्ष राम शर्माले स्वाभाविक रूपमा निष्पक्ष देखिए पनि मुद्दामा बेन्च नबसेर समय लम्बिने खतरा पनि उत्तिकै रहेको बताए। 'कुनै झगडियाको मुद्दा हेर्नै नमिल्ने न्यायाधीश पनि हुन सक्छन्, त्यो दिन आएका पक्षहरू बेन्च नबसेर फर्कनु पर्न सक्छ,' उनले भने, 'समग्रतामा कसको बेन्चमा पर्छ भनेर तत्कालै थाहा हुने भएकाले सेटिङको काम भने गर्न सक्दैनन्।' न्यायालयको भ्रष्टाचार अन्त्यका लागि पनि गोलाप्रथा उपयोगी भएको उनले बताए।

मुद्दा दर्ताकै दिन फैसला मिति तोकिने

बागलुङ इजलासले मुद्दा दर्ता भएकै दिन फैसलाको मिति तोक्ने काम थालेको छ। ढिला न्याय दिनु भनेको नदिनु जस्तै हो भन्ने मान्यताअनुरूप यस्तो प्रक्रिया थालेको मुख्य न्यायाधीश द्वारिकामान जोशीले बताए। 'अदालतलाई आधुनिक प्रविधिमा लैजाने, सेवाग्राहीमैत्री बनाउने र चुस्त न्याय प्रशासनका लागि यो विधि अवलम्बन गरेका हौं,' जोशीले भने, 'प्रक्रिया पुगेको मुद्दा १० मिनेटमै दर्ता गर्ने र निवेदन र प्रतिवेदन १ महिनाभित्रै किनारा लगाइसक्ने काम पनि सुरु भएका छन्।' मुद्दा दर्ता भएपछि पेसीको तालिकासहित पक्षलाई फैसलासम्मको मितिको फाइल दिने गरिएको हो।

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

प्रकाशित मिति: २०७८/०९/२९

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिलः

सम्बन्धित कार्यालय : शाखा, वाह्रवीसे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
०१	चक्रबहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	२०१५/३३०३९ २०४२/१२/२९	शेर बहादुर	जितबहादुर	कुखुरा पालन	२४५,३८६.७३	१४४,९३१.५९	३९०,३१८.३२	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शेर बहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	७४६/१६९	२०४४/११/१० सि.पा.	जित बहादुर तामाङ	जुद्धवीर तामाङ

२	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	राजु कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	१६४५६/१००६४२ २०५७/०४/३०	जय बहादूर कार्की	टेक बहादूर कार्की	सरल कृषिकर्जा	७०००००	२५४५२१.२७	९५४५२१.२७	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जय बहादुर कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	५०९/१७९	२०४०/०६/०४ सि.पा.	टेक बहादुर कार्की	कटक बहादुर कार्की

३	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	संख बहादूर तामाङ	राम्चे ३, सिन्धुपाल्चोक	४१५/४३०६ २०३७/११/०५	तिरी तामाङ	मंगल सिं तामाङ	कुखुरा पालन	४८७,८००.००	४७८,३७२.२३	९६६,१७२.२३	

४	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	शिव प्रसाद तिम्सिना	राम्चे ८, सिन्धुपाल्चोक	३१५३/४/६५८९ २०४४/१२/२२	भूमिनन्द तिम्सिना	छविलाल	सरल कृषिकर्जा	२९७१५६.७६	१९१४९६.४३	४८८६५३.१९	

५	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	हर्कमान तामाङ	मानेश्वांरा ८, सिन्धुपाल्चोक	२५४०/५९१ २०४४/११/१२	गोपीलाल	गरुले	घरायसी	२१७,०००.०	१०३,२७७.३२	३२०,२७७.३२	

६	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	डिल बहादुर थापा	मांखा ९, सिन्धुपाल्चोक	७३७/५२१ २०४६/०३/१९	जित बहादुर	कूल बहादुर	व्यापार	६००,०००.	२५०,०७२.७०	८५०,०७२.७०	

७	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	पत्रे ढुङ्गा खानी उधोग	तातोपानी २, सिन्धुपाल्चोक	१०६९७२/०६९/०७०-३०३८६१६८८	कम्पनी रजिष्ट्रारको कार्यालय	२०६९/०७/१५	उद्योग	८९८,८६८.	७५५,५१४.०७	१,६५४,३८२.०७	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो.यूक्तबहादूर पौडेल	तातोपानी २, सिन्धुपाल्चोक	९३/९३५५८	२०६१/०२/२४ सिन्धूपाल्चोक	रामबहादूर	मित्रलाल

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
चित्र बहादुर माझी	फुल्पिङकोट-४, सिन्धुपाल्चोक	८७७६२	२०५४/१०/०८ सि.पा.	रत्न बहादूर माझी	जूल बहादूर

८	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	न्यू सिन्धू खाद्य स्टोर	मांखा १, सिन्धुपाल्चोक	१३३१/०७०/०७१ ३०४९८००३१ २०७०/०९/१४२०६८/०४/०५	१३३१/०७०/०७१-३०४९८००३१	बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा.का.सि.पा	२०७०/९/१४	१,३९७,५१५.३९	१,९५४,१११.८०	३,३५१,६२७.१९	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो. रोशन कुमार श्रेष्ठ	मांखा १, सिन्धुपाल्चोक	८१/६६०२५	२०५१/०२/२२ सिन्धूपाल्चोक	सिताराम श्रेष्ठ	मान बहादूर श्रेष्ठ

सम्बन्धीत कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२८ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
१	श्री सुनौला खिम्ती कन्सट्रक्सन प्रा.लि.	का.म.न.पा.-२९, ठमेल	२११४/०४२- ३०००५५६४९	कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डा	२०४२/०५/०४	बैक जमानत दावी कर्जा	रु.१,४६,६५,९३५/-	३८,४०,४२४.९०/-	रु.१,८५,०६,३५९.९०/-	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
१.श्री रामहरी थापा	घम्थाङ-७, सिन्धुपाल्चोक	७७३८१	सिन्धुपाल्चोक, २०५२/१२/२६	खड्ग विक्रम थापा	हरि बहादुर थापा
२.श्री भुवन श्रेष्ठ	बैरेनी-९, धादिङ्ग	२६१८२८-०४९/५०	धादिङ्ग, २०४९/१२/१५	अष्टलाल श्रेष्ठ	कृणलाल श्रेष्ठ
३. श्री धर्मराज भण्डारी	पेट्कु-९, सिन्धुपाल्चोक	३८००	सिन्धुपाल्चोक, २०४६/१२/१४	पहलमान भण्डारी	मकरध्वज भण्डारी
४.श्री नविन राउत	मर्मिङ्ग-९, सिन्धुपाल्चोक	१८००/७९०५४	सिन्धुपाल्चोक, २०५३/०४/१५	मिन बहादुर राउत	-
धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु /पति	बाजे
१.शान्ती थापा	छम्पी-५, ललितपुर	५/७६४	ललितपुर, २०४६/०२/०५	पहलमान सिं भण्डारी/रामहरी थापा क्षेत्री	मकरध्वज भण्डारी

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं।

छोटकरी

मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

पाल्पा (कास)- निस्दी गाउँपालिका-७ ज्यामिरेमा बुधबार भएको मोटरसाइकल दुर्घटनामा ४४ वर्षीय ओमबहादुर गाहाको मृत्यु भएको छ। निस्दी-७, सिन्दुरेमा रहेको पसलबाट नजिकैको घरतर्फ जाने क्रममा मोटरसाइकल पल्टिँदा गाहाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रामेश्वर त्वातीले जानकारी दिए। मोटरसाइकल पछाडि बसेकी उनकै श्रीमती ४४ वर्षीया निरमाया गाहा गम्भीर घाइते भएको प्रहरीले जनाएको छ।

तिलोत्तमामा ८७ हजारलाई खोप

लुम्बिनी (कास)- रूपन्देहीको तिलोत्तमा नगरपालिकामा ८७ हजारले कोरोनाविरुद्धको खोप लगाएका छन्। १८ वर्षमाथिको लक्षित जनसंख्या ८० हजार रहेको अनुमान गरिएकामा पूरा डोज खोप लगाएको जनसंख्या ८७ हजारभन्दा बढी पुगेको हो। बसाइँसराइ गरी आएका बासिन्दा र अध्ययन, रोजगारीलगायतका विभिन्न अवसरका लागि अस्थायी रूपमा बस्ने बासिन्दाका कारण लक्षितभन्दा बढीले खोप लगाएको जनस्वास्थ्य निरीक्षक केशव भट्टराईले बताए। नगरपालिकाले गरेको घरधुरी सर्वेक्षणअनुसार नगरको जनसंख्या १ लाख २३ हजार ८ सय ३६ छ। यहाँ १२ वर्षभन्दा माथि जनसंख्या झण्डै ९९ हजार रहेको अनुमान छ।

तम्घासमा खानेपानी अभाव

गुल्मी (कास)- आयोजनामा समस्या भएपछि दुई सातादेखि तम्घासमा खानेपानीको अभाव भएको छ। तम्घास खानेपानी उपभोक्ता समितिले वितरण गर्ने बृहत् खानेपानी योजनाको लिफ्टिङ सिस्टममा समस्या देखिएको हो। रेसुंगा नगरपालिकाका १ हजार ७ सय घरधुरी उपभोक्ताले उपभोग गर्ने खानेपानी योजनामा गत पुस १५ गते आएको अविरल वर्षाले तीनवटा मोटरमा क्षति पुऱ्याएपछि खानेपानीको अभाव सुरु भएको छ। खानेपानीको मुहान रहेको ओखेनीमा तीनवटा मोटर एकैपटक पड्किँदा खानेपानी वितरण गर्न नसकिएको उपभोक्ता समितिका कुलचन्द्र पन्थीले जानकारी दिए।

दोस्रो विवाहले जन्मदर्तामा समस्या

कानुनले नरोके पनि बहुविवाहपछि धेरैले आफ्ना छोराछोरीको जन्मदर्ता गराउन सास्ती बेहोर्दै

अमृता अनमोल (बुटवल)

बुटवलकी कल्पना थापाले २०७३ सालमा बिहे गरिन्। दोस्रो पत्नीका रूपमा बिहे गरेकी उनले लगत्तै छोरी जन्माइन्। छोरी अहिले पाँच वर्षकी भइन्। तर, उनको जन्मदर्ता छैन। जन्मदर्ता नहुँदा स्कुल भर्नादेखि सरकारी सुविधामा समस्या छ। कल्पनाका पतिको स्थायी ठेगाना बुटवल-८ हो। जहाँ उनीसहितको परिवार बस्छ। त्यही वडा कार्यालयले छोरीको जन्मदर्ता गर्न भने मानेको छैन। 'धेरैपटक नानुको जन्मदर्ता गर्न गयौं। तर, बहुविवाह गरेकाले जन्मदर्ता गर्न मिल्दैन भनेर गरिदिनुभएन,' कल्पनाले गुनासो गरिन्, 'के गर्ने ? मेरो कारण छोरीले समस्या भोगी। हैरान भएकी छु।'

कल्पना छोरीको जन्मदर्ताबारे गुनासो गर्न राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले बुटवलमा आयोजना गरेको सार्वजनिक सुनुवाइमा पनि पुगिन्। विभागका पदाधिकारीहरूको रोहबरमा वडाध्यक्ष भीमबहादुर श्रेष्ठ र कल्पनालाई राखियो। तर, वडाध्यक्ष श्रेष्ठले दोस्रो श्रीमतीका रूपमा भित्रिएकाबाट जन्मिएका सन्तानलाई आफ्नो कार्यकालभर जन्मदर्ता नगरिदिने अड्डी कसे। 'म उनकी छोरीको जन्मदर्ता गर्न दिन्नँ,' उनले भने। नेपालको कानुनले बहुविवाहलाई बन्देज गरेको छ। ०७५ भदौ १ देखि यो कानुन लागू भएको छ। कानुन बन्नुअघिको बिहेलाई दर्ता भए पनि त्यसपछिको बिहे भए दर्ता हुँदैन। तर, सन्तानको जन्मदर्ता रोकिदैन। यद्यपि, कल्पनाजस्ता बहुविवाहपछि सन्तान जन्माएका धेरैले आफ्ना छोराछोरीको जन्मदर्ता गराउन सकेका छैनन्।

बुटवल-३ की सरिता थापाले त्यस्तै समस्या भोगेकी छन्। ०६२ मा दोस्रो पत्नीका रूपमा बिहे गरेकी उनका पतिले केही वर्षमै अलपत्र पारेर छोडे। सरिताका दुई सन्तान छन्। तर, उनीहरूको जन्मदर्ता भएको छैन। 'सन्तान जन्माउने म। हुर्काउने म। तर, जन्मदर्ता गरिदिने अधिकार रहेनछ। वडाका सरहरूले पतिको ठेगानबिना सन्तानको जन्मदर्ता गर्न पनि मिल्दैन भन्नुहुन्छ,' उनले गुनासो गरिन्, 'जन्मदर्ताबिना नागरिकता बन्दैन रे, सन्तान अनागरिक हुने भए भन्ने पीरले पोलिएकी छु।'

जन्म, मृत्यु, बसाइँसराइ, विवाहदर्ता र सम्बन्धविच्छेद व्यक्तिगत घटना हुन्। राज्यसँग व्यक्तिको कानुनी सम्बन्ध व्यक्तिगत घटनादर्तासँग मात्र जोडिन्छ। यसैले घटना भएको ३५ दिनभित्र वडा कार्यालयमा घटना दर्ता गराउनुपर्ने कानुनी व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा जन्मम्बन्धी सूचना आमाबाबु वा एकाघरका परिवारले दिएमा गर्न सकिने उल्लेख छ। तर, यो वा त्यो रोकावटका कारण बालबालिकाको जन्मदर्ता गर्न समस्या देखिइरहेको छ। बुटवल-११ की सीता कनौजेको परिवार त्यसैमध्येको हो। उनले बाग्लुङ घर बताउने यमबहादुर खत्रीसँग बिहे गरिन्। तीन सन्तान जन्माइन र हुर्काइन्। भारत गएका यमबहादुर उतै बेपत्ता भए। यही कारण उनले सन्तानको जन्मदर्ता गराउन सकिनन्। जन्मदर्ता नहुँदा उनीहरूको पढाइमा समस्या देखिएको छ। नागरिकताका लागि समेत वडाले सिफारिस गरिदिएको छैन। 'मेरो बिहेअघि बनाएको नागरिकता छ। तर, उहाँको छैन। वडा कार्यालयमा बाबुको नागरिकताबिना सन्तानको जन्मदर्ता हुँदैन भन्नुहुन्छ,' सीताले गुनासो पोखिन्, 'जो हुन् उनै बेपत्ता भए। उनको घरपरिवार र नागरिकता कता खोजूँ ?'

व्यक्तिगत घटना दर्ताबारे राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले बुटवलमा आयोजना गरेको सार्वजनिक सुनुवाइका सहभागी। *तस्बिर : अमृता/कान्तिपुर*

संविधानले जन्मदर्तालाई मौलिक हकका रूपमा राखेको छ। संविधानको धारा ३९ को १ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ भन्ने उल्लेख छ। बालअधिकारसम्बन्धी महासन्धिको धारा ७ ले हरेक बालबालिकालाई जन्मदर्ता गर्न पाउनु, नाम राख्न पाउनु र देशको नागरिक हो भनेर चिनिन पाउनु बालअधिकार भनेको छ। धारा ८ मा देशले बालबालिकाको नाम, राष्ट्रियता, अनि परिचय जोगाइदिनुपर्छ र विकास गर्नुपर्छ भन्ने उल्लेख छ। यसमा देशले नचाहिँदो छेकबार गर्न हुँदैन भन्ने उल्लेख छ। बालबालिकाको अन्य आधार नभए वडाध्यक्ष, गाउँपालिका अध्यक्ष, नगर प्रमुखहरू सूचक भएर पनि बालबालिकाको जन्मदर्ता गराउन सकिन्छ। तर, स्थानीय तहका पदाधिकारीले त्यस्तो भूमिका निभाउन सकेका छैनन्।

व्यक्तिले नागरिकता पाउने पहिलो बिन्दु हो जन्मदर्ता। तर, यही जन्मदर्ता नहुँदा कतिपय बालबालिका नागरिकता लिनबाट पनि वञ्चित छन्। दिलकुमारी रोकाको परिवार तीन दशकदेखि बुटवल-४ मा छ। ओखलढुंगाबाट आएका पति पछि भारत गए। उनी उतै बेपत्ता भए। उनका तीन छोराछोरीको जन्मदर्ता छैन। जन्मदर्ता नहुँदा नागरिकता बनेको छैन। दिलकुमारी छोराछोरीको जन्मदर्ता र नागरिकताको माग गर्दै धेरै ठाउँमा पुगिन्। तर, उनको काम बनेको छैन। 'उनीहरू नेपाली हुन् भन्ने थाहा छ। लामो समयदेखि बसेको पनि थाहा छ। तर, उनका पतिको नागरिकता नहुँदा जन्मदर्ता गरिदिन सकिएन।' कार्यवाहक अध्यक्ष सरस्वती गुरुङले भनिन्, 'हामी कानुनभन्दा माथि जान सकिएन।'

जन्मदर्तालगायत व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र वडासचिवले प्रमाणीकरण गर्छन्। राष्ट्रिय अपांग महासंघकी सावित्रा घिमिरेले आन्तरिक बसाइँसराइ, बाबुको उपस्थितिलगायतका कुरा देखाएर व्यक्तिगत घटना दर्तालाई जटिल बनाइएको बताइन्। 'आमाको नागरिकताका आधारमा पनि सन्तानको जन्मदर्ता गर्न सकिन्छ। तर, वडासचिवलगायत पदाधिकारीहरू यसो गर्न मान्दैनन्, जसले गर्दा विपन्न, अपांगता भएकालगायतको जन्मदर्तामै समस्या छ,' उनले भनिन्। अधिवक्ता महेन्द्रप्रसाद पाण्डेले जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार भएकाले यो वा त्यो बहाना बनाएर जन्मदर्ता नगरिदिने पदाधिकारीविरुद्ध सम्बन्धित निकायमा उजुरी गर्न सकिने बताए। 'वडा सचिव आफैं सूचक बसेर पनि जन्मदर्ता गर्न सक्छन्। त्यसो नगरेर पदाधिकारीलाई सोध्ने वा राजनीतिक दृष्टिकोणले हेर्नु गलत हो,' उनले भने, 'कानुनी न्यायमा जानुपर्छ।'

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक तीर्थराज भट्टराईले व्यक्तिगत घटना दर्तालाई सहज बनाउन वडामार्फत सेवा दिने र अनलाइन प्रविधि अपनाइएकाले कतिपय कठिनाइलाई स्थानीय तहले व्यावहारिक रूपमा समाधान गर्नुपर्ने बताए। 'बहुविवाह गरेका वा बाबुको पहिचान नभएकालाई आमाको नागरिकताका आधारमा जन्मदर्ता गर्न सकिन्छ। आमा पनि पहिचान नहुनेलाई सचिव आफैं सूचक बनेर पनि जन्मदर्ता हुन्छ,' उनले भने, 'जन्मदर्ता नैसर्गिक अधिकार हो। यसैले यसलाई कठिन बनाउनु हुँदैन।'

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

प्रकाशित मिति: २०७८/०९/२९

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिलः

सम्बन्धित कार्यालय : शाखा, वाह्रवीसे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
०१	चक्रबहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	२०१५/३३०३९ २०४२/१२/२९	शेर बहादुर	जितबहादुर	कुखुरा पालन	२४५,३८६.७३	१४४,९३१.५९	३९०,३१८.३२	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शेर बहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	७४६/१६९	२०४४/११/१० सि.पा.	जित बहादुर तामाङ	जुद्धवीर तामाङ

२	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	राजु कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	१६४५६/१००६४२ २०५७/०४/३०	जय बहादूर कार्की	टेक बहादूर कार्की	सरल कृषिकर्जा	७०००००	२५४५२१.२७	९५४५२१.२७	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जय बहादुर कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	५०९/१७९	२०४०/०६/०४ सि.पा.	टेक बहादुर कार्की	कटक बहादुर कार्की

३	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	संख बहादूर तामाङ	राम्चे ३, सिन्धुपाल्चोक	४१५/४३०६ २०३७/११/०५	तिरी तामाङ	मंगल सिं तामाङ	कुखुरा पालन	४८७,८००.००	४७८,३७२.२३	९६६,१७२.२३	
४	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	शिव प्रसाद तिम्सिना	राम्चे ८, सिन्धुपाल्चोक	३१५३/४/६५८९ २०४४/१२/२२	भूमिनन्द तिम्सिना	छविलाल	सरल कृषिकर्जा	२९७१५६.७६	१९१४९६.४३	४८८६५३.१९	
५	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	हर्कमान तामाङ	मानेश्वांरा ८, सिन्धुपाल्चोक	२५४०/५९१ २०४४/११/१२	गोपीलाल	गरुले	घरायसी	२१७,०००.०	१०३,२७७.३२	३२०,२७७.३२	
६	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	डिल बहादुर थापा	मांखा ९, सिन्धुपाल्चोक	७३७/५२१ २०४६/०३/१९	जित बहादुर	कूल बहादुर	व्यापार	६००,०००.	२५०,०७२.७०	८५०,०७२.७०	
७	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	पत्रे ढुङगा खानी उधोग	तातोपानी २, सिन्धुपाल्चोक	१०६९७२/०६९/०७०-३०३८६१६८८	कम्पनी रजिष्ट्रारको कार्यालय	२०६९/०७/१५	उद्योग	८९८,८६८.	७५५,५१४.०७	१,६५४,३८२.०७	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो.यूक्तबहादूर पौडेल	तातोपानी २, सिन्धुपाल्चोक	९३/९३५५८	२०६१/०२/२४ सिन्धूपाल्चोक	रामबहादूर	मित्रलाल

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
चित्र बहादुर माझी	फुल्पिङकोट-४, सिन्धुपाल्चोक	८७७६२	२०५४/१०/०८ सि.पा.	रत्न बहादूर माझी	जूल बहादूर

८	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	न्यू सिन्धू खाद्य स्टोर	मांखा १, सिन्धुपाल्चोक	१३३१/०७०/०७१ ३०४९८००३१ २०७०/०९/१४२०६८/०४/०५	१३३१/०७०/०७१-३०४९८००३१	बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा.का.सि.पा	२०७०/९/१४	१,३९७,५१५.३९	१,९५४,१११.८०	३,३५१,६२७.१९	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो. रोशन कुमार श्रेष्ठ	मांखा १, सिन्धुपाल्चोक	८१/६६०२५	२०५१/०२/२२ सिन्धूपाल्चोक	सिताराम श्रेष्ठ	मान बहादूर श्रेष्ठ

सम्बन्धीत कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२८ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
१	श्री सुनौला खिम्ती कन्सट्रक्सन प्रा.लि.	का.म.न.पा.-२९, ठमेल	२११४/०४२- ३०००५५६४९	कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डा	२०४२/०५/०४	बैक जमानत दावी कर्जा	रु.१,४६,६५,९३५/-	३८,४०,४२४.९०/-	रु.१,८५,०६,३५९.९०/-	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
१.श्री रामहरी थापा	घम्थाङ-७, सिन्धुपाल्चोक	७७३८१	सिन्धुपाल्चोक, २०५२/१२/२६	खड्ग विक्रम थापा	हरि बहादुर थापा
२.श्री भुवन श्रेष्ठ	बैरेनी-९, धादिङ्ग	२६१८२८-०४९/५०	धादिङ्ग, २०४९/१२/१५	अष्टलाल श्रेष्ठ	कृणलाल श्रेष्ठ
३. श्री धर्मराज भण्डारी	पेट्कु-९, सिन्धुपाल्चोक	३८००	सिन्धुपाल्चोक, २०४६/१२/१४	पहलमान भण्डारी	मकरध्वज भण्डारी
४.श्री नविन राउत	मर्मिङ्ग-९, सिन्धुपाल्चोक	१८००/७९०५४	सिन्धुपाल्चोक, २०५३/०४/१५	मिन बहादुर राउत	-
धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु /पति	बाजे
१.शान्ती थापा	छम्पी-५, ललितपुर	५/७६४	ललितपुर, २०४६/०२/०५	पहलमान सिं भण्डारी/रामहरी थापा क्षेत्री	मकरध्वज भण्डारी

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं।

अदुवा बेचेर सडक

रुकुम पश्चिम (कास)- यहाँका स्थानीले अदुवा बेचेर आएको आम्दानीबाट सडक निर्माण गरेका छन् । त्रिवेणी गाउँपालिका-४ का स्थानीयले एक वर्षमा उत्पादित सम्पूर्ण अदुवा एकमुष्ट बिक्री गरेर गाउँ जोड्ने सडक बनाएका हुन् ।

भालदुलावासीले झण्डै डेढ किलोमिटर सडक निर्माण गरेर गाउँलाई सडकसँग जोडेका छन् । जुग्रुमखोलादेखि कुरल हुँदै झुल्नेटा जोड्ने सडक निर्माण गरेको स्थानीय कल्पना ओलीले बताइन् । २०७३ सालमा १८ घर परिवारले आफूसँगको अदुवा विक्री गरेर सडक निर्माण गरेको ओलीले जानकारी दिइन् । प्रति परिवार १६ हजारका दरले अदुवा विक्री गरेर सोही रकमबाट गाउँ जोड्ने सडक बनाएको उनको भनाइ छ ।

'हामीसँग नगद थिएन नगदे बाली अदुवा थियो, सबै घर परिवारले एकमुष्ट अदुवा बिक्री गरेर सडक निर्माणमा नगद हालेका हौं,' स्थानीय रगविर खड्काले भने, 'नपुग रकम वडापालिकाबाट विनियोजन भएको थियो ।'

सुरुको ट्राचाक ओपन अदुवा विक्री गरेको २ लाख ८८ हजारबाट गरिएको खड्काले बताए । त्यसमा स्थानीयले पनि थप श्रमदान गरेका थिए । त्यसपछिका हरेक वर्ष सडक मर्मतका लागि भने गाउँपालिकाले बजेट दिने गरेको छ । वर्षातमा विग्रे, भत्केको सडक मर्मतमा गाउँपालिकाले घाइरहेको स्थानीयले बताएका छन् । सडक निर्माण भएपछि तलमाथि गर्न सजिलो भएको अर्की स्थानीय ग्वामी खड्काले बताए ।

मोटर बिग्रिएपछि खानेपानी हाहाकार

झन्डै ३ सय परिवार विभिन्न खोला र मुहान चहार्दै पानी ल्याउन बाध्य

विप्लव महर्जन (सल्यान)

कुमाख गाउँपालिका-१ स्विकोटकी ४५ वर्षीया कमला बुढा बस्तीदेखि एक घण्टा तलको स्वीकोटखोलामा पुगी पानी ल्याउन बाध्य छिन् । उनकी छिमेकी ४० वर्षीया नन्नकली रोकालाई पनि एक गाग्री पानी लिन बिहानै ५ बजेट उठेर गाउँ तलको खोलामा जानुपर्ने बाध्यता छ । 'पानीकै दुःखमा हाम्रो जुनी बित्ने भयो,' उनले भनिन्, 'जतिबेला पनि पानीकै पीर हुन्छ ।'

२०४४ सालमा गाउँमा निर्मित खानेपानी योजना जीर्ण भएपछि २ वर्षअघि लिप्ट खानेपानी योजना निर्माण गरिएको थियो । तर योजनाको योजनाको मोटर बिग्रेपछि कुमाख गाउँपालिका-१ स्थित स्विकोट, मिलनचोक, सादनमुढा र थालामा खानेपानीको चरम अभाव भएको छ । खानेपानी अभाव भएपछि झन्डै ३ सय परिवार विभिन्न खोला र मुहान चाहर्दै पानी ल्याउन बाध्य छन् । 'सधैं पानीको पिरलो हुन्छ,' रोकाले भनिन्, 'महिला र बालबालिकाको साँझ-बिहानको काम नै पानी ओसार्ने हुन थालेको छ ।'

स्थानीय पवित्रा बुढाथोकीले ज्यान जोखिममा राखेर खोला र खोल्साखोल्सी चाहार्नुपर्ने बाध्यता अझै नटरेको बताइन् । 'कुनैबेला आधा राति उठेर पानी भर्न जानुपर्छ,' उनले भने, 'खोलामा पनि पानी भर्न घण्टौं लाइन बस्नुपर्ने बाध्यता छ ।' पानी अभावकै कारण तरकारी फलाउन र वस्तुभाउ पाल्नसमेत मुस्किल भएको उनको गुनासो छ ।

सल्यानको कुमाख-१ स्विकोटकी महिला एक घण्टा टाढाको स्विकोटखोलामा पानी लिन जाँदै ।
तस्विर : विप्लव/कान्तिपुर

आसपासका गाउँका सबै मुहान सुकेपछि डेढ वर्षयता खानेपानीको हाहाकार भएको स्विकोटकी सुशीला बुढाले बताइन् । नयाँ योजनाको मोटर मर्मतमा सम्बन्धित निकायले चासो नदिएको उनको गुनासो छ । 'लिफ्ट योजना बन्दा ठूलो राहत मिलेको थियो,' उनले भनिन्, 'तर योजना बनेको ६ महिनामै मोटर बिग्रिएपछि समस्या जहाँको तही छ । कपडा धुनसमेत खोलै पुग्नुपर्छ ।'

बिहानै घरबाट उठेर पानी लिन जानुपर्दा विभिन्न सास्ती भोग्नुपर्ने बाध्यता भएको स्थानीय सीता रोकाले बताइन् । 'लामो दूरीबाट गाग्रीमा पानी बोक्नुपर्दा ढाड दुख्ने पुरानो रोग फेरि बल्झिएको छ,' उनले भनिन्, 'समयमै घरमा पानी ल्याउन नपाउँदा बालबालिकाको पठनपाठन पनि प्रभावित भएको छ, सरसफाइमा समेत समस्या भइरहेको छ ।'

मोटर मर्मतका लागि प्रदेश सरकारसँग बजेट माग गरे पनि बेवास्ता भएको कुमाख गाउँपालिका-१ का वडाध्यक्ष गोपाल बुढाथोकीले बताए ।

उनका अनुसार २०४४ सालमा निर्माण सुरु भइ झण्डै १ करोड रुपैयाँमा निर्माण गरिएको खानेपानी योजना तहसनहस भएको थियो । उक्त योजनाले कुमाख गाउँपालिका-१ र २ मा १५/१६ वर्षसम्म झन्डै ६ सय परिवारमा खानेपानी सुविधा पुगेको थियो ।

२ वर्षअघि दुवै गाउँमा खानेपानी समस्या समाधान गर्न गाउँपालिकाको बजेटबाट ११ लाख रुपैयाँमा लिप्ट खानेपानी योजना सञ्चालन गरिएको उनले जानकारी दिए । 'तर ६ महिनामै मोटर बिग्रिएपछि खानेपानी समस्या अझै उस्तै छ,' उनले भने, 'हामीसँग बजेट छैन, प्रदेश सरकारले बेवास्ता गऱ्यो ।'

स्वास्थ्यचौकीमा औषधि अभाव

छपाल लामा (हुम्ला)

सर्केगाड गाउँपालिका-४ सायास्थित स्वास्थ्यचौकीमा सिटामोललगायत कुनै पनि औषधी छैन । औषधि सकिएपछि स्वास्थ्यकर्मीहरू स्वास्थ्चौकी खोल्ने र बन्द गर्ने गरेरमात्र दिन बिताउन बाध्य छन् । स्वास्थ्यचौकीमा औषधि नभएपछि बिरामीसमेत त्यहाँ जान छोडेका छन् ।

स्वास्थ्यचौकीमा औषधिको अभाव भएपछि उपचार प्रभावित भएको । मौसमी ज्वरोका कारण गाउँमा अधिकांश बालबालिका र ज्येष्ठ नागरिक बिरामी परे पनि झण्डै २ महिनादेखि स्वास्थ्यचौकीमा औषधिको अभाव छ । स्वास्थ्यचौकीमा उपचार गर्न जाँदा रित्तोहात फर्कनुपरेपछि जान छोडिएको स्थानीय मंगला विकले बताइन् । 'त्यहाँ गएर के गर्ने ? ,' उनले भनिन्, 'स्वास्थ्यकर्मीले चेकजाँच गर्छन् अनि औषधि किन्न मेडिकलमा पठाउँछन्, त्योभन्दा मेडिकलमै जचाएको बेस ।' उनले गाउँमा मेडिकल नहुँदा औषधि किन्न गाउँपालिकाको केन्द्र सर्केगाड जानुपर्ने बाध्यता भएको बताइन् ।

यसअघि स्वास्थ्यचौकीमा दैनिक १५ देखि २० जनासम्म बिरामी उपचार गर्न जाने गरेका थिए । अनमी बिजौरा शाहीले गाउँभरि विभिन्न रोगका बिरामी बढ्दै गए पनि औषधिको अभाव हुँदा उपचार गर्न समस्या भएको बताए । उनले गाउँपालिकाले औषधि खरिदमा कुनै ध्यान नदिएको गुनासो गरिन् । 'सबैभन्दा बढी बिरामीहरूलाई सिटामोल दिन्थ्यौं,' उनले भने, 'अहिले त्यो पनि नभएपछि स्थानीयबासी उपचारबाट वञ्चित छन् ।' उनका अनुसार गाउँमा टाउको दुख्ने, ज्वरो आउने, शरिर दुख्नेलगायत स्वास्थ्य समस्याका बिरामी घरघरै छन् । उनले हिमपातपछि ज्येष्ठ नागरिकमा दमको समस्या देखिन थालेको बताए ।

स्वास्थ्यचौकीका अहेव धर्मराज शाहीले औषधि अभाव हुँदा बिरामीको गाली खानु परेको सुनाए । 'औषधि त छैन, तर स्वास्थ्यचौकी खौल्नैपऱ्यो,' उनले भने, 'दिनभरि स्वास्थ्यचौकी खोलेर दिन कटाउनुपर्ने बाध्यता छ ।' उनले औषधि खरिदको व्यवस्था मिलाउन गाउँपालिकालाई पटकपटक आग्रह गरे पनि बेवास्ता भएको गुनासो गरे ।

हुम्लाका अधिकांश स्वास्थ्यचौकीमा औषधि अभाव देखिएको नाम्खा-६ का वडाध्यक्ष पाल्जोर तामाङले बताए । हिउँदका ६ महिना हिउँले लिमीको बाटो बन्द हुँदा लिमीमा सधैं औषधिको अभाव हुने उनले गुनासो गरे । 'कुनैबेला औषधि हुँदैन, कुनैबेला स्वास्थ्यकर्मी,' उनले भने, 'अहिले कोही बिरामी परे हेलिकोप्टर चार्टरको विकल्प छैन ।' उनका अनुसार लिमीबाट नेपालगन्ज र सुर्खेत हेलिकोप्टर चार्टर गरेबापत कम्पनीहरूले झन्डै १० लाख रुपैयाँसम्म लिने गरेका छन् ।

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

प्रकाशित मितिः २०७८/०९/२९

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

तपसिलः

सम्बन्धित कार्यालय : शाखा, वाह्रवीसे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
०१	चक्रबहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	२०१५/३३०३९ २०४२/१२/२९	शेर बहादुर	जितबहादुर	कुखुरा पालन	२४५,३८६.७३	१४४,९३१.५९	३९०,३१८.३२	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शेर बहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	७४६/१६९	२०४४/११/१० सि.पा.	जित बहादुर तामाङ	जुद्धवीर तामाङ

२	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	राजु कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	१६४५६/१००६४२ २०५७/०४/३०	जय बहादूर कार्की	टेक बहादूर कार्की	सरल कृषिकर्जा	७०००००	२५४५२१.२७	९५४५२१.२७	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जय बहादुर कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	५०९/१७९	२०४०/०६/०४ सि.पा.	टेक बहादुर कार्की	कटक बहादुर कार्की

३	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	संख बहादूर तामाङ	राम्चे ३, सिन्धुपाल्चोक	४१५/४३०६ २०३७/११/०५	तिरी तामाङ	मंगल सिं तामाङ	कुखुरा पालन	४८७,८००.००	४७८,३७२.२३	९६६,१७२.२३	

४	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	शिव प्रसाद तिम्सिना	राम्चे ८, सिन्धुपाल्चोक	३१५३/४/६५८९ २०४४/१२/२२	भूमिनन्द तिम्सिना	छविलाल	सरल कृषिकर्जा	२९७१५६.७६	१९१४९६.४३	४८८६५३.१९	

५	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	हर्कमान तामाङ	मानेश्वांरा ८, सिन्धुपाल्चोक	२५४०/५९१ २०४४/११/१२	गोपीलाल	गरुले	घरायसी	२१७,०००.०	१०३,२७७.३२	३२०,२७७.३२	

६	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	डिल बहादुर थापा	मांखा ९, सिन्धुपाल्चोक	७३७/५२१ २०४६/०३/१९	जित बहादुर	कूल बहादुर	व्यापार	६००,०००.	२५०,०७२.७०	८५०,०७२.७०	

७	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	पत्रे ढुङ्गा खानी उधोग	तातोपानी २, सिन्धुपाल्चोक	१०६९७२/०६९/०७०-३०३८६१६८८	कम्पनी रजिष्ट्रारको कार्यालय	२०६९/०७/१५	उद्योग	८९८,८६८.	७५५,५१४.०७	१,६५४,३८२.०७	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो.यूक्तबहादूर पौडेल	तातोपानी २, सिन्धुपाल्चोक	९३/९३५५८	२०६१/०२/२४ सिन्धूपाल्चोक	रामबहादूर	मित्रलाल

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
चित्र बहादुर माझी	फुल्पिङकोट-४, सिन्धुपाल्चोक	८७७६२	२०५४/१०/०८ सि.पा.	रत्न बहादूर माझी	जूल बहादूर

८	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	न्यू सिन्धू खाद्य स्टोर	मांखा १, सिन्धुपाल्चोक	१३३१/०७०/०७१ ३०४९८००३१ २०७०/०९/१४२०६८/०४/०५	१३३१/०७०/०७१-३०४९८००३१	बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा.का.सि.पा	२०७०/९/१४	१,३९७,५१५.३९	१,९५४,१११.८०	३,३५१,६२७.१९	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो. रोशन कुमार श्रेष्ठ	मांखा १, सिन्धुपाल्चोक	८१/६६०२५	२०५१/०२/२२ सिन्धूपाल्चोक	सिताराम श्रेष्ठ	मान बहादूर श्रेष्ठ

सम्बन्धीत कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२८ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
१	श्री सुनौला खिम्ती कन्सट्रक्सन प्रा.लि.	का.म.न.पा.-२९, ठमेल	२११४/०४२- ३०००५५६४९	कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डा	२०४२/०५/०४	बैक जमानत दावी कर्जा	रु.१,४६,६५,९३५/-	३८,४०,४२४.९०/-	रु.१,८५,०६,३५९.९०/-	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
१.श्री रामहरी थापा	घम्थाङ-७, सिन्धुपाल्चोक	७७३८१	सिन्धुपाल्चोक, २०५२/१२/२६	खड्ग विक्रम थापा	हरि बहादुर थापा
२.श्री भुवन श्रेष्ठ	बैरेनी-९, धादिङ्ग	२६१८२८-०४९/५०	धादिङ्ग, २०४९/१२/१५	अष्टलाल श्रेष्ठ	कृणलाल श्रेष्ठ
३. श्री धर्मराज भण्डारी	पेट्कु-९, सिन्धुपाल्चोक	३८००	सिन्धुपाल्चोक, २०४६/१२/१४	पहलमान भण्डारी	मकरध्वज भण्डारी
४.श्री नविन राउत	मर्मिङ्ग-९, सिन्धुपाल्चोक	१८००/७९०५४	सिन्धुपाल्चोक, २०५३/०४/१५	मिन बहादुर राउत	-
धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु /पति	बाजे
१.शान्ती थापा	छम्पी-५, ललितपुर	५/७६४	ललितपुर, २०४६/०२/०५	पहलमान सिं भण्डारी/रामहरी थापा क्षेत्री	मकरध्वज भण्डारी

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं ।

मझगाउँ विमानस्थल स्तरोन्नति सुरु

तीन वर्षभित्र काम सक्ने गरी ४५ करोड ६६ लाखमा ठेक्का सम्झौता

भवानी भट्ट (कञ्चनपुर)

कञ्चनपुरको महेन्द्रनगरस्थित मझगाउँ विमानस्थल स्तरोन्नतिको काम सुरु भएको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आलेले बुधबार विमानस्थल स्तरोन्नतिको शिलान्यास गरे।

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको साँझेदारीमा विमानस्थलको स्तरोन्नति गरिन लागेको छ। रन वेसहित पार्किङ एरिया र ट्याक्सी वे निर्माणका लागि कान्छाराम/केएस/उमा एन्ड कम्पनी जेभीका नाममा ४५ करोड ६६ लाखमा तीन वर्षभित्र काम सक्ने गरिन ठेक्का सम्झौता भएको छ।

जसमध्ये दोधारा चाँदनी नगरपालिकाले १० प्रतिशत, भीमदत्त नगरपालिकाले १५ प्रतिशत, सुदूरपश्चिम प्रदेश सरकारले २५ प्रतिशत र संघीय सरकारले ५० प्रतिशत बजेट उपलब्ध गराउनुपर्ने त्रिपक्षीय साँझेदारी भएको हो। सोहीअनुसार भीमदत्त र दोधारा चाँदनी नगरपालिका तथा सुदूरपश्चिम प्रदेश सरकारले १२ करोड रकम नागरिक उड्डयन प्राधिकरणलाई बुझाइसकेका छन्।

६६ बिघा जमिन रहेको विमानस्थलको लम्बाइ १६ सय ६५ मिटर छ। अहिले १५ सय २५ मिटरमा रन वेको निर्माण गरिन लागेको हो। थप ८ बिघा जमिन अधिग्रहण गरेर २४१ मिटर लम्बाइ बढाउन सकिने विभानस्थल सञ्चालनका लागि गठित सहयोग समितिका संयोजक रमेश चन्दले बताए। विमानस्थल सञ्चालनका लागि उक्त समितिले तीन वर्षदेखि नियमित रूपमा दबाबमूलक कार्यक्रमहरू गर्दै आएको थियो।

'विमानस्थल स्तरोन्नतिका लागि थप कामहरू पनि तत्काल सुरु गरिनेछ,' शिलान्यास कार्यक्रममा बोल्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री आलेले भने, 'यसको रन वे २२ सय मिटर पुऱ्याउने गरी काम अगाडि बढ्नेछ।' उनले विमानस्थलसम्मको चार लेनको पहुँच मार्ग निर्माणका लागि पनि प्राधिकरणलाई आवश्यक निर्देशन दिएको बताए।

कञ्चनपुरको मझगाउँ विमानस्थल स्तरोन्नतिको बुधबार शिलान्यास गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आले। *तस्विर : भवानी/कान्तिपुर*

मन्त्री आलेले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पर्यटक भित्र्याउनसमेत विमानस्थल अत्यावश्यक रहेको औंल्याए। निकुञ्जको प्रमुख आकर्षण बाह्रसिंगा, पाटे बाघ, हात्ती र गैंडा लगायत वनयजन्तु हेर्न ठुलो संख्यामा पर्यटक भित्र्याउन सकिने उनले बताए। 'महाकाली करिडोर निर्माणाधीन अवस्थामा छ, यसका लागि समेत विमानस्थलको महत्त्व अझ बढेको छ,' उनले भने, 'महाकाली करिडोरबाटै पर्यटकहरूलाई कैलाश मानसरोवरसम्म पुऱ्याउन सकिन्छ।'

२०३० देखि हवाई सेवा सुरु भएको यो विमानस्थल सशस्त्र द्वन्द्वका बेला २०५६ मा सुरक्षाको कारण देखाउँदै बन्द गरिएको थियो। बन्द भएको २२ वर्षपछि स्तरोन्नतिको काम सुरु हुँदा स्थानीय निकै हर्षित भएका छन्। स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनका बेला विमानस्थल सञ्चालनको मुद्दा प्रमुख चुनावी एजेन्डा बनेको थियो। सोहीअनुसार जनप्रतिनिधिहरूले समेत यसका लागि विभिन्न माध्यमबाट पहल गर्दै आएका थिए।

पहिलो चरणमा रनवे सुधारसँगै पार्किङ र ट्याक्सी वेको काम गरिनेछ। दोस्रो चरणमा टर्मिनल भवन, कन्ट्रोल टावर र सुरक्षा भवन लगायतका अन्य पूर्वाधार निर्माणको काम सुरु गरिने नागरिक उड्डयन प्राधिकरणका निर्देशकसमेत रहेका इन्जिनियरिङ विभाग प्रमुख मुरारी भण्डारीले बताए। 'यसका लागि पनि प्राधिकरणले छिट्टै प्रक्रिया अगाडि बढाउनेछ,' उनले भने, 'अहिले डिजाइन निर्माणदेखि लागत इस्टमेट आदीको काम भइरहेको छ।' उक्त काम पनि त्रिपक्षीय साझेदारीमा निर्माण हुनेछ। विभानस्थल निर्माणका लागि १ अर्ब बढी बजेट लाग्ने अनुमान गरिएको भण्डारीले बताए।

१५ सय २५ मिटर रनवे निर्माणका लागि थप जमिन अधिग्रहण गर्नुपर्ने आवश्यक नरहेको भण्डारीले बताए। तर रनवे बढाउन भने थप ५ बिघा जमिन अधिग्रहण गर्नुपर्ने देखिएको उनले बताए। विमानस्थल वरपर रहेका ठूला रूखहरू हटाउने र ठूला भवनहरू निर्माण हुन नदिनेतर्फ पनि स्थानीय तहले पहल गर्नुपर्ने नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक हंशराज पाण्डेयले बताए। 'भौतिक संरचना निर्माणले मात्रै हवाईजहाज चलाउन सकिँदैन, यसका लागि आकाश पनि सफा रहनुपर्छ,' उनले भने, 'विमास्थल वरपर रहेका अग्ला रूखहरू हटाउनेदेखि नयाँ अग्ला भवन निर्माणमा समेत रोक लगाइनुपर्छ।'

निर्माण कम्पनी कान्छाराम/केएस/उमा एण्ड कम्पनी जेभीका प्रतिनिधि पदम बहादुर गुरुङले सुरुमा विमास्थलको सरसफाइदेखि एरिया छुट्याउनेलगायतको काम गर्ने बताए। माघ पहिलो सातादेखि अन्य निर्माण कार्य सुरु हुने उनको भनाइ छ।

जुटे सामूहिक बाख्रापालनमा महिला

मेनुका ढुंगाना (सोकट, अछाम)

सदरमुकामबाट टाढाको सोकट बस्तीमा सामाजिक र आर्थिक काममा महिला नै अगाडी सर्छन्। कारण, अधिकांस पुरुषहरू कामको खाजीमा भारतका विभिन्न सहर पसेका छन्। गत वर्ष कोरोना संक्रमणले पुरुषहरू रोजगारी गुमाएर भारतबाट घर फर्के। त्यसले कतिपय परिवारको आम्दानी बन्द हुँदा घरखर्च जुटाउनसमेत समस्या भयो। कोरोनाका कारण रोजगारी गुमाएर पुरुषहरूको कमाइ बन्द भएको बेला चौरपाटी गाउपाँलिका–३ सोकटको उचापाथ्थरका महिलाहरूले सामूहिक बाख्रा पालन गर्ने योजना बनाए। तर, धेरै लगानी गर्न सक्ने अवस्था भने कसैको थिएन। महिलाहरू एकजुट भए। गाउँका महिला मिलेर मालिका नागरिक समाज गठन गरे। समूहकी अध्यक्ष तुलसी साउदका अनुसार उक्त समूहले कषि क्षेत्रमा काम गर्ने गरी प्रस्तावना तयार गरेर व्यवसाय दर्ता गरे।

गाउँपालिकामा प्रस्ताव लिएर जाँदा गाउपालिकाले ४ लाख अनुदान दिने निर्णय गऱ्यो। 'गाउँपालिकाबाट पनि सकरात्मक प्रतिक्रिया पायौं। ४ लाख दिन्छौं पनि भने। त्यसपछि हाम्रो वडामा लागु भएको मालिका विकास संघसँग सहकार्य गर्ने सोच बनायौं। हाम्रो योजना सुनेपछि उहाँहरूले पनि ८ लाखसम्म सहयोग गर्न सक्ने कुरा राखे,' तुलसीले भनिन्, 'गत वैशाखमा गाउँपालिकाको ४ लाख सहयोग, मालिका विकास संघको ८ लाख सहयोगले हामीले सुरु गर्ने भनेको योजना अगाडी बढ्यो।'

उनका अनुसार अहिले महिलाहरूले उचापाथर टोलमा ७० भन्दा बढी बाख्रा अटाउन सक्ने खोर बनाएका छन्। सुरुमा ६१ बाख्रा किनेको समूहकी सचिव निर्मला साउदले बताइन्। 'ती बाख्रा किनेपछि हामीले किनबेच गर्न सुरु गरिसकेका छौं। अहिले बैंकमा ८५ हजारभन्दा बढी जम्मा भएको छ। गाउँको समूहमा पनि बचत गरेका छौं' उनले भनिन्, 'गाउँको समूहबाट हाम्रा धेरै दिदीबहिनीले ऋण चलाएका छन्। पाँच/दश हजारको समस्या आउँदा अन्त कतै जानु पर्दैन्। महिलाहरूले समूहबाट नै लिने गरेका छौं। सस्तो ब्याजदरमा समूहबाट नै ऋण पाइन थालेपछि धेरै महिलाहरूलाई सहज भएको छ।'

सामूहिक व्यवसाय मात्र नभएर गाउँमा रहेका कुरीति, कुसंस्कारका विरुद्ध पनि सबै महिला एक भएर लागेको तुलसीको भनाइ छ। 'महिलाहरूको आर्थिक पाटो बलियो भयो भने कुसंस्कारका विरुद्ध बोल्ने आट पनि आउछ भन्ने लाग्छ। अहिले हामी सबै एकजुट भएका छौं,' उनले भनिन्।

आलोपालो गोठालो

समूहकी सदस्य झंकरा साउदका अनुसार समूहमा ३० जना महिला आबद्ध छन्। महिलाहरूले सुरु गरेको बाख्रा पालन व्यवसायका लागि पनि नियम बनाएका छन्। एक दिन दुई जना गोठालो जाने गर्छन्। यसो गर्दा एउटा महिलाको पालो महिनाको दुईपटक पर्छ। 'हामीले आलोपालो गोठालो जाने नियम बनाएका छौं। आफ्नो पालो कुन दिन आउँछ भन्ने सबैले याद गरेका हुन्छन्' झंकराले भनिन्, 'सामूहिक रूपमा यसरी व्यवसाय सुरु गर्न कठिन त छ नै। समहूका सबै सदस्यको मन मिल्नुपऱ्यो। कुरा र विचार मिल्नुपऱ्यो। सामूहिक रूपमा यसरी व्यवसाय सुरु गर्न कठिन त छ नै। अहिलेसम्म हाम्रो समूहका कुनै पनि महिला बीच तित्तता आएको छैन।' अहिले वरिपरिका गाउका मान्छेहरू पनि यसरी हामीले व्यवसाय गरेको देखेर हामी पनि गर्छौं भन्न थालेको उनले बताइन। व्यवसायलाई अझै बलियो बनाउन स्थानीय, केन्द्र र प्रदेश सरकारबाट अनुदानका लागि योजना बनाइ रहेको उनीहरूको भनाइ छ।

दुर्गमका महिलाहरूले सामूहिक व्यवसाय गर्ने योजना सुनाएपछि आफूहरू प्रभावित भएर सहयोग गरेको मालिका विकास संघ परिवर्तन परियोजनाका संयोजक रतन रावलले बताए। 'पुरुषहरू गाउँमा कोही छैनन्। सबै कामको खोजीमा भारतमा छन्। यहाँका महिलाले यसरी व्यावसायिक योजना बनाएको देख्दा खुसी लाग्यो। यसरी काम गर्ने समुदायका महिलालाई सबैले हौसला दिनुपर्छ।'

कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि. को ३५ दिने सूचना

प्रकाशित मितिः २०७८/०९/२९

यस बैंकबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउनयो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपसिलः

सम्बन्धित कार्यालय : शाखा, वाह्रवीसे

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
०१	चक्रबहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	२०१५/३३०३९ २०४२/१२/२९	शेर बहादुर	जितबहादुर	कुखुरा पालन	२४५,३८६.७३	१४४,९३१.५९	३९०,३१८.३२	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
शेर बहादुर तामाङ	थुम्पाखर ७, सिन्धुपाल्चोक	७४६/१६९	२०४४/११/१० सि.पा.	जित बहादुर तामाङ	जुद्धवीर तामाङ

२	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	राजु कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	१६४५६/१००६४२ २०५७/०४/३०	जय बहादूर कार्की	टेक बहादूर कार्की	सरल कृषिकर्जा	७०००००	२५४५२१.२७	९५४५२१.२७	

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
जय बहादुर कार्की	राम्चे ३ भट्टे, सिन्धुपाल्चोक	५०९/१७९	२०४०/०६/०४ सि.पा.	टेक बहादुर कार्की	कटक बहादुर कार्की

३	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	संख बहादूर तामाङ	राम्चे ३, सिन्धुपाल्चोक	४१५/४३०६ २०३७/११/०५	तिरी तामाङ	मंगल सिं तामाङ	कुखुरा पालन	४८७,८००.००	४७८,३७२.२३	९६६,१७२.२३	

४	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	शिव प्रसाद तिम्सिना	राम्चे ८, सिन्धुपाल्चोक	३१५३/४/६५८९ २०४४/१२/२२	भूमिनन्द तिम्सिना	छविलाल	सरल कृषिकर्जा	२९७१५६.७६	१९१४९६.४३	४८८६५३.१९	

५	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	हर्कमान तामाङ	मानेश्वांरा ८, सिन्धुपाल्चोक	२५४०/५९१ २०४४/११/१२	गोपीलाल	गरुले	घरायसी	२१७,०००.०	१०३,२७७.३२	३२०,२७७.३२	

६	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	ग्राहकको पिता/पतिको नाम	बाजेको नाम	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	डिल बहादुर थापा	मांखा ९, सिन्धुपाल्चोक	७३७/५२१ २०४६/०३/१९	जित बहादुर	कूल बहादुर	व्यापार	६००,०००.	२५०,०७२.७०	८५०,०७२.७०	

७	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	पत्रे ढुङगा खानी उधोग	तातोपानी २, सिन्धुपाल्चोक	१०६९७२/०६९/०७०-३०३८६१६८८	कम्पनी रजिष्ट्रारको कार्यालय	२०६९/०७/१५	उद्योग	८९८,८६८.	७५५,५१४.०७	१,६५४,३८२.०७	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो.यूक्तबहादूर पौडेल	तातोपानी २, सिन्धुपाल्चोक	९३/९३५५८	२०६१/०२/२४ सिन्धूपाल्चोक	रामबहादूर	मित्रलाल

धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
चित्र बहादुर माझी	फुल्पिङकोट-४, सिन्धुपाल्चोक	८७७६२	२०५४/१०/०८ सि.पा.	रत्न बहादूर माझी	जूल बहादूर

८	कर्जा ग्राहकको नाम	ठेगाना	नागरीकता नं.,जारी भएको जिल्ला र मिति	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	साँवा रकम रु.	मिति.२०७८/९/२४ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
	न्यू सिन्धू खाद्य स्टोर	मांखा १, सिन्धुपाल्चोक	१३३१/०७०/०७१ ३०४९८००३१ २०७०/०९/१४२०६८/०४/०५	१३३१/०७०/०७१-३०४९८००३१	बाणिज्य विभाग घरेलु तथा साना उद्योग विकास समिति शाखा.का.सि.पा	२०७०/९/१४	१,३९७,५१५.३९	१,९५४,१११.८०	३,३५१,६२७.१९	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
प्रो. रोशन कुमार श्रेष्ठ	मांखा १, सिन्धुपाल्चोक	८१/६६०२५	२०५१/०२/२२ सिन्धूपाल्चोक	सिताराम श्रेष्ठ	मान बहादूर श्रेष्ठ

सम्बन्धीत कार्यालय :– श्री कृषि विकास बैंक लि. शाखा, लगनखेल

क्र.सं.	कर्जा ग्राहकको नाम	ठेगाना	फर्मको दर्ता नं/ पान नं.	दर्ता भएको कार्यालय	दर्ता मिति	उद्देश्य	साँवा रकम रु.	मिति.२०७८/९/२८ सम्मको व्याज	जम्मा तिर्नु पर्ने रकम	कैफियत
१	श्री सुनौला खिम्ती कन्सट्रक्सन प्रा.लि.	का.म.न.पा.-२९, ठमेल	२११४/०४२- ३०००५५६४९	कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डा	२०४२/०५/०४	बैक जमानत दावी कर्जा	रु.१,४६,६५,९३५/-	३८,४०,४२४.९०/-	रु.१,८५,०६,३५९.९०/-	

प्रोप्राईटर/साझेदार/संचालकहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
१.श्री रामहरी थापा	घम्थाङ-७, सिन्धुपाल्चोक	७७३८१	सिन्धुपाल्चोक, २०५२/१२/२६	खड्ग विक्रम थापा	हरि बहादुर थापा
२.श्री भुवन श्रेष्ठ	बैरेनी-९, धादिङ्ग	२६१८२८-०४९/५०	धादिङ्ग, २०४९/१२/१५	अष्टलाल श्रेष्ठ	कृणलाल श्रेष्ठ
३. श्री धर्मराज भण्डारी	पेट्कु-९, सिन्धुपाल्चोक	३८००	सिन्धुपाल्चोक, २०४६/१२/१४	पहलमान भण्डारी	मकरध्वज भण्डारी
४.श्री नविन राउत	मर्मिङ्ग-९, सिन्धुपाल्चोक	१८००/७९०५४	सिन्धुपाल्चोक, २०५३/०४/१५	मिन बहादुर राउत	-
धितो मन्जुरीदिने/जमानतदिनेहरुको नामः	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु /पति	बाजे
१.शान्ती थापा	छम्पी-५, ललितपुर	५/७६४	ललितपुर, २०४६/०२/०५	पहलमान सिं भण्डारी/रामहरी थापा क्षेत्री	मकरध्वज भण्डारी

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय, काठमाण्डौं।